# कुमारगौरव महाकाव्यको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौं पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**दुर्गाकुमारी ढकाल**

क्याम्पस रोल नं. १३-२०६३

त्रि.वि. दर्ता नं. ६–१–१५-२३०-९८

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन


२०७१

# शोधनिर्देशकको मन्तव्य

प्रस्तुत **कुमारगौरव महाकाव्यको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा दुर्गाकुमारी ढकालले मेरो निर्देशनमा तयार गर्नुभएको हो । शोधपत्र तयारीका क्रममा सामग्रीसङ्कलनदेखि शोधपत्र लेखनकार्यसम्म शोधार्थीको अथक मिहिनेत र परिश्रम परेको छ । मिहिनेतपूर्वक तयार गरिएको प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७१/०५/३१

**डा. होमनाथ सापकोटा**
सहप्राध्यापक
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **कुमारगौरव महाकाव्यको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको पाठ्यांश परिपूर्तिका निम्ति तयार गरिएको हो । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सहप्राध्यापक डा. होमनाथ सापकोटाको निर्देशनमा तयार पारेकी हुँ । अध्ययनका क्रममा आफ्नो अत्यन्त कार्यव्यस्तताबाट पनि यथाशक्य समय उपलब्ध गराई आत्मीयतापूर्वक मलाई समुचित निर्देशन गर्नुभएकोमा सर्वप्रथम म शोधनिर्देशक आदरणीय गुरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति पनि म कृतज्ञता प्रकट गर्न चाहन्छु । साथै यस शोधपत्र तयारीका क्रममा अमूल्य सल्लाह, सुझाव दिएर सहयोग गर्नुहुने आदरणीय गुरु प्रा.डा. गणेशप्रसाद खरालज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्रीसङ्कलन गर्ने कामदेखि लिएर सोधपुछका क्रममा आफ्नो समय दिई पूर्ण सहयोग गर्नुहुने महाकवि *नारायणप्रसाद गौतम* तथा उहाँको परिवारप्रति म हार्दिक आभारी छु । लेखनकार्यका निम्ति सदैव हौसला, प्रेरणा एवम् प्रोत्साहन दिई सहयोग पुऱ्याउनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुहरू तथा वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा मलाई उत्साह, ऊर्जा प्रदान गर्ने मेरा मित्रहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा मलाई प्रेरणा दिने मेरा अभिभावक आमा, दिदी, भिनाजु, श्रीमान्, छोराप्रति पनि म आभारी छु । यसका अतिरिक्त यो शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूका साथै यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने 'निक द डिजाइनर'-नारायणगढका श्री दीपेन्द्रकुमार जोशी 'निक' र सुमिना जोशीज्यूहरूप्रति पनि म आभारी छु ।

अन्त्यमा, **कुमारगौरव महाकाव्यको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

_______________________

दुर्गाकुमारी ढकाल
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

मिति : २०७१।०५।३०

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार रहेको छ :

| | |
|---|---|
| अनु. | अनुवाद |
| क्र.सं. | क्रमसङ्ख्या |
| का.हि.वि. | काशी हिन्दू विश्वविद्यालय |
| डा. | डाक्टर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम सम्वत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक/सम्पादन |
| सा.प्र. | साझा प्रकाशन |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# विषय सूची


(क) शोध पत्रको स्वीकृति पत्र

(ख) शोध निर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन


## पहिलो परिच्छेद
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | शोधशीर्षक | २ |
| १.३ | शोधसमस्या | २ |
| १.४ | शोधको उद्देश्य | ३ |
| १.५ | पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.६ | शोधको औचित्य र महत्त्व | ५ |
| १.७ | शोधको क्षेत्र र सीमाङ्कन | ५ |
| १.८ | सामग्रीसङ्कलन र शोधविधि | ५ |
| १.९ | शोधपत्रको रूपरेखा | ५ |


## दोस्रो परिच्छेद
## महाकाव्यको सैद्धान्तिक स्वरूप


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | ७ |
| २.२ | महाकाव्यसम्बन्धी पूर्वीय मान्यता/धारणाहरू | ७ |
| २.३ | महाकाव्यसम्बन्धी पाश्चात्य धारणाहरू | १० |
| २.४ | पूर्वीय र पाश्चात्य महाकाव्यसम्बन्धी मान्यताहरूको तुलनात्मक समीक्षा | ११ |
| २.५ | महाकाव्यका आवश्यक तत्त्व/घटकहरू | १२ |
| २.५.१ | कथानक | १२ |
| २.५.२ | पात्र विधान/चरित्र | १३ |

२.५.३ देशकाल वातावरण (परिवेश) १३
२.५.४ विषयवस्तु १३
२.५.५ केन्द्रीय कथ्य १४
२.५.६ भाव विधान १४
२.५.७ उद्देश्य १५
२.५.८ सर्ग योजना १५
२.५.९ भाषाशैली १६
२.५.१० लयविधान/छन्द विधान १६
२.५.११ बिम्ब र प्रतीक १७
२.५.१२ अलङ्कार विधान १८
२.५.१३ रस विधान १८
२.६ निष्कर्ष १९

## तेस्रो परिच्छेद
## नेपाली महाकाव्यको विकासक्रम र महाकाव्यकार नारायणप्रसाद गौतम

३.१ विषयप्रवेश २०
३.२ नेपाली महाकाव्यको पूर्व आधुनिक युग सुरुदेखि-२००१ सम्म २०
३.२.१ नेपाली महाकाव्यको पूर्वआधुनिक युग : पूर्वार्द्ध (प्राथमिक काल) २१
३.२.२ नेपाली महाकाव्यको पूर्वआधुनिक युग : उत्तरार्द्ध (माध्यमिक काल) २१
३.२.३ नेपाली महाकाव्यको समसामयिक धारा र महाकाव्यकार नारायणप्रसाद गौतम २२
३.३ नेपाली महाकाव्यको आधुनिक काल २३
३.३.१ आधुनिक नेपाली महाकाव्यको पूर्वार्द्ध : प्रथम चरण (२००२-२०१६) २३
३.३.२.१ स्वच्छन्दतावादी महाकाव्य धारा २४
३.३.२.२ परिष्कारवादी महाकाव्य धारा २५
३.३.२ आधुनिक नेपाली महाकाव्यको उत्तरार्द्ध : द्वितीय चरण (२०१७-हालसम्म) २५
३.३.२.१ प्रगतिवादी महाकाव्य धारा २५
३.३.२.२ प्रयोगवादी महाकाव्य धारा २६
३.४ कवि नारायणप्रसाद गौतमको व्यक्तित्व र कृतित्व २६
३.४.१ व्यक्तित्व २७
३.४.१.१ साहित्यिक व्यक्तित्व २७

३.४.१.२ कवि व्यक्तित्व २७
३.४.१.३ कृतित्व अध्ययन २८
३.४.१.४ कविता र फुटकर कविता सिर्जना २८
३.४.१.५ महाकाव्य र महाकाव्यकारिता २९
३.५ नेपाली काव्यपरम्परामा नारायणप्रसाद गौतमको आगमन र विधागत योगदान २९
३.५.१ नेपाली काव्यपरम्परामा नारायणप्रसाद गौतमको आगमन २९
३.५.२ विधागत योगदान ३०
३.६ नारायणप्रसाद गौतमको काव्ययात्रा र चरण विभाजन ३०
३.६.१ नारायणप्रसाद गौतमको काव्ययात्रा ३०
३.६.१.१ चरण विभाजन ३१
३.६.१.२ पूर्वार्द्ध (प्रारम्भदेखि वि.सं २०६२ सम्म) ३१
३.६.१.३ उर्त्तरार्द्ध (वि.सं. २०६२ देखि हालसम्म) ३२
३.७ निष्कर्ष ३३


## चौथो परिच्छेद
## 'कुमारगौरव' महाकाव्यको कृतिपरक अध्ययन


४.१ पृष्ठभूमि ३४
४.२ संरचना ३४
४.३ कथासार ३५
४.४ कथानक ३६
४.४.१ आदिभाग (आरम्भ) ३६
४.४.२ सङ्घर्ष/विकास ३७
४.४.३ मध्यभाग ३७
४.४.४ अन्त्यभाग ३८
४.५ वस्तु-विश्लेषण ३८
४.५.१ गुरु-परम्पराप्रतिको मोह ३८
४.५.१.१ गुरु प्रशस्ति ३८
४.५.१.२ पूर्वीय गुरु महिमाप्रतिको आस्था ३९
४.५.१.३ खस्किँदो गुरु महिमाप्रतिको चिन्ता ३९
४.५.२ आध्यात्मिक चिन्तन ४०
४.५.३ धर्म-संस्कृतिप्रतिको मोह ४०
४.५.४ विसङ्गतिबोध ४०
४.५.४.१ सङ्कटग्रस्त अवस्था ४१

| | | | |
|---|---|---|---|
| | | ४.५.४.२ बिरानोपन र सङ्कटापन्न अवस्थाको अभिव्यक्ति | ४१ |
| | | ४.५.४.३ निराशा, उदासिनता र वितृष्णा | ४२ |
| | ४.५.५ | नारी सहधर्मिताको अभिव्यक्ति | ४२ |
| | ४.५.६ | सामूहिक सहयोगप्रति कृतज्ञता भाव | ४३ |
| | ४.५.७ | मानवताबोध | ४३ |
| | ४.५.८ | पति-पत्नी प्रणयभाव | ४४ |
| | ४.५.९ | प्रकृति चित्रण | ४५ |
| | ४.५.१० | लोकसाहित्यप्रति मोह | ४५ |
| | ४.५.११ | जातीयता बोध | ४५ |
| | ४.५.१२ | भौगोलिक विकटताको चित्रण | ४६ |
| ४.६ | चरित्रचित्रण | | ४६ |
| | ४.५.१ | कुमार | ४६ |
| | ४.५.२ | लक्ष्मी | ४७ |
| | ४.५.३ | सरस्वती | ४८ |
| | ४.५.४ | प्रेमबहादुर | ४९ |
| | ४.५.५ | जुलुममाया | ४९ |
| | ४.५.६ | कुलचन्द्र गौतम | ५० |
| | ४.५.७ | गङ्गाधर पराजुली | ५० |
| ४.७ | परिवेश/देशकाल | | ५१ |
| ४.८ | उद्देश्य | | ५२ |
| ४.९ | भाषाशैली | | ५३ |
| ४.१० | छन्द/लय | | ५६ |
| | ४.१०.१ | इन्द्रव्रजा छन्द | ५६ |
| | ४.१०.२ | मालिनी छन्द | ५६ |
| | ४.१०.३ | झ्याउरे छन्द | ५७ |
| | ४.१०.४ | शार्दूलविक्रीडित छन्द | ५७ |
| | ४.१०.५ | शिखरिणी छन्द | ५८ |
| | ४.१०.६ | वंशस्थ छन्द | ५८ |
| ४.११ | रस | | ५८ |
| | ४.११.१ | करुण रस | ५९ |
| | ४.११.२ | संयोग शृङ्गार | ५९ |
| | ४.११.३ | अद्भूत रस | ६० |
| | ४.११.४ | शान्त रस | ६० |

४.१२ अलङ्कार ६०

४.१२.१ उपमा अलङ्कार ६१

४.१२.२ रूपक अलङ्कार ६१

४.१२.३ वृत्यानुप्रास अलङ्कार ६१

४.१२.४ दृष्टान्त अलङ्कार ६२

४.१२.५ सन्देह अलङ्कार ६२

४.१२.६ उत्प्रेक्षा अलङ्कार ६२

४.१२.७ अन्त्यानुप्रास अलङ्कार ६३

४.१२.८ अतिशयोक्ति अलङ्कार ६३

४.१३ निष्कर्ष ६३

## पाँचौँ परिच्छेद
## निष्कर्ष

५.१ सारसङ्क्षेप ६५

५.२ समग्र मूल्याङ्कन र निष्कर्ष ६९

## सन्दर्भसूची

(क) पुस्तकसूची ७२

(ख) शोधग्रन्थसूची ७३

(ग) पत्रपत्रिकासूची ७४

# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषयपरिचय

नेपाली साहित्यमा कलम चलाउने नारायणप्रसाद गौतम एक कुशल साहित्यकार हुन् । तनहुँ र कास्कीका जनताको सामीप्यतामा रहेर आफ्नो लेखनकार्यलाई अगाडि बढाउने नारायणप्रसाद गौतम बहुमुखी प्रतिभाका धनी हुन् । उनले बढी मात्रामा कविता, काव्यकृतिहरू लेखेको पाइन्छ । उनी स्वच्छन्दतावादी र भावुक स्वभावका कवि हुन् । सामाजिक यथार्थका पक्षमा पनि कलम चलाउने गौतम अन्तर्मुखी स्वभावका देखिन्छन् । उनले वि.सं. २०२८ सालदेखि नै कविता लेखन सुरु गरेको पाइन्छ । अप्रकाशित पाण्डुलिपिका रूपमा थुप्रै कविता रहे तापनि हालसम्म उनका प्रकाशित कृतिहरू भने बाह्रवटा छन् । जुन निम्नानुसार छन् :

(क) **आजको मान्छे भेडो** (कवितासङ्ग्रह, २०५४)

(ख) **लयमा लोलिँदा** (निबन्धसङ्ग्रह, २०५५)

(ग) **पञ्चासेको परिचय** (प्रबन्ध, २०५८)

(घ) **नेपाली खण्डकाव्य सिद्धान्त र विवेचना** (समालोचना, २०६१)

(ङ) **साधारण नेपाली** (बि.एड. प्रथम वर्ष, सहलेखन, २०६१)

(च) **कुमारगौरव** (महाकाव्य, २०६२)

(छ) **नेपाली महाकाव्य सिद्धान्त र विवेचना** (समालोचना, २०६३)

(ज) **गौरीवल्लभ** (महाकाव्य, २०६५)

(झ) **रमेशचन्द्र** (महाकाव्य, २०६५)

(ञ) **अत्रिवंश परम्परा र भवानी गौतम** (२०६७)

(ट) **भवानी वैभव** (महाकाव्य, २०६८)

(ठ) **विसङ्गति** (खण्डकाव्य, २०६९)

यसप्रकारका कृतिहरू प्रकाशित भइसकेका गौतमको कलम सिर्जना र शोधका साथै अनुसन्धानमा पनि उत्तिकै क्रियाशील रहेको देखिन्छ । यिनी प्रतिभाका कारण अनुसन्धेय व्यक्तित्व हुन् । यिनको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धमा शोधकार्य भइसके तपानि यिनका काव्यकृतिहरूको हालसम्म अध्ययन हुन सकेको छैन । त्यसैले साहित्यकार नारायणप्रसाद गौतमको **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययन-विश्लेषण गर्न महाकाव्य र महाकाव्यकारलाई चयन गरिएको छ ।

## १.२ शोधशीर्षक

कविता विधाको बृहत् रूप सर्गबन्ध प्रबन्धकाव्य नै महाकाव्य हो । खण्डकाव्यभन्दा बृहत् र वृहत्तर महाकाव्यभन्दा सानो आयाम र आकार भएको युग जीवनको विराटता मानवीय भाव, चेतना तथा संवेदनाहरूको व्यापकतालाई कलात्मक रूपमा व्यक्ति सिर्जनाका माध्यमबाट सिर्जित कविताकलाको रूप नै महाकाव्य हो । महाकाव्यका सन्दर्भमा पूर्व र पश्चिमका आ-आफ्ना धारणाहरू छन् तथापि पूर्वमा भामह र विश्वनाथ तथा पश्चिममा अरस्तुका धारणाहरू विशेष उल्लेखनीय रहेका छन् ।

नेपालीमा महाकाव्यको आधुनिक युगको आरम्भ लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** (२००२) बाट सुरु भएको मानिन्छ । **शाकुन्तल** महाकाव्यको प्रकाशनबाट आधुनिक नेपाली महाकाव्यको प्रवर्तन भएपछि त्यसको विकासप्रक्रिया क्रमश: अगाडि बढ्दै आएको छ । आधुनिक नेपाली महाकाव्यकै परम्परामा २०६० को दशकमा नारायणप्रसाद गौतमद्वारा रचित **कुमारगौरव** महाकाव्य देखापरेको हो । प्रस्तुत शोधकार्य महाकाव्यकार नारायणप्रसाद गौतमको **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययनसँग सम्बन्धित छ । नेपाली साहित्य सिर्जनामा निरन्तर कलम चलाउँदै आइरहेका नारायणप्रसाद गौतमले वि.सं. २०२८ सालदेखि नै कविता यात्रा आरम्भ गरेका भए तापनि उनको प्रथम प्रकाशित कृति **आजको मान्छे भँडो** (कवितासङ्ग्रह, २०५४) प्रकाशनमा आएको देखिन्छ । कविताका क्षेत्रमा आफूलाई स्थापित गरिसकेका गौतम पूर्वीय वेदान्त दर्शनबाट प्रभावित अध्यात्मवादी लेखक हुन् ।

## १.३ शोधसमस्या

यस शोधपत्रमा नारायणप्रसाद गौतमद्वारा लिखित **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययन गरिएको छ । नेपाली साहित्यका विभिन्न क्षेत्रमा कलम चलाउने साहित्यकार

नारायणप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा अध्ययन भइसकेको भए तापनि उनको **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययन भएको छैन । प्रस्तुत अध्ययन महाकाव्यकार गौतमको **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययनको समस्यामा केन्द्रित छ ।

प्रस्तुत अनुसन्धानको शीर्षकसित सम्बन्धित समस्याहरू निम्न लिखित छन् –

(क) महाकाव्यको सैद्धान्तिक स्वरूप के-कस्तो छ ?

(ख) नेपाली महाकाव्यको विकासक्रममा महाकाव्यकार नारायणप्रसाद गौतमको स्थान के-कस्तो रहेको छ ?

(ग) महाकाव्यका तत्त्वहरूका आधारमा **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययन के-कसरी गर्न सकिन्छ ?

यिनै शोधसमस्यामा केन्द्रित रही प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ शोधको उद्देश्य

शोध शीर्षकसित सम्बद्ध समस्याको समाधान गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य हो । यस शोधकार्यका उद्देश्यहरूलाई निम्न लिखित रूपमा प्रस्तुत गरिएको छ –

(क) महाकाव्यको सैद्धान्तिक स्वरूप पहिचान गर्नु,

(ख) नेपाली महाकाव्यको विकासक्रमको अध्ययन गरी महाकाव्यकार नारायणप्रसाद गौतमको स्थान निर्धारण गर्नु,

(ग) महाकाव्यका तत्त्वहरूका आधारमा **कुमारगौरव** महाकाव्यको अध्ययन गर्नु,

यिनै उद्देश्य परिपूर्तिका दिशामा प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

नारायणप्रसाद गौतमको **कुमारगौरव** महाकाव्यको अध्ययन समीक्षा भएको छैन । केही भागमा भए पनि यस बारेमा टिप्पणीहरू भएका छन् । पूर्वाध्ययनका रूपमा त्यसको कालक्रमिक विवरण प्रस्तुत छ ।

ठाकुर पराजुली (२०६२) ले *शुभकामना* शीर्षकमा यो महाकाव्य कुमारबहादुर जोशीको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाएर लेखिएको कृति हो

भनेका छन् । यसमा उनले जोशीका जीवनमा भएका उथलपुथललाई सङ्केत गरेका छन् । शुभकामना मन्तव्य भएकाले यसमा उनले महाकाव्यको मुख्य पक्षलाई नकेलाई सामान्य परिचय मात्र दिएका छन् ।[१]

मोतीलाल पराजुली (२०६२) ले *शुभकामना सम्मति* शीर्षकमा यसलाई सुरु भक्तिपूर्ण महाकाव्यको संज्ञा दिएका छन् । कुमारबहादुर जोशीको प्रशंसा गर्दै आफू जलेर अरूलाई प्रकाश दिने मैनबत्तीजस्तो सङ्कटको अवस्थामा पनि आदर्श गुरुको भूमिका उनबाट निर्वाह भएको कुरा यसमा व्यक्त गरिएको छ । शुभकामना मन्तव्य भएकाले महाकाव्यको विश्लेषण यसमा भएको छैन ।[२]

हेमराज पाण्डे (२०६३) ले *कुमारगौरव* र *गुरुभक्ति* शीर्षकको लेखमा शारीरिक विक्षिप्तता एवम् आर्थिक अभावले गालेको मर्माहत अनुभव, भोगाइलाई केन्द्रबिन्दु बनाएर लेखिएको महाकाव्य हो भन्दै यसलाई गुरु अर्चनाको धरोहर हो भनेका छन् । महाकाव्यका केही पक्षका विशेषतालाई मात्र सङ्केत गरिएको यस लेखमा पनि महाकाव्यको गहन अध्ययन हुन सकेको छैन ।

रमा सापकोटा (२०६५) ले **नारायणप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको अप्रकाशित शोधपत्रमा पूर्वीय आदर्शमय गुरु-शिष्यका रूपमा **कुमारगौरव** महाकाव्य आएको कुरा उल्लेख गरेकी छिन् । यो महाकाव्य गुरुचरित्रको गरिमामय गाथा हो । आदर्श गुरुको महिमा गर्नुपर्दछ भन्नु नै यस महाकाव्यको तात्पर्य हो । यसरी गुरुको गुणगानलाई स्वीकार गर्न सकिए तापनि महाकाव्यको सम्पूर्ण पक्षलाई यसले समेट्न सकेको छैन ।

यसप्रकार महाकाव्यकार गौतमको **कुमारगौरव** महाकाव्यका बारेमा भएका पूर्वकार्यका सङ्क्षिप्त अवलोकनका आधारमा **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययन दिशामा प्रस्तुत शोधकार्य केन्द्रित छ ।

---

१ ठाकुर पराजुली, *शुभकामना,* **कुमारगौरव**, नारायणप्रसाद गौतम, (तनहुँ : स्वयम्, २०६२), पृ. ऋ-लृ ।

२ मोतीलाल पराजुली, *शुभकामना सम्मति,* **कुमारगौरव**, नारायणप्रसाद गौतम, (तनहुँ : स्वयम्, २०६२), पृ लृ-ए ।

## १.६ शोधको औचित्य र महत्त्व

प्रस्तुत शोधपत्रका माध्यमबाट **कुमारगौरव** महाकाव्यलाई समग्र रूपमा चिनाउने प्रयास गरिएको छ । गुरुभक्तिपूर्ण महाकाव्यका रूपमा **कुमारगौरव** महाकाव्यको कृतिपरक महत्त्व र यसका विशेषतागत प्राप्तिलाई अगाडि ल्याइएको छ । गुरुलाई कसरी आदर र सम्मान गर्नुपर्दछ भन्ने कुरालाई बुझ्नका लागि पनि यसल सघाउ पुऱ्याउने छ । यस महाकाव्यको काव्यात्मक महत्त्व बुझ्नका लागि यसको अध्ययन महत्त्वपूर्ण देखिन्छ । आफ्नै गुरुलाई महाकाव्यका नायकको रूपमा चित्रण गरिएकाले पनि यस महाकाव्यको अध्ययन विश्लेषण यसको स्थान निर्धारण महत्त्वपूर्ण हुन आएको छ ।

## १.७ शोधको क्षेत्र र सीमाङ्कन

नेपाली महाकाव्यका प्राय: सबै विधामा कलम चलाइसकेका नारायणप्रसाद गौतमले फुटकर कवितादेखि लिएर खण्डकाव्य हुँदै महाकाव्यसम्मको यात्रा गरेका छन् । गौतमले निबन्ध र समालोचनामा पनि कलम चलाएको देखिन्छ । तर प्रस्तुत अध्ययन चाहिँ **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययनमा सीमित छ ।

## १.८ सामग्रीसङ्कलन र शोधविधि

यस शोधपत्रको सामग्री सङ्कलनमा लेखक नारायणप्रसाद गौतमसँग सम्पर्क, पुस्तकालयीय विधिको उपयोग, शोधसँग सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकाको अध्ययन गरी तथ्य सङ्कलन गरिएको छ । महाकाव्य सिद्धान्त र विधातत्त्वका आधारमा **कुमारगौरव** महाकाव्यको अध्ययन विश्लेषण गरिएको छ । आवश्यक मात्रामा पूर्वीय काव्यशास्त्रीय विधातत्त्वगत मापदण्डलाई पनि विश्लेषणमा उपयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्न लिखित परिच्छेद विभाजन गरिएको छ –

**(१) पहिलो परिच्छेद : शोधपरिचय**

यस परिच्छेदमा शोधपरिचय, शोधप्रयोजन, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमाङ्कन, सामग्रीसङ्कलन विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएका छन् ।

**(२) दोस्रो परिच्छेद : महाकाव्यको सैद्धान्तिक स्वरूप**

यस परिच्छेदमा महाकाव्यसम्बन्धी पूर्वीय, पाश्चात्य मान्यताका आलोकमा महाकाव्यको स्वरूप निर्धारण, महाकाव्य संरचनाका आवश्यक तत्त्वहरूको पहिचान प्रस्तुत गरिएको छ ।

**(३) तेस्रो परिच्छेद : नेपाली महाकाव्यको विकासक्रम र महाकाव्यकार नारायणप्रसाद गौतम**

यस परिच्छेदमा नेपाली महाकाव्यको विकासक्रमका विभिन्न चरण, धाराको साथै कवि गौतममा काव्यकृतिहरूको लेखनक्रममा पार गरेका विभिन्न चरण, चरणात्मक प्रवृत्ति र महाकाव्यकारका प्रवृत्तिहरूको बारेमा अध्ययन गरिएको छ ।

**(४) चौथो परिच्छेद : 'कुमारगौरव' महाकाव्यको कृतिपरक अध्ययन**

यस परिच्छेदमा कथावस्तु, कथ्य विश्लेषण, संरचना, चरित्र-परिवेश, उद्देश्य, भाषाशैली, रस र अलङ्कार विधानका आधारमा **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययन गरिएको छ ।

**(५) पाँचौँ परिच्छेद : उपसंहार**

यस परिच्छेदमा साहित्यकार नारायणप्रसाद गौतमको **कुमारगौरव** महाकाव्यको कृतिपरक अध्ययनको सन्दर्भमा विगतका परिच्छेदहरूमा गरिएका अध्ययन-विश्लेषणको अध्यायगत सारांश, उनका प्रवृत्तिगत विशेषताका आधारमा समग्र मूल्याङ्कन गरी समग्र निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# महाकाव्यको सैद्धान्तिक स्वरूप

## २.१ विषय प्रवेश

कविताको वृहत् र वृहत्तर रूप महाकाव्य हो । महान् र काव्य दुईशब्द मिलेर बनेको यसको शाब्दिक अर्थ ठूलो र विशाल काव्य हो । कविताको यस वृहत् रूप महाकाव्य लेखनको यात्रा सुरु भएको तीनहजार वर्ष भइसकेको छ । यो साहित्यका प्राचीनतम विधाहरूमध्येको एक हो । पूर्वमा वाल्मीकिको **रामायण**, व्यासकृत **महाभारत** र पश्चिममा ग्रीकका महाकवि होमरका **इलियड** र **ओडेसी** विश्व साहित्यका प्राचीनतम महाकाव्य कृतिहरू हुन् । महाकाव्यका बारेमा पूर्वमा भामह (छैटौँ शताब्दी) देखि विश्वनाथसम्म र पश्चिममा अरस्तुदेखि समसामयिक पुस्तासम्मका साहित्य चिन्तकहरूले आ-आफ्ना धारणाहरू व्यक्त गरेका छन् ।

## २.२ महाकाव्यसम्बन्धी पूर्वीय मान्यता

पूर्वमा अग्निपुराणमा दोषरहित गुणले युक्त सङ्क्षेपमा इष्ट अर्थ व्यक्त गर्ने अलङ्कृत पदावली नै काव्य हो[३] भनेर काव्यका बारेमा चर्चा गरिएको छ तर महाकाव्यका सम्बन्धमा चाहिँ भामह (छैटौँ शताब्दी) ले नै सर्वप्रथम आफ्नो विचार व्यक्त गरेका हुन् । भामहका अनुसार महाकाव्य महान् (पात्र-चरित्र) हरूका महत् अर्थ (विस्तृत विषयवस्तुगत कथानक) को सर्गबद्ध शिष्ट शब्दार्थयुक्त र अलङ्कृत पद्य अभिव्यक्ति हो ।[४] भामह पूर्वीपरम्पराका प्रथम महाकाव्य चिन्तक हुन् ।

भामहको परिभाषालाई समेट्दै र महाकाव्यको स्थूल लक्षणहरूमा जोड दिँदै सातौँ शताब्दीका विद्वान् दण्डीले आफ्नो लक्षणग्रन्थ काव्यादर्शमा महाकाव्यका बारेमा आफ्ना मान्यताहरू राखेका छन् । दण्डीका अनुसार महाकाव्य सर्गबद्ध, आरम्भमा वस्तुनिर्देश,

---

३ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. ३ ।

४ महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, (काठमाडौँ : इन्टलेकच्युअलस बुक प्यालेस, २०६४), पृ. १५ ।

आशीर्वाद वा नमस्कार हुनुपर्दछ, कथावस्तु ख्यात वा इतिहासप्रसिद्ध हुनुपर्दछ र सदाश्रयी हुनुपर्छ, चतुर्वर्ग फलप्राप्ति, सहनायकको अभ्युदय, परिवेश चित्रणअन्तर्गत शैलवर्णन, समुद्रवर्णन, ऋतुवर्णन, सूर्य-चन्द्रोदय वर्णन, नगरवर्णन, उद्यानवर्णन, ललित-क्रीडावर्णन, मधुपान, उत्सववर्णन, मन्त्रणा, विवाह, कुमारको उदय आदिको वर्णन भएको अलङ्कृत र संयुक्त सङ्क्षिप्त र सन्धियुक्त भिन्न कथानक रहेको काव्य महाकाव्य हो ।[५]

भामहभन्दा केही अघि बढेको दण्डीको धारणामा निम्नलिखित थप कुराहरू प्राप्त गर्न सकिन्छ –

(क) कथावस्तुको स्रोत

(ख) उदात्त र सहनायक

(ग) चतुर्वर्ग फलप्राप्ति

(घ) व्यापक परिवेश

(ङ) व्यापक परिवेश

(च) आरम्भमा वस्तुनिर्देश, आशीर्वाद वा नमस्कार

पूर्वमा दण्डीपछि महाकाव्यसम्बन्धी चिन्तन प्रस्तुत गर्ने रुद्रट (आठौँ शताब्दी) को नाम पनि विशेष उल्लेखनीय छ । उनले आफ्नो कृति **काव्यालङ्कार**मा महाकाव्यसम्बन्धी चर्चा गर्दै काव्यलाई लघु र महान् गरी दुई भेद गरेका छन् । महान्अन्तर्गत महाकाव्य लिएर यसमा चतुर्वर्ग (धर्म, अर्थ, काम र मोक्ष) को चित्रण र समग्र रस वा अनेक रस हुनुपर्ने धारणा राखेका छन् भनी गोविन्दराम खनालको आफ्नो अप्रकाशित शोधपत्रमा भनेका छन् ।[६]

त्यसपछि आनन्दवर्धन (नवौँ शताब्दी) ले आफ्नो **ध्वन्यालोक ग्रन्थ**मा र ध्वन्यालोकको टीका लेख्ने अभिनव गुप्त (दसौँ शताब्दी) ले पद्यकाव्यका जुन दस प्रभेद देखाएका छन् तीमध्ये नवौँ प्रभेद सकलकथामा **ललित महाकाव्य** र दसौँ प्रभेद सर्गबन्धमा **आर्ष महाकाव्य**का लक्षणको निर्देश सूत्रात्मक रूपमा गरेको छनक मिल्छ । तर यी दुवै विद्वान्हरूले महाकाव्यका थप लक्षणहरू भने बताएका छैनन् ।[७]

पूर्वीय संस्कृति परम्पराका अर्का उल्लेख्य काव्यचिन्तक हुन् आचार्य विश्वनाथ (चौधौँ शताब्दी) । उनले आफ्नो साहित्यदर्पणमा भामहले भन्दा छगुणा र दण्डीले भन्दा २ गुणा

---

५ पूर्ववत्, पृ. १७ ।

६ गोविन्दराम खनाल, **चिसो चुल्हो महाकाव्यको सङ्क्षिप्त अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५४), पृ. ८ ।

७ महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, पूर्ववत्, पृ. १९ ।

विस्तारमा महाकाव्यसम्बन्धी आफ्नो धारणा राखेका छन् । उनका अनुसार महाकाव्य सर्गबद्ध हुन्छ । यसमा धीरोदात्त गुण भएको देवता वा कुनै कुलीन क्षेत्रीय नायक हुन्छ । एक वंशमा जन्मेको तर कुलीन र सज्जन राजाहरू पनि नायक हुन सक्छन् । अर्थात् महाकाव्य एक नायक वा बहुनायक दुवै किसिमको हुनसक्छ । शृङ्गार, वीर र शान्तमध्ये कुनै एक रस प्रधान हुन्छ र अन्य रसहरू पनि यथास्थान अङ्गरूपमा अभिव्यक्त हुन्छन् । यसमा नाटकका पञ्चसन्धिहरूको उचित विन्यास हुन्छ । यसको विषयवस्तु इतिहासबाट लिइएको हुन्छ । यसमा धर्म, अर्थ, काम र मोक्ष यी चारको प्रतिपादन हुन्छ र कुनै एकको सिद्धि यसको लक्षण हुन्छ । यसको आरम्भमा नमस्कारात्मक, आशीर्वादात्मक वा वस्तुनिर्देशात्मक मङ्गलाचरण गरिएको हुन्छ । सर्गभरि एउटा छन्द र सर्गको आखिरीमा अर्को छन्दको प्रयोग हुन्छ । सर्गहरू आठभन्दा बढी हुन्छन् र ती ज्यादा लामा पनि हुँदैनन् र ज्यादा छोटा पनि हुँदैनन् । कुनै एक सर्गमा विभिन्न छन्दहरूको प्रयोग हुन्छ । सर्गको अन्त्यमा आगामी सर्गको घटनाको सङ्केत गरिएको हुन्छ । प्रणय, सन्ध्या, सूर्य, चन्द्र, रात्रि, प्रदोष, अन्धकार, दिन, प्रभात, मध्यान्ह, सिकार, पर्वत, ऋतु, वन, समुद्र, सम्भोग, विप्रलम्भ शृङ्गार, भूमि, स्वर्ग, नगर, मार्गयुद्ध, अभियान पुत्रजन्म आदिको यथोचित रूपले वर्णन गरिएको हुन्छ । यसको नामकरण कवि, विषयवस्तु, नायक वा अन्य कुनै चरित्रको नामको आधारमा गरिएको हुन्छ । प्रत्येक सर्गको नाम यसभित्रका विषयवस्तुका आधारमा राखिएको हुन्छ भनी उमा खरेलले आफ्नो अप्रकाशित शोधपत्रमा भनेकी छन् ।[८]

यसरी महाकाव्यसम्बन्धी पूर्वीय मान्यताहरूलाई हेर्दा अग्निपुराणमा वर्णित काव्यसम्बन्धी चर्चा भामहसम्म आइपुग्दा काव्यको अलग स्वरूपका रूपमा महाकाव्यलाई चिनाउन खोजिएको पाइन्छ ।

भामहदेखि विश्वनाथसम्म महाकाव्यका परिभाषालाई हेर्दा भामह र दण्डीको परिभाषा आर्ष महाकालतर्फ बढी झुकेको पाइन्छ भने विश्वनाथको परिभाषा **ललित महाकाव्य**तर्फ उन्मुख देखिन्छ ।

पूर्वमा महाकाव्य चिन्तकका रूपमा भामह, रुद्रट, दण्डी र विश्वनाथको नाम विशेष उल्लेख्य छ । महाकाव्यका बारेमा अति सङ्क्षिप्त र सारयुक्त भामहको परिभाषामा पाइन्छ भने भामहपछि महाकाव्यसम्बन्धी विस्तृत परिभाषा दिने आचार्यमा विश्वनाथ रहेका छन् ।

पूर्वीय साहित्यका विद्वान्हरूका अनेक परिभाषालाई एकीकृत गरेर भन्नुपर्दा उच्च कुलीन नायक र उच्च घरानकी नायिका तथा प्रतिनायक र आवश्यकताअनुसार अन्य पात्रलाई लिएर उत्पाद्य विषयवस्तुमा आठ वा आठभन्दा बढी सर्ग, अनेक छन्द, आशीर्वाद, नमस्कार वा

८ उमा खरेल, **शाकुन्तल महाकाव्यको समाजशास्त्रीय अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, पद्मकन्या क्याम्पस, २०५२), पृ. २७ ।

वस्तुनिर्देशमूलक आरम्भ शृङ्गार, शान्त र वीररसमध्ये कुनै एक रस प्रमुख र अन्य रस गौण हुने गरी गुण, अलङ्कारले युक्त विभिन्न वर्णनहरूले (उद्यानवर्णन, शैलवर्णन, चन्द्र-सूर्योदय वर्णन), सुसज्जित कविताको वृहत् रूप नै महाकाव्य हो ।

## २.३ महाकाव्यसम्बन्धी पाश्चात्य धारणाहरू

पाश्चात्य महाकाव्यको इतिहास लगभग तीनहजार (३०००) वर्ष पुरानो मानिन्छ । हुन त होमरलाई पश्चिममा आदि-महाकवि मानिन्छ तर पनि पश्चिमी महाकाव्य चिन्तन परम्पराको ठोस सूत्रपात प्राचीन ग्रीसमा अरस्तुको **काव्यशास्त्र**बाट थालिएको हो ।[९] अरस्तुका अनुसार एउटै छन्दमा कथात्मक ढाँचा अँगाली उच्चतर कोटिका व्यक्तिहरूको चरित्र वर्णन गरिने अनेक घटनाको उचित समावेशद्वारा घनत्व र गरिमाले समृद्ध लामो विधा महाकाव्य हो ।[१०]

सी.एम. बाबराका अनुसार युद्धजस्तो महत्त्वपूर्ण कार्यको चित्रण गर्ने केही लामो समाख्यानात्मक काव्य विधा महाकाव्य हो । यो आनन्दप्रद हुन्छ, साथै मनुष्यका उपलब्धी, गरिमा र विश्वासोत्पादक हुन्छ भनी उमा खरेलको शोधग्रन्थमा भनिएको छ ।[११]

आई.टी. मेयर्सका अनुसार महाकाव्यको नायक उच्च एवम् उदान्त गुणयुक्त र सद्भावले पूर्ण हुनुपर्दछ भनी गोविन्दराम खनालले आफ्नो शोधग्रन्थमा भनेका छन् ।[१२]

यसरी पश्चिमी परिभाषालाई नियाल्दा महाकाव्य पद्धबद्ध, एक छन्दयुक्त, आख्यानात्मक लामो कविताको रूप हो । यसले एउटै नायकमा केन्द्रित रही वीररस प्रवाहरूपमा युगको प्रतिबिम्बलाई प्रतिबिम्बित गरेको हुन्छ ।

महाकाव्यका बारेमा महाकवि लक्ष्मीप्रसाद देवकोटा भन्दछन् - 'सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता उपन्यास महाकाव्य हो ।'[१३]

बालकृष्ण समले - 'संलग्न रूपले लेखिएको धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो' भनेका छन् ।[१४]

---

९ वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता** (भाग ४), तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. ७५ ।

१० उमा खरेल, **शाकुन्तल महाकाव्यको समाजशास्त्रीय अध्ययन**, पूर्ववत्, पृ. २८ ।

११ पूर्ववत्, पृ. २९ ।

१२ गोविन्दराज खनाल, **चिसो चुल्हो महाकाव्यको सङ्क्षिप्त अध्ययन**, पूर्ववत्, पृ. ११ ।

१३ लक्ष्मीप्रसाद देवकोटा, **सुलोचना**, *भूमिका,* आठौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०६४), पृ. ५५ ।

१४ ऐजन ।

त्यस्तै महाकाव्यका बारेमा वासुदेव त्रिपाठीले भनेका छन् - 'महाकाव्य कविता विधाको त्यस्तो विशाल उपलब्धी हो, यसमा साङ्गितिक महाप्रभावका रूपमा कवित्वको प्राधान्य रहने गरी आख्यानका माध्यमबाट समग्र जीवन-जगत्‌को विस्तृत कथन सर्गबद्ध वृहत् भाषिक संरचनाद्वारा गरिन्छ ।'[१५]

## २.४ पूर्वीय र पाश्चात्य महाकाव्यसम्बन्धी मान्यताहरूको तुलनात्मक समीक्षा

पूर्व र पश्चिमका महाकाव्यसम्बन्धी मान्यताहरूमा कथानक, नायक र पात्रका सम्बन्धमा प्राय: समानता रहेको भेटिन्छ भने पूर्वमा छन्द विविधता, सर्गान्तमा छन्द परिवर्तन गर्नुपर्ने, शृङ्गार, वीर र शान्तमध्ये कुनै एक रस प्रमुख पक्षमाथि बढी जोड दिएको पाइन्छ । पश्चिममा चाहिँ एउटै छन्दप्रवाह र वीररसमा (प्राय:) लेखिनुपर्दछ भन्ने सङ्केत मिल्दछ । पश्चिममा पूर्वका विश्वनाथले जस्तै विविध परिवेशलाई समेट्ने चेष्टा गरेको पाइँदैन ।

पूर्वमा चतुर्वर्ग फलप्राप्ति, मन्त्रदल नायकाभ्युदय जस्ता पक्षलाई लक्षित गरिएको छ तर पश्चिममा भने त्यस्तो कुनै सङ्केत पाइँदैन ।

यसरी पूर्वीय र पश्चिमी महाकाव्यगत मान्यताहरूलाई तुलना गरेर निष्कर्षमा के भन्न सकिन्छ भने महाकाव्य प्रसिद्ध कथानकलाई लिएर छन्दोबद्ध, आलङ्कारिक रूपमा विविध परिवेशलाई समेटेर कथानकको उचित विन्यास र पञ्च सन्धि समन्वित गरी लेखिएको वृहत् वा वृहत्तर कविताकृतिलाई महाकाव्य भनिन्छ ।

महाकाव्यसम्बन्धी अन्य धारणाहरूमा भारतीय विद्वान् विश्वम्भर 'भानव' ले महाकाव्यलाई प्रान्तीय कथा, इतिहास, पुराण आदिमाथि आधारित कथावस्तु भएको संस्कृतिको सन्देशबाहक कृतिका रूपमा परिभाषित गरेका छन् ।[१६]

अर्का विद्वान् भागीरथ मिश्रले महाकाव्यमा कल्पना र संयम् प्रबल रूपमा हुन्छ । त्यसभित्र नवनिर्माणको चेतनाका साथै अन्य कुराहरू सूक्ष्म रूपमा निरीक्षण गर्ने क्षमता हुन्छ भनेका छन् ।[१७]

**प्रयोगात्मक नेपाली शब्दकोश**मा - '(महा+काव्य) प्राय: प्रसिद्ध कथामा आधारित आठभन्दा बढी सर्ग हुने विविध छन्द वा शैलीमा लेखिएको जीवनको महत्त्वपूर्ण पक्षलाई प्रकाश पार्ने कवित्वपूर्ण रचना, लामो काव्य वृहत् काव्य हो ।'[१८]

---

१५ महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, पूर्ववत्, पृ. ५३ ।

१६ कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ५६ ।

१७ वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता** (भाग ४), तेस्रो संस्क., पूर्ववत्, पृ. ६९ ।

१८ हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश**, प्रथम संस्क., (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि., कमलपोखरी, २०६१), पृ. ७९१ ।

## २.५ महाकाव्यका तत्त्व

पूर्वीय आचार्य भामह दण्डी, रुद्रट र विश्वनाथका परिभाषाहरूलाई केलाउँदा महाकाव्यका आवश्यक तत्त्वहरू निम्न लिखित हुन आउँछन्[१९] –

(क) कथानक

(ख) चरित्र

(ग) भाषाशैली

(घ) वर्णन परिवेश

पश्चिममा आचार्य अरस्तुले गीत र दृश्य विधानलाई पनि महाकाव्यको आवश्यक तत्त्व मानेका छन् ।[२०]

### २.५.१ कथानक

महाकाव्य एक प्रबन्ध काव्य हो । प्रबन्ध काव्यलाई आवश्यक पर्ने प्रबन्धगत तत्त्वहरूमध्ये कथानक आवश्यक छ । पूर्वीय र पाश्चात्य दुवै जगत्का आचार्य तथा विद्वान्हरूले महाकाव्यका निम्ति कथानकलाई अनिवार्य तत्त्वका रूपमा लिएका छन् ।

पूर्वीय धारणाअनुसार महाकाव्यको कथावस्तु ऐतिहासिक, पौराणिक तथा कविकल्पितमध्ये कुनै एक हुनुपर्दछ । स्वर्गदेखि धर्तीसम्मका विविध प्रवृत्ति स्थान समय र चक्रको वर्णन पनि आवश्यक मानिन्छ । महाकाव्यको प्रारम्भ मङ्गलाचरणद्वारा भई पञ्चसन्धिले समन्वित कथानक हुनुपर्दछ भन्ने पूर्वीय मान्यता छ ।[२१] महाकाव्य कथावस्तु आधिकारिक र प्रासङ्गिक दुई किसिमका हुन्छन् ।

पाश्चात्य मान्यताअनुसार ऐतिहासिक, दन्त्यकथात्मक तथा जीवनको सत्यकथामा आधारिक कुनै पनि घटनायुक्त कथानक महाकाव्यका निम्ति आवश्यक छ । यसमा एकान्विति, पूर्णता, सम्भाव्यता, सहज विकास, कौतूहलता र साधरणीकरणजस्ता गुणहरूले परिपूर्ण कथानक हुनुपर्दछ ।[२२]

अचेल साहित्यका कतिपय विधामा कथानक हीनता वा क्षीण कथानकताको स्थिति पाइए तापनि महाकाव्यका निम्ति भने कथानक अनिवार्य तत्त्व मानिन्छ ।

---

१९ गोविन्दराज खनाल, **चिसो चुल्हो महाकाव्यको सङ्क्षिप्त अध्ययन**, पूर्ववत्, पृ. १५ ।

२० वासुदेव त्रिपाठी, **पाश्चात्य स.सै. परम्परा भाग १**, तृतीय संस्क., काठमाडौं, २०५०, पृ. ८४ । ।

२१ कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ५९-६० ।

२२ ऐजन ।

## २.५.२ पात्र विधान

चरित्र वा नायक भन्नाले महाकाव्यका मुख्य चरित्र भन्ने बुझिन्छ । पूर्वीय मान्यताअनुसार महाकाव्यको नायक उत्तम कूलको धीरोदात्त हुनुपर्दछ भनिएको छ । महाकाव्यको नायक समस्त पाठकवर्गमा खास प्रभाव पार्न सक्ने खालको हुनुपर्दछ अर्थात् प्रतिनायकलाई विजय गर्नसक्ने गम्भीर, पराक्रमी, धैर्यवान्, आत्मप्रशंसा नगर्ने, मर्यादापालक, प्रभावशाली व्यक्तित्व हुन आवश्यक मानिन्छ । तर आजको सन्दर्भमा यथार्थ जनजीवनको प्रतिनिधित्व गर्नसक्ने प्रभावकारी सामाजिक सतपात्रहरू पनि आवश्यकता अनुसार महाकाव्यको पात्र (नायक) हुन सक्छन् ।

## २.५.३ देशकाल–परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूले कार्य व्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ ।[२३]

पूर्वीय धारणाअनुरूप महाकाव्यमा ऐतिहासिक, पौराणिक र कविकल्पित कथावस्तु हुने हुँदा त्यसलाई महाकाव्यको यात्रामा गहनपूर्वक हिँडाउन देशकाल-परिवेश पनि जीवन-जगत्को विविध युग, संस्कृति र वातावरण वहन गर्नसक्ने खालको हुनुपर्दछ ।[२४] देशकाल वातावरणले कथावस्तुको घटना घट्ने स्थान, समय र परिवेशलाई जनाउँछ । यसले घटित घटनाका रूपमा कथावस्तुलाई जीवन्त वा सशक्त तुल्याउँदछ । घटना कहाँ, कहिले र कसरी भयो भन्ने कुरालाई परिवेशले जनाउँदछ भने देशले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न प्रभावलाई जनाउँदछ । समग्रमा भन्नुपर्दा महाकाव्यका आवश्यक तत्त्वहरूमध्ये देशकाल-परिवेश पनि एक महत्त्वपूर्ण घटक वा तत्त्व मानिन्छ ।

## २.५.४ विषयवस्तु

कुनै पनि कृतिको बाह्य प्रकाशनको सारभूत अंश सारतत्त्व भएजस्तै आन्तरिक तत्त्व (गुदीलाई) विषयवस्तु भनिन्छ ।[२५] महाकाव्य कविताको वृहत् उपविधात्मक रूप भएकोले पनि यसमा निश्चित निर्णयात्मक विषयवस्तु हुने गर्दछ । महाकाव्यको विषयवस्तु यसको बीज-विचार वा प्रमुख भाव हो । कविलाई जीवन भोगाइमा जुन कुरा वा वस्तुको उत्प्रेरित गर्दछ

---

२३ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६०), पृ. ९१ ।

२४ कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ६० ।

२५ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पूर्ववत्, पृ. ७७ ।

त्यसै विषयमा उनले काव्य सिर्जना गर्दछन् । महाकाव्यलाई सशक्त, जीवन्त हृदयस्पर्शी बनाउनका लागि उपयुक्त ढङ्गले सचेततापूर्वक गरिनुपर्दछ । यसरी विषयवस्तु पनि महाकाव्यको प्रमुख घटक वा तत्त्व मानिन्छ ।

### २.५.५ केन्द्रीय भाव

कविले आफ्नो कृतिको माध्यमबाट पाठकसामु कुनै न कुनै मुख्य विचार सम्प्रेषण गर्ने प्रयास गरेका हुन्छन् । यसरी कृतिले बोकेको त्यो मुख्य विचारलाई नै केन्द्रीय कथ्य मानिन्छ ।[२६] महाकाव्यमा यस्तो केन्द्रीय भाव कवि स्वयम्ले प्रस्तुत गर्न पनि सक्छन् अर्थात् कुनै पात्रका माध्यमबाट भन्न लगाउँछन् । यसरी केन्द्रीय कथ्यलाई पनि महाकाव्यको आवश्यक तत्त्व मान्न सकिन्छ ।

### २.५.६ भाव विधान

कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ ।[२७] महाकाव्य साहित्यको अनुभूतिप्रधान कवितात्मक उपविधा हो । भाव अनुभूतिको एउटा माध्यम हो । कविको अनुभूति व्यक्त गरेको आख्यानले निश्चित संरचनाभित्र जीवन-जगत्को समग्रतालाई व्यक्त गर्दछ । जीवन-जगत्लाई प्रस्तुत गर्दा वस्तुता र विचारलाई जति अँगाले पनि भावपक्षलाई मुख्य रूपमा लिनुनैपर्ने हुन्छ ।[२८] भावलाई सिङ्गो कविता विधाकै आन्तरिक प्राणतत्त्व नै मानिन्छ । विभिन्न रस एवम् भावतत्त्वको प्रमुखता हुने भएकोले नै महाकाव्य जीवन्त बन्दछ । भाव भएको काव्य नै प्राणवान् हुन्छ । कविका विराट् अनुभूतिहरूको प्रस्तुति महाकाव्यमा नै हुने भएकाले विराट् अनुभूतिको प्रस्तुतीकरण भावमूलक हुनु अपरिहार्य छ । भाव नभएको कविता काव्य सुष्क वृक्षजस्तै हो । जसरी सुकेको वृक्षले शीतलता प्रदान गर्न सक्दैन त्यस्तै प्रकारले भावविहीन काव्यको पनि पाठक वा स्रोतालाई काव्यानन्द दिन सक्दैन । हरित वृक्षले शीतलता दिएजस्तै रसभावपूर्ण काव्यले पनि पाठक वा काव्यका पारखीहरूलाई परमानन्द प्रदान गर्दछ ।[२९] यसकारण कविता कव्यमा भावतत्त्व अपरिहार्य छ । कविको मनोभाव नै काव्यको माध्यमबाट अभिव्यक्त हुने हुँदा महाकाव्यमा भावतत्त्व प्रमुख घटक मानिन्छ ।

---

२६ लक्ष्मी पाण्डे, **कवि खेचरनाथ नेपालको नलदमयन्ती खण्डकाव्यको विश्लेषणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली केन्द्रीय विभाग, ......), पृ. २७ ।

२७ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पूर्ववत्, पृ. ७७ ।

२८ वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता** (भाग ४), तेस्रो संस्क., पूर्ववत्, पृ. ८९ ।

२९ नारायणप्रसाद गौतम, पूर्ववत्, पृ. ३८ ।

### २.५.७ उद्देश्य

कुनै पनि साहित्य लेखिनुको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । अर्थात् लेखकीय विचार वा केन्द्रीय कथ्य नै उद्देश्य हो । महाकाव्य लेखिनुको पछाडि पनि उदात्त जीवन-जगत्को चित्रण गर्ने महान् उद्देश्य रहेको हुन्छ । पूर्वीय मान्यताअनुसार धर्म, अर्थ, काम र मोक्षमध्ये कुनै एकको फल प्राप्ति गर्ने उद्देश्य रहेको पाइन्छ ।[३०] पश्चिममा भने महाकाव्यको उद्देश्यका बारेमा खासै उल्लेख भएको पाइँदैन तर पनि महाकाव्य रचना भइसकेपछि त्यसमा कुनै न कुनै उद्देश्य निहित हुन्छ । अर्थात् उद्देश्यमूलक साहित्यको नै पाठकवर्गमा उत्साह प्रवाह गर्नसक्छ । त्यसैले महाकाव्य सिर्जनाको उद्देश्य प्राप्ति त्यसका वस्तु, सहभागीहरू लगायत अन्य घटकहरूको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । काव्य लेखनको उद्देश्य वा प्रयोजनका बारेमा धेरै पहिलादेखि नै पूर्व र पश्चिममा विशेष महत्त्वका साथ चर्चा गरिएको पाइन्छ । पूर्वीय काव्य प्रयोजन लेखक र पाठक दुवैका कोणबाट अभिव्यक्त भएका देखिन्छन् । कीर्तिका माध्यमबाट पनि पाठकवर्गमा आनन्दानुभूति, रसानुभूति प्रमुख प्रयोजन मानिन्छन् भने पश्चिममा पनि काव्यप्रयोजन लेखक र पाठक दुवैका कोणबाट गरिएको पाइन्छ । जसमा लेखकका दृष्टिबाट आनन्द प्राप्ति, नीतिसापेक्ष आनन्द तथा पाठकका दृष्टिबाट आनन्द, लोकमङ्गल र शिक्षा प्रमुख प्रयोजन मानिन्छन् ।[३१]

पूर्व र पश्चिम दुवैतिरको अध्ययन गरी समग्रमा भन्नुपर्दा मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण र यथार्थको प्रकटीकरण कविता-काव्य लेखनका उद्देश्य देखिन्छन् । महाकाव्य कविताको उपविधात्मक वृहत् रूप भएकाले यसका माध्यमबाट कविले दिन खोजेको सन्देश वा जीवनदृष्टि काव्य परिपाकमय रससिद्धिले युक्त र पूर्ण भावविधानमा अभिव्यञ्जित भई सम्पूर्ण महाकाव्यका माध्यमबाट पाठकसामु प्रकटीकरण हुनसक्नु नै यथार्थतः महाकाव्यको उद्देश्य प्राप्ति हुनु हो । यसैले उद्देश्य महाकाव्यको आधारभूत तत्त्व हो ।

### २.५.८ सर्ग योजना

कविताको वृहत् रूप महाकाव्यका निम्ति सर्ग योजना अत्यावश्यक ठानिन्छ । महाकाव्यमा आठभन्दा बढी सर्ग हुनुपर्दछ । सर्गान्तमा छन्द परिवर्तन, आगामी सर्गको सङ्केत एक सर्गमा एउटै छन्द हुनुपर्दछ भन्ने पूर्वीय मान्यता रहेको छ तर पनि पश्चिममा यति नै सर्ग हुनुपर्ने भन्ने ठोस मान्यता भेटाउन सकिँदैन । हुन त पूर्वमा पनि यति नै सर्ग हुनुपर्दछ भन्ने अनिवार्यता पाइँदैन तर अठभन्दा बढी भन्ने नियम भएकाले महाकाव्यको आवश्यकता र स्वाभाविकतानुसार वाञ्छित सर्गको उपयोग गर्नु उचित हुन्छ । यसरी सर्ग योजना महाकाव्य रचनाको आधारमा पृष्ठ, श्लोक, भाग विभाजनसहित सुव्यवस्थित संरचनात्मक प्रबन्ध

---

३० पूर्ववत्, पृ. ३९ ।

३१ खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ९५ ।

विधानको आवश्यकता पर्दछ र यो सर्ग योजना सिद्धिमा निर्भर हुने गर्दछ । यसैले महाकाव्यमा अनुभूति र आख्यानलाई व्यवस्थित रूपमा संरचित गर्न सर्ग योजना आवश्यक भएकाले यसलाई प्रमुख घटक तत्त्वको रूपमा लिइन्छ ।[३२]

## २.५.९ भाषाशैली

भाषा कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । हरेक कृतिको साहित्यिक संरचना भएजस्तै भाषा संरचना पनि हुन्छ र यस संरचनाभित्र ध्वनि व्यवस्था, शब्द व्यवस्था, व्याकरण व्यवस्था र अर्थ व्यवस्था पर्दछन् । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाका माध्यमबाटै गरिन्छ तर कविता विधाको भाषा र गद्यविधाको भाषामा भिन्नता हुन्छ । कविता विशिष्ट शब्दावलीयुक्त कलात्मक अभिव्यक्ति भएकाले यसको भाषा कलात्मक, लयात्मक, रागात्मकजस्ता विशिष्ट अभिलक्षणले युक्त हुन्छन् । कविताको भाषा अभिधेयार्थभन्दा लाक्षणिक एवम् व्यञ्जनात्मक, साङ्केतिक र प्रतीकात्मक हुन्छ ।[३३] भाषाका सामान्य लोकोपयोगी भाषा र साहित्यिक भाषा गरी दुई रूप मानिन्छन् । अझ कविताको भाषा भावोपयोगी भाषा हो । समग्रमा कविताको भाषा लयात्मक, कलात्मक, रागात्मक, आलङ्कारिक, ध्वन्यात्मक, लक्षणात्मक, व्यञ्जनात्मक हुनुपर्दछ भने कविताकै उपविधा भएकाले भाषा पनि उल्लेखित अभिलक्षणले युक्त हुनुपर्दछ । यसकारण भाषा पनि महाकाव्यको प्रमुख घटक हो ।

भाषा र शैलीका बीचमा पनि अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । लेखकले आफ्नो भाव वा विचारलाई पाठकसामु अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई नै शैली भनिन्छ । यसरी कृतिको संरचनाका सन्दर्भबाट हेर्दा साहित्यका सबै विधालाई भाषाशैली अपरिहार्य तत्त्व वा घटक मानिन्छ । भाषाशैलीले नै भाव वा विचारलाई विशिष्टता प्रदान गर्ने कार्य गर्दछ ।

## २.५.१० लयविधान/छन्दविधान

यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूपलाई छन्द भनिन्छ ।[३४] साहित्यका अरू विधाबाट कविता काव्यलाई व्यतिरेकी बनाउने प्रमुख तत्त्व छन्द वा लय हो । महाकाव्य पनि कविता विधाकै एक उपविधा भएकाले लयबद्धता हुनु आवश्यक छ । साहित्यका अन्य विधामा प्रयुक्त लय सामान्य लय हो भने कविता काव्यमा प्रयुक्त लय विशिष्ट लय हो । यसै विशिष्ट लयका कारणले महाकाव्य

---

३२ ऐजन, पृ. ९६ ।

३३ पूर्ववत्, पृ. २९ ।

३४ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पूर्ववत्, पृ. १०७ ।

गेयात्मक हुन्छ र स्रोतावर्गमा श्रुतिसुख हुन्छ ।[३५] यसैले पूर्व र पश्चिमका विद्वान्हरूले महाकाव्य छन्दोबद्ध वा लयात्मक हुनुपर्दछ भन्ने कुरामा जोड दिएका छन् । महाकाव्यमा विभिन्न लय र छन्दको प्रयोग गरिन्छ । यसमा शास्त्रीय छन्दअन्तर्गत वर्णमात्रिक छन्द र मात्रिक तथा लोकछन्दअन्तर्गत झ्याउरे गीति, मुक्त छन्दको प्रयोग गरिन्छ । महाकाव्यका विभिन्न सर्गमा विभिन्न छन्द वा लय प्रयोग गरेको पाइन्छ । एउटै सर्गमा एउटै छन्द र सर्गान्तमा छन्द परिवर्तन गर्ने पूर्वीय मान्यता रहेको छ । पाश्चात्य आचार्य अरस्तुले एउटै षड्पदी वीरछन्दको प्रयोग गर्ने कुरा बताएका छन् । तापनि भावअनुकूल छन्द प्रयोग गरेमा राम्रो मानिन्छ ।[३६] त्यसकारण छन्द वा लय पनि अनिवार्य तत्त्व हो ।

### २.५.११ बिम्ब र प्रतीक

बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँ हो । महाकाव्यमा यस्तो छायाँ बसाउने माध्यम शब्दचित्र हुन्छ । शब्दका माध्यमबाट स्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान घटना वा पात्रको यथार्थ सादृश्य छायाँ पारिदिन पद्धतिलाई बिम्ब विधान भनिन्छ ।[३७] कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्र नै बिम्ब हो । यसर्थ बिम्ब कवि कल्पनाको प्रतीक मात्र नभई पाठकका अनुभूतिको व्यञ्जना पनि हो । महाकाव्यलाई जीवन्तता प्रदान गर्ने प्रमुख साधन वा तत्त्व बिम्ब भएकाले कविता वा महाकाव्यको एउटा महत्त्वपूर्ण संरचक घटकका रूपमा बिम्बलाई लिन सकिन्छ । यसले महाकाव्यलाई विशिष्ट तुल्याउन विशिष्ट भूमिका खेलेको हुन्छ ।

कुनै अनुपस्थित वस्तुलाई बुझाउन उभ्याइने उपस्थित वस्तु नै प्रतीक हो । समान गुढाका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनुलाई प्रतीक भनिन्छ ।[३८] व्यापक अर्थमा कुनै चित्रलाई सङ्केतित गर्ने जुनसुकै वस्तुलाई प्रतीक भनिन्छ । साहित्यमा कुनै वस्तु वा घटनालाई सङ्केतित गर्ने शब्द वा पद-समूहका लागि मात्र प्रतीक शब्दको प्रयोग गरिन्छ । काव्यलाई जीवन्त तुल्याउन प्रतीकले महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रतीकका माध्यमबाट थोरै शब्दमा धेरै कुरा भन्न सकिने सामर्थ्य प्राप्त हुन्छ । खासगरी प्रतीकलाई परम्परित र नवनिर्मित गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।[३९]

---

३५ ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना**, **प्रमुख मान्यता, वाद र प्रणाली**, (काठमाडौं : साझा प्रकाशन, २०५१), पृ. ४७ ।

३६ नारायणप्रसाद गौतम, पूर्ववत्, पृ. ४० ।

३७ पूर्ववत्, पृ. ४१ ।

३८ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, **नेपाली बृहत् शब्दकोश,** पूर्ववत्, पृ. ३१ ।

३९ खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १३५ ।

यसरी कवितामा प्रयुक्त प्रतीकहरूको पहिचानबिना कविताको गहन अध्ययन र विश्लेषण गर्न कठिन हुने भएकाले पनि प्रतीकलाई कविताको एउटा मुख्य संरचक घटक मानिन्छ । यसैले महाकाव्य कविताकै वृहत् रूप भएकाले प्रतीकलाई महाकाव्यको अभिन्न घटक, तत्त्व मानिन्छ ।

## २.५.१२ अलङ्कार विधान

अलङ्कारको शाब्दिक अर्थ गहना वा आभूषण हो । कविता काव्यमा अलङ्कारको विशिष्ट भूमिका रहन्छ । काव्यको शोभा, सौन्दर्य वा शोभा नै अलङ्कार हो । अर्थात् अलङ्कारले काव्यलाई चमत्कृत, सौन्दर्यपूर्ण र आकर्षक तुल्याउँछ । महाकाव्यको अति आवश्यक संरचक घटक अलङ्कार पनि हो । अलङ्कार सम्प्रदायका संस्थापक भामहले ‘शब्द र अर्थको वैचित्र्य वा वक्रोति नै अलङ्कार हो[४०] भनेका छन् । त्यसैगरी दण्डीले पनि अलङ्कारको महत्त्वलाई काव्यमा यसरी दर्शाएका छन् - ‘काव्यको शोभा बढाउने धर्म अलङ्कार हो ।’[४१] यसरी पूर्व र पश्चिम एवम् नेपाली साहित्यमा समेत अलङ्कारबारेमा चर्चा गरिए तापनि उदाहरणका रूपमा पूर्वीय आचार्यहरूको मतलाई उल्लेख गरिएको छ । कवितामा लय उत्पादन गर्न अलङ्कारले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भने कविताका सबै उपविधामा यसको अपरिहार्यता स्वीकार गरिएको छ ।

अलङ्कार मुख्य गरी दुई किसिमका हुन्छन्[४२] - (क) शब्दालङ्कार र (ख) अर्थालङ्कार । यसरी शब्द-अर्थका माध्यमबाट काव्यमा विशेष सौन्दय, शोभा वा चमत्कार उत्पन्न गर्ने साधन नै अलङ्कार भएकाले यो महाकाव्यको प्रमुख आवश्यक तत्त्व हो ।

## २.५.१३ रस विधान

काव्यबाट साधारणीकृत भावको सम्प्रेषण हुन्छ त्यसबाट मनमा स्फुटित हुने रागात्मक अनुभूतिलाई रस भनिन्छ । अर्थात् काव्य-सौन्दर्यबाट प्राप्त आनन्द र त्यसको आस्वादनलाई साहित्यको रस भनिन्छ । यो पदार्थ र आयुर्वेदको रसजस्तो भौतिक नभएर मोक्ष वा भक्तिको रसजस्तो आत्मीक हुन्छ । भौतिक रसको आस्वादन जिब्रोले गर्छ भने साहित्यिक रसको आस्वादन मन वा आत्माले गर्छ ।[४३] रस सम्प्रदाय पूर्वीय साहित्य-शास्त्रका क्षेत्रमा देखापरेको

---

४० भामह, **काव्यालङ्कार**, उद्धृत, ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय र पाश्चात्य समालोचना**, दोस्रो संस्क., (काठमाडौं : साझा प्रकाशन, २०५३), पृ. १११ ।

४१ ऐजन ।

४२ ऐजन, पृ. १११ ।

४३ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. ४० ।

महत्त्वपूर्ण साहित्य सिद्धान्त हो । रस सम्प्रदायका प्रथम आचार्य भरतले आफ्नो नाट्यशास्त्रमा विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट रसको निष्पत्ति हुन्छ भनेका छन् ।[४४] यसरी पूर्वीय काव्यशास्त्रमा रसको सर्वोपरी महिमा छ । कविताको वृहत् रूप महाकाव्य रसतत्त्वको महासागर नै हो । पूर्वीय मान्यताअनुसार रसतत्त्वलाई महाकाव्यको प्राणतत्त्वका रूपमा लिइएको पाइन्छ । महाकाव्यको लेखनमा शान्त, वीर र शृङ्गारमध्ये एक अङ्गीरस हुनुपर्ने कठोर आग्रह पूर्वमा छ भने पश्चिममा अरस्तुले महाकाव्यमा करुण रस हुनुपर्दछ भन्ने आशय झल्काएको देखिन्छ । तर आजको सन्दर्भमा भने महाकाव्यमा रसबिना नै लेख्न सकिन्छ भन्ने देखिन्छ ।[४५] खासगरी पाठकलाई काव्यमा केन्द्रीकृत गरी रसानुभूति गराउने रस महाकाव्यका निम्ति एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ ।

## २.६ निष्कर्ष

यसरी निष्कर्षमा कविताको वृहत् रूप महाकाव्यका सन्दर्भमा पूर्वीय एवम् पाश्चात्य आचार्यहरूको आ-आफ्नै किसिमबाट परिभाषित गरेका छन् । त्यसैगरी महाकाव्यका संरचक घटक, तत्त्वहरूले महाकाव्यलाई पूर्ण, जीवन्त र स्वनिष्ठ संरचना प्रदान गर्दछन् । साहित्यको विकासको क्रममा देखापरेका विभिन्न समयका विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमबाट महाकाव्यका आधारभूत अङ्गका रूपमा कथानक, पात्र, परिवेश, विषयवस्तु, केन्द्रीय कथ्य, उद्देश्य, भाव, लय, छन्द, बिम्ब र प्रतीक, अलङ्कार, सर्ग, रस, भाषाशैलीलाई लिन सकिन्छ । त्यसैले महाकाव्यलाई अस्तित्व प्रदान गर्ने समग्र संरचक घटकहरूको उपयुक्त समायोजन नै महाकाव्यका संरचनात्मक वैशिष्ट्य हो ।

---

४४ पूर्ववत्, पृ. ४१ ।

४५ कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ६१ ।

# तेस्रो परिच्छेद

# नेपाली महाकाव्यको विकासक्रम र महाकाव्यकार नारायणप्रसाद गौतम

## ३.१ विषयप्रवेश

नेपाली भाषाको जन्म एघारौँ शताब्दीमा भए तापनि महाकाव्य लेखनकार्य भने अठारौँ शताब्दीपछि मात्रै भएको पाइन्छ । नेपाली भाषामा लेखिएको पहिलो महाकाव्य कृति वि.सं. १८७० तिर रचना गरिएको **पृथ्वीन्द्रोदय** हो भने पहिलो आधुनिक महाकाव्य कृति **शाकुन्तल** हो । वि.सं. २००२ लाई आधारबिन्दु मानेर **शाकुन्तल**भन्दा अगाडिको समयलाई नेपाली महकाव्यको पूर्व आधुनिक युग र **शाकुन्तल**भन्दा पछिको समयलाई आधुनिक युग गरी नेपाली महाकाव्यको विकासक्रमलाई प्रमुख दुई खण्डमा विभाजन गरेर अध्ययन गर्न उपयुक्त हुन्छ ।

## ३.२ नेपाली महाकाव्यको पूर्व आधुनिक युग (सुरुदेखि २००१ सम्म)

उदयानन्द अर्यालको **पृथ्वीन्द्रोदय** (वि.सं. १८७० तिर) नेपाली भाषामा लेखिएको पहिलो महाकाव्य प्रयास हो । यहाँदेखि लक्ष्मीप्रसाद देवकोटा **शाकुन्तल** (२००२) महाकाव्य अगाडिको समयलाई पूर्व आधुनिक युग मानेर पूर्व आधुनिक युगका दुई चरणहरू पूर्वार्द्ध प्राथमिक काल र उत्तरार्द्ध : माध्यमिक काल गरी विभाजन गर्न उपयुक्त हुन्छ ।[४६]

---

४६ भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, **नेपाली कविता र काव्य**, (काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०६२), पृ. २६४ ।

## ३.२.१ पूर्वार्द्ध : प्राथमिक काल (सुरुदेखि वि.सं. १९४० सम्म)

नेपाली महाकाव्यको आधुनिक युगको पूर्वार्द्ध अर्थात् प्राथमिक कालमा उदयानन्द अर्यालद्वारा रचित **पृथ्वीन्द्रोदय** (१८७०) देखापर्छ । यो नेपाली भाषामा लेखिएको पहिलो महाकाव्य प्रयास हो । यसमा पृथ्वीनारायण शाहको वीरताको वर्णन छ । करिब चारसय श्लोक संरचना भएको प्रस्तुत काव्य मौलिक भए पनि श्लोक संरचनाका दृष्टिले अपूर्ण छ र अप्रकाशित छ । तथापि प्रथम मौलिक महाकाव्य प्रयासका दृष्टिले यसको ऐतिहासिक महत्त्व छ । यसपछि भानुभक्त आचार्यको **रामायण** र पतञ्जलि गजुऱ्यालको **धीरादेश पातञ्जल तीर्थावली** जस्ता दुईवटा महाकाव्य रचना पाइन्छ । **रामायण**को रचना वि.सं. १८९८-१९४४ मा भएको हो । यो नेपाली भाषाको प्रथम प्रकाशित महाकाव्य हो । आध्यात्म **रामायण**को प्रभावमा लेखिएको भए पनि यसमा प्रशस्त मौलिकता र कवित्व विस्तार रहेको छ । यसपछि पतञ्जलि गजुऱ्यालको **धीरादेश पातञ्जल तीर्थावली** देखापर्छ । गजुऱ्यालको समयावधि वि.सं. १८८० देखि १९४४ सम्म हो । गजुऱ्यालद्वारा रचित यो आख्यानरहित महाकाव्य हो । यसमा १३ अध्याय र १२३३ श्लोक छन् ।[४७] पूर्वार्द्धमा यिनै तीन महाकाव्य मात्र देखापर्छन् ।

## ३.२.२ उत्तरार्द्ध : माध्यमिक काल (वि.सं. १९४१–२००१)

नेपाली महाकाव्यको पूर्व आधुनिक युगको उत्तरार्द्धमा विभिन्न धारा र प्रवृत्तिका महाकाव्यहरू देखा परे । यस अवधिका महाकाव्यकार र तिनका महाकाव्यहरूलाई कृष्णभक्ति धारा, रामभक्ति धारा, महाभारत कथामा आधारित र यात्रावर्णनमा आधारित गरी विषयवस्तुका दृष्टिले चार प्रकारमा विभाजन गर्न सकिन्छ ।

कृष्णभक्ति धारामा आधारित महाकाव्यहरूमा होमनाथ खतिवडाद्वारा रचित **कृष्णचरित्र** (१९५०-६० तिर), कृष्णप्रसाद रेग्मीद्वारा रचित **देवी भागवत** (१९५६), शिखरनाथ सुवेदीद्वारा रचित वृहत् **कृष्णचरित्र** (१९९५) र शम्भुप्रसाद ढुङ्गेलद्वारा रचित **कृष्णचरित्र** (१९७८) आदि कृतिहरू प्रमुख रहेका छन् ।

त्यसैगरी रामभक्ति धारामा आधारित कृतिहरूमा वैयाकरण नेपालीद्वारा रचित **किष्किन्धा काण्ड** (१९४८), रमाकान्त बरालद्वारा रचित **अद्‌भूत रामायण** (१९४५), भोजराज भट्टराईद्वारा रचित **आनन्द रामायण** (१९५३), सुब्बा होमनाथ खतिवडाद्वारा रचित **रमाश्वमेघ** (१९६०), पद्मप्रसादद्वारा रचित **रामाश्वेध** (१०७६) र पहलमान सिंह स्वाँटद्वारा रचित (**किष्किन्धा काण्ड** (१९६७) आदि पद्याख्यानहरू हुन् ।

---

४७ विनयकुमार शर्मा, **नेपाली महाकवि र महाकाव्य**, (काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८), पृ. २६ ।

त्यसैगरी महाभारत कथामा आधारित कृतिहरूमा सुब्बा होमनाथ खतिवडाद्वारा रचित **सभापर्व** (१९६० तिर), हरिविक्रम थापाद्वारा रचित **कर्णपर्व** (१९६०), कृष्णप्रसाद रेग्मीद्वारा रचित **आदि पर्व** (१९६१), भोजराज शर्माद्वारा रचित **द्रोणपर्व** (१९६१) र कृष्णप्रसाद रेग्मीद्वारा रचित **वनपर्व** (१९६२) आदि पद्याख्यान कृतिहरू हुन् ।

यसैगरी चन्द्रशमशेरको युरोपयात्रा-वर्णनसित सम्बन्धित पद्याख्यान पनि देखापरेको छ ।[४८]

उपर्युक्त महाकाव्यहरूमा पाइने विशेषताहरू निम्नलिखित छन् –

(क) पौराणिक विषयवस्तुमा आधारित पद्याख्यान

(ख) कवित्वभन्दा पद्याख्यानको प्रबलता

(ग) कोषकाव्यात्मक महाकाव्य रचना

(घ) शासक स्तुतिमा आधारित रचना

(ङ) मौलिक भावानुवाद र भक्तिपरक पद्याख्यान रचना

यस अवधिमा प्रायः **रामायण**, **कृष्णचरित्र** र **महाभारत**का पद्याख्यानहरूको नेपाली अनुवाद तथा भावानुवादमा आधारित महाकाव्य रचना भएको देखिन्छ । यस अतिरिक्त यात्रावर्णन विषयक मौलिक महाकाव्य लेखनको चेष्टा वा प्रयत्न पनि भएको देखिन्छ । तर पूर्ण मौलिक आधुनिक महाकाव्यका निम्ति भने आधुनिक युगलाई नै पर्खनुपर्ने हुन्छ ।

### ३.२.३ नेपाली महाकाव्यको समसामयिक धारा र महाकाव्यकार नारायणप्रसाद गौताम

नेपाली कवितामा २०३० सालयता नै समसामयिक धाराको सुरुवात भएको भए तापनि महाकाव्यमा समसामयिक महाकाव्य धारा २०४६ सालपछि नै सुरु भएको देखिन्छ । गोपाल पराजुलीको **पृथिवीमाथि आलेख** (२०४६), **हिमालमाथि आलेख** (२०५३), **देशमाथि आलेख** (२०५५), **शब्दशताब्दी** (२०५७), **समयको प्रस्थान** (२०५८) र **नयाँ ईश्वरको घोषणा** (२०६०) आदि महाकाव्यहरू नै यस उत्तर प्रयोगवादी धाराका प्रतिनिधि रचनाहरू हुन् ।[४९]

---

४८ भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, **नेपाली कविता र काव्य**, पूर्ववत्, पृ. २६४ ।

४९ महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, (काठमाडौं : इन्टेलेकच्युअलस बुक प्यालेस, २०६४), पृ. ७८ ।

यही समय अवधिमा नारायणप्रसाद गौतम एउटा उल्लेख्य महाकाव्यकारका रूपमा देखिन आएका छन् । फुटकर कविताका माध्यमबाट नेपाली कवितामा देखापरेका (**बाँचेर के सार भो ?**, २०४०) नारायप्रसाद गौतम यस अवधिमा महाकाव्यकारका रूपमा देखापरेका छन् । वि.सं. २०६२ सालदेखि २०६८ सम्म ६ वर्षको बीचमा यिनका चारवटा महाकाव्यहरू प्रकाशनमा आएका छन् - **कुमार गौरव** (२०६२), **गौरी वल्लभ** (२०६६), **रमेशचन्द्र** (२०६५), **भवानी वैभव** (२०६८) । आँसुलेखन, स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैलीशिल्प महाकाव्यकार गौतमका विशेषताहरू हुन् । गुरु महिमा, व्यक्ति आदर्श, ईश्वर र अध्यात्म यिनका महाकाव्यका विषयस्रोतहरू हुन् । पूर्वीय वेदान्त दर्शनबाट यिनी ज्यादा प्रभावित छन् । युगीन यथार्थवादी जीवनभोगाइ, मानवतावादी स्वर र व्यङ्ग्यत्मकता यिनका महाकाव्यमा पाइने थप विशेषताहरू हुन् ।

## ३.३ नेपाली महाकाव्यको आधुनिक युग

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित **शाकुन्तल** (२००२) प्रथम आधुनिक नेपाली महाकाव्य हो । **शाकुन्तल** (२००२) देखि हालसम्मको अवधि नेपाली महाकाव्यको आधुनिक युग हो । नेपाली महाकाव्यको यस आधुनिक युगलाई पूर्वार्द्ध (२००२-२०१६) प्रथम चरण र उत्तरार्द्ध २०१७ देखि हालसम्म द्वितीय चरण गरी प्रमुख दुई चरण वा खण्डमा विभाजन गरी अध्ययन गर्न उपयुक्त देखिन्छ ।

### ३.३.१ आधुनिक नेपाली महाकाव्यको पूर्वार्द्ध : प्रथम चरण (२००२–२०१६)

महाकवि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** (२००२) प्रकाशनदेखि उनको अवसानपूर्वको समयलाई आधुनिक नेपाली महाकाव्यको पूर्वार्द्ध वा प्रथम चरण मानिन्छ । यो युगलाई देवकोटा युग पनि भनिन्छ । यस युगमा देवकोटाका ६ वटा महाकाव्य प्रकाशित छन् । यिनले नेपाली काव्य जगत्मा स्वच्छन्दतावादी भावधारालाई भित्र्याएका हुन् । यो अवधि आधुनिक नेपाली महाकाव्यको उत्कर्षकालका रूपमा समेत चिनिएको छ । यस अवधिमा देवकोटा नै केन्द्रीय प्रतिभाका रूपमा देखिएका छन् ।

नेपाली महाकाव्यले उत्कर्षता प्राप्त गरेको यस युगलाई आधुनिक नेपाली महाकाव्यको स्वर्ण युग मानिन्छ । यस युगमा देवकोटालगायत तत्कालीन परिष्कारवादी कवि सोमनाथ सिग्देल, बालकृष्ण सम एवम् लेखनाथ पौड्यालका महाकाव्यहरू पनि प्रकाशित छन् । खासगरी आधुनिक नेपाली महाकाव्यका पूर्वार्द्धमा स्वच्छन्दतावादी महाकाव्य धारा र परिष्कारवादी महाकाव्य धाराका महाकाव्यहरू रचना भएको पाइन्छ, जसलाई यसरी वर्णन गरिएको छ ।

### ३.३.१.१ स्वच्छन्दतावादी महाकाव्य धारा

लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी महाकाव्य धाराका केन्द्रीय प्रतिभा हुन् । उनको **शाकुन्तल** (२००२) स्वच्छन्दतावादी धाराको पहिलो महाकाव्य कृति हो । **शाकुन्तल**पछि देवकोटाका अरू पाँचवटा महाकाव्यहरू प्रकाशित छन् । **सुलोचना** (२००३), **महाराणा प्रताप** (२००३-२०२४), **वनकुसुम** (२००२ रचना-२०२५ प्रकाशन), **पृथ्वीराज चौहान** (२००३-२०४९), **प्रमिथस** (२००६/१०-२०२८), स्वच्छन्दतावादी धाराका अन्य महाकाव्य रचनाकार र तिनका महाकाव्य कृतिहरू हुन्[५०] - गोविन्द भट्टराई र उनको **पृथ्वीमहेन्द्र** (२०१९), मोदनाथ शास्त्री र उनको **भानु** (२०२४) र **गणेशमान** (२०५८) । हरिहर शास्त्री र उनको **उषा विनोद** (२०२४), **रम्भा** (२०२५), **घाम झुल्कियो** (२०२६), देवकान्त पन्त र उनको **सीता स्वयम्वर** (२०३६) । नीरविक्रम प्यासी र उनको **दबला** (२०३४), उमानाथ शास्त्री 'सिन्धुलीय' र उनको **मकवानीवाला** (२०३५), श्रीहरि फुयाँल र उनको **आँसुको सङ्ग्राम** (२०३६) । गणेशबहादुर खत्री र उनको **चमेली-चन्द्र** (२०३७), तुलसीराम कश्यप र उनको **जन्मभूमि** (२०४३), **आमा** (२०४५), **मन्थन** (२०५०), मदनदेव भट्टराई र उनको **जीवनस्मृति** (२०५२), रमेश खकुरेल र उनको **सरिता नानी** (२०४९), **स्रग्धरा** (२०५९), दुर्गाप्रसाद अधिकारी र उनको **बालागुरु** (२०५३), ओमवीर सिंह बस्न्यात र उनको **पासाङ ल्हामु** (२०५४), रमेशचन्द्र अधिकारी र उनको **पद्मदुर्गा** (२०५५), **सीतायन भाग १, ३** (२०५६), गोविन्दप्रसाद घिमिरे र उनको **युगनायक** (२०५८), **मृत्युचक्र** (२०६०), **प्रेरणा** (२०६०), कलानिधि दाहाल र उनको **विभाजित बिम्ब**, बुनु लामिछाने र उनको **याचना** (२०६०), **विद्रोही इन्द्रकुमारी** (२०६४), माधव वियोगी र उनको **छन्दशिरोमणि** (२०६०), नारायणप्रसाद गौतम र उनको **कुमारगौरव** (२०६२), नीलकण्ठ न्यौपाने र उनको **महामानव** (२०६३), काशीनाथ न्यौपाने र उनको **विरजा** (२०६३), नवराज लम्साल र उनको **कर्ण** (२०६६) आदि ।[५१]

यी सबै महाकाव्यहरू आधुनिक नेपाली महाकाव्यको स्वच्छन्दतावादी धाराका निरन्तरताका कडी हुन् । कतिपय महाकाव्यमा परिष्कारयुक्त शास्त्रीय लक्षणहरू पाइए पनि यिनमा स्वच्छन्द कल्पनाशीलता र स्व:स्फूर्त लेखनजस्ता प्रवृत्तिहरूको प्रधानता पाइन्छ । यस धारामा पहिलोपटक महाकाव्यकारको उदय भएको छ ।

नेपाली महाकाव्यको स्वच्छन्दतावादी धारा अत्यन्त उर्वर देखापर्दछ । यस धारा महाकाव्यको विकासयात्रामा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले स्वच्छन्दतावादी धाराका स्वर्णकाल मानिन्छ । मानवतावादी प्रगतिवादी अभिव्यक्तिका साथै विद्रोहात्मक भाव पनि पाइने यो धारा अद्यावधिसम्म पनि सर्वाधिक प्राप्तिपूर्ण धारा हुन पुगेको देखिन्छ ।

---

५० नारायणप्रसाद गौतम, पूर्ववत्, पृ. ६३ ।

५१ महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, पूर्ववत्, पृ. ७४ ।

### ३.३.१.२ परिष्कारवादी महाकाव्य धारा

सोमनाथ सिग्देलद्वारा **आदर्श राघव** (२००५) पहिलो परिष्कारवादी धाराको महाकाव्य हो । बालकृष्ण समको **चिसो चुल्हो** (२०१५), लेखनाथको **तरुण तपसी** (२०१०) पनि यस धाराका उल्लेख्य महाकाव्यहरू हुन् ।

आधुनिक नेपाली महाकाव्यको परिष्कारवादी धारालाई यी तल उल्लिखित प्रतिभाहरूले पनि आ-आफ्ना कृतिहरूद्वारा अघि बढाएका छन् –

परिष्कारवादी महाकाव्य धारामा पूर्वीय काव्य शास्त्रीय मान्यतामा आधारित महाकाव्य लेखन, परिष्कृत शैली, शृङ्गारिकताको परित्याग, आध्यात्मिक चेतना, विभिन्न शास्त्रीय छन्दको प्रयोग, गद्य लयात्मकता विचित्रतापूर्ण उक्तिकौशल, प्रयोगशील परिष्कारवाद आदि प्रवृत्तिहरू पाइन्छन् ।[५२]

यसरी हालसम्म पनि नेपाली महाकाव्यका क्षेत्रमा स्वच्छन्दतावादी, परिष्कारवादी मूल्य-मान्यता अनुरूपका महाकाव्य रचना भइनैरहेका छन् । आधुनिक नेपाली महाकाव्यको प्रवृद्धि (२००६-२०१६) को यो समयलाई नेपाली महाकाव्यको इतिहासमा स्वर्णयुग मानिन्छ । यस अवधिमा मौलिक र उच्च स्तरका महाकाव्यहरू लेखिएका छन् । यस कालका केन्द्रीय प्रतिभा देवकोटा हुन् । यिनका महाकाव्यहरू भाव सौन्दर्यका दृष्टिले उत्कृष्ट छन् ।

## ३.३.२ आधुनिक नेपाली महाकाव्यको उत्तरार्द्ध : द्वितीय चरण (२०१७–हालसम्म)

महाकाव्यकार देवकोटाको अवसानपछि हालसम्मको युगलाई आधुनिक नेपाली महाकाव्यको उत्तरार्द्ध वा उत्तर-देवकोटा युग मानिन्छ । पूर्ववर्ती स्वच्छन्दतावादी र परिष्कारवादी प्रवृत्तिका महाकाव्यहरू पनि रचिँदै रहे तापनि मुख्यत: तीनवटा धारा वा प्रवृत्तिहरूको प्रमुखता देखिन्छ । प्रगतिवादी महाकाव्य धारा, प्रयोगवादी महाकाव्य धारा र उत्तर-प्रयोगवादी । उत्तर-आधुनिकतावादी महाकाव्य धारा अथवा समसामयिक महाकाव्य धारा आदि देखापर्दछन् ।

### ३.३.२.१ प्रगतिवादी महाकाव्य धारा (२०२३–हालसम्म यता)

आधुनिक नेपाली महाकाव्यको विकासक्रममा देवकोटाको **प्रमिथस** (२००७) बाट नै प्रगतिवादी धाराको पृष्ठभूमि तयार भए तापनि प्रगतिवादी धाराको खास प्रयोग भने २०२३

---

५२ ऐजन ।

सालबाट मात्र भएको देखिन्छ । मोदनाथ प्रश्रितद्वारा रचित **मानव** (२०२३) महाकाव्य नेपालीको पहिलो प्रगतिवादी महाकाव्य हो भने मोदनाथ प्रश्रितकै **देवासुर सङ्ग्राम** (२०३०) बाट प्रगतिवादी धाराले उत्कर्षता प्राप्त गर्दछ ।

मोदनाथ प्रश्रितपछि यस धारालाई निरन्तरता दिन महाकाव्यकार र तिनका महाकाव्यहरूमा मोहन दुवाल र उनको **मन्दाकिनी** (२०४१), **कर्मायण** (२०६०), चन्द्रप्रसाद न्यौपाने र उनको **सोल्मु** (२०५३), **प्रत्याधात** (२०५५), सिपाही, म आदि र रामप्रसाद ज्ञवाली र उनको **आँसीका फूलहरू** (२०५३), भीष्मराज प्रसाईं र उनको **आत्मसमर्पण** (२०५५), पोषराज पौडेल र उनको **शहीदगाथा** (२०५७), ऋषिराम न्यौपाने र उनको **पुष्पाञ्जलि** (२०५७), नरेन्द्र पराशर र उनको **गौरीशङ्कर** (२०५८), विष्णु भण्डारी र उनको **उत्सर्ग** (२०६७), सोमनाथ ... र उनको **विद्रोही काले** (२०६५) आदि ।[५३]

### ३.३.२.२ प्रयोगवादी महाकाव्य धारा (२०३७–हालसम्म)

नेपाली कविता विधामा २०१७ मा नै देखापरेको प्रयोगवादी धारा महाकाव्यमा भने जगदीश शमशेरको **नरसिंह अवतार** (२०३७) बाट सुरु भयो । यो नेपाली प्रयोगवादी महाकाव्य धाराको पहिलो महाकाव्य मानिन्छ । प्रयोगवादी धाराका अग्रणी कवि मोहन कोइरालाको **निलो मह** (२०४१) र **गजपथ** (२०५९) शीर्षकका लामा आकारका कविताहरू महाकाव्यका रूपमा देखापरेका हुन् ।[५४]

अमूर्त लेखन दूर्बोध्यता, शृङ्खलाविहीन अभिव्यक्ति, गद्यलयात्मक अन्त: सङ्गीत, प्रयोगवादी अवचेतन लेखन, शब्द चयनमा विचलन, निकै लामा अनि निकै छोटा चौडाइका पङ्क्तिगत वितरण आदि यस धाराका मुख्य प्रवृत्तिहरू हुन् ।

## ३.४ कवि नारायणप्रसाद गौतमको व्यक्तित्व र कृतित्व

नेपाली साहित्यको काव्यक्षेत्रमा २०४० सालदेखि नै निरन्तर कलम चलाउँदै आएका कवि नारायणप्रसाद गौतम आधुनिक नेपाली महाकाव्यको उत्तरार्द्धको समसामयिक धारामा देखापरेका छन् । वि.सं. २०६२ सालमा प्रकाशित **कुमारगौरव** महाकाव्य कवि गौतमको प्रथम प्रकाशित महाकाव्य हो । तापनि उनका हालसम्म ४ वटा महाकाव्य प्रकाशित छन् । साहित्य क्षेत्रमा देखापरेका उनको व्यक्तित्वलाई यसप्रकार प्रस्तुत गरिएको छ :

---

५३ महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, पूर्ववत्, पृ. ७६ ।

५४ भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, **नेपाली कविता र काव्य**, पूर्ववत्, पृ. २६७ ।

## ३.४.१ व्यक्तित्व

नेपाली भाषाका कवि नारायणप्रसाद गौतम निरन्तर लेखिरहने कुशल स्रष्टा हुन् । विशेषत: यिनी कविता र काव्यको क्षेत्रमा सर्वाधिक आकर्षित देखिन्छन् । रचना समालोचना, अनुसन्धान आदि क्षेत्रमा गतिशील गौतमले सम्पादन, सहलेखन गर्नुका साथै साहित्यिक व्यक्तित्व र द्रष्टा व्यक्तित्वका रूपमा गरी दुई रूपमा उनका व्यक्तिका पाटाहरूको उल्लेख गर्ने प्रयास गरिएको छ ।

### ३.४.१.१ साहित्यिक व्यक्तित्व

साहित्य समाजको दर्पण हो । कुनै पनि व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण हुन्छ । जीवनमा घटेका विविध घटना, सुखदु:ख, आरोह-अवरोहका आधारमा कुनै पनि व्यक्ति विशेषमा छुट्टै प्रतिभा प्रस्फुटन हुनसक्छ । जीवन भोगाइका क्रममा व्यक्तिलाई घरपरिवार समाज, परिवेश आदिले विशेष प्रभाव पारेको हुन्छ । सानै उमेरमा टुहुरो बनेका गौतम आफ्ना व्यावहारिक झण्झटसँग जुधेर पनि आफ्नो स्रष्टा व्यक्तित्वलाई माथि उठाउन सफल देखिन्छन् । आफ्नै घर समाजका संस्कृति, विकृति र विसङ्गतिलाई दर्शाउँदै आफ्नो साहित्यिक व्यक्तित्वलाई चिनाएका छन् । उनले कविता, निबन्ध, खण्डकाव्य, महाकाव्यजस्ता साहित्यिक विधाहरूमा कलम चलाएको पाइन्छ । यिनै साहित्यिक विधाहरूका आधारमा साहित्यिक व्यक्तिहरूलाई नियाल्नु सान्दर्भिक देखिन्छ ।

### ३.४.१.२ कवि व्यक्तित्व

साहित्यकार नारायणप्रसाद गौतमको विशेष व्यक्तित्व नै कवि व्यक्तित्व हो । विद्यालय अवस्थादेखि नै साहित्यतर्फ उन्मुख भएका गौतमले मनमा उठेका भाव-संवेदनालाई आफ्ना कवितामार्फत् पस्केका छन् । खासगरी स्वच्छन्दतावादी साहित्यसँग नजिक रहेका कवि नारायणप्रसाद गौतमले आफ्ना कविता काव्यमा अध्यात्मचिन्तन, प्रकृतिप्रेम र स्वच्छन्दभाव व्यक्त गरेका छन् । उनको पहिलो कवितासङ्ग्रह **आजको मान्छे भेडो** (२०५४) मा २३ ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कवितामा राजनीतिका कुरा, राजनीति गर्ने नेताहरूको स्वभाव, नेपाली प्रकृतिको वर्णन, साहित्यकारहरूप्रति श्रद्धाभाव र प्रेमप्रणयका कुराहरू समावेश गरिएका छन् । त्यसपछिको **लयमा लोलिँदा** (निबन्धसङ्ग्रह) २०५५ सालमा प्रकाशित भएको छ । वि.सं. २०६२ सालमा **कुमारगौरव** महाकाव्य प्रकाशित गरेर उनी महाकाव्यकार व्यक्तित्वका रूपमा चिनिएका छन् ।

### ३.४.१.३ कृतित्व अध्ययन

नेपाली साहित्यमा साधनारत गौतम साहित्य सिर्जनामा निरन्तर समर्पित साधक हुन् । उनले विशेषगरी साहित्यका कविता/काव्यको क्षेत्रमा कलम चलाएको देखिन्छ । उनले महाकाव्यका क्षेत्रमा विशेष योगदान दिएका छन् । उनका कृतित्वको अध्ययन गर्नुभन्दा पनि महाकाव्य र महाकाव्यकारिता जस्ता कुराहरूको यहाँ विश्लेषण गर्नु सान्दर्भिक ठहर्छ ।

### ३.४.१.४ कविता र फुटकर कविता सिर्जना

कविद्वारा आफ्नो संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा रचिएको साहित्यिक कृतिलाई कविता भनिन्छ ।[५५] कवि गौतम बाल्यकालदेखि नै कविता विधामा सफल भएका देखिन्छन् । सानै उमेरमा छन्द ज्ञानसहितका कविता लेख्ने र वाचन गर्ने गौतमको नेपाली साहित्यमा **आजको मान्छे भेडो** (कवितासङ्ग्रह, २०५४) प्रथम प्रकाशित कृति हो । कविताबाट कवितायात्राको सुरुवात गरेका गौतमले थुप्रै फुटकर कविता लेखे तापनि अन्य रचना प्रकाशित भएको पाइँदैन । पाण्डुलिपि अवस्थामा रहेका प्राप्त अप्रकाशित फुटकर कविताहरू यसप्रकार रहेका छन् ।

*तीर्थस्थल, नेपाल देश, अरूणोदय, शिक्षा, आमासँगको संवाद, पुन: स्मृति, धिक्कार लाग्यो है, नव पालुवा, साथीको माया, शिक्षामा असफल, भुलेर भुलिन्न त्यो, असन्तोषी मानव, वात्सल्यजीवन, मनको बह, कलिकाल, एक प्राकृतिक वनको सौन्दर्य नव पालुवा, स्वागत गान, ईश प्रार्थना, शोकको सागर, विमाता, फर्की द्यौ नववर्ष (२०३३), श्री ५ वीरेन्द्रको जन्मोत्सव २०३३ पुस १४, शिक्षकको स्मृतिमा, गुरूको अपमान अगाध सागर, खोला, शुभारम्भ, क्षणिक प्रेम, गरिबको विलौना, अल्पायु, वसन्त आयो, दैवको मर्म वनको चरी, अभिन्न प्रेमी, जन्मभूमि, मैतालु छोरी, मनको बगैँचा, विद्यार्थी वेदना, फूलबारी, रत्नको खानी, प्रेमको वन्दना, गम्काई छाड्छौँ विश्वमा हाम्रो माटोको सुवास र उधारो संसार* रहेका छन् ।[५६] यसका साथै यस अवधिमा उनले ३४५ श्लोकको प्रदक्षिणा खण्डकाव्यसमेत रचेको देखिन्छ ।

यसप्रकार यस अवधिमा लेखिएका उनका कविता प्रकाशित नभएर पनि यी रचनाहरू पाण्डुलिपिका रूपमा आफूसँग सुरक्षित रहेको कविले बताउँछन् । कविको आभ्यासिक काल भएकाले यस अवधिमा गुणस्तरीयता कम र परिमाणत्मकता बढी देखिन्छ ।

---

५५ वासुदेव त्रिपाठी (सम्पा.), **नेपाल साहित्यकोश**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. २४० ।

५६ शोधनायकबाट प्राप्त जानकारी ।

### ३.४.१.५ महाकाव्य र महाकाव्यकारिता

महाकाव्यकारका रूपमा गौतमलाई चिनाउँदा कवि गौतम स्वच्छन्दतावादी कुशल साहित्यस्रष्टा हुन् । सुरुमा फुटकर कविता लेखनबाट साहित्यिक यात्रा आरम्भ गरेका गौतमले विशेषत: पूर्वीय महाकाव्यगत मान्यतालाई पालन गरेर महाकाव्य सिर्जना गरेको देखिन्छ । उनले अँगालेका विषयवस्तुलाई हेर्दा उनी सामाजिक, यथार्थता, समसामयिकता, अध्यात्मचिन्तन आदिजस्ता विषयवस्तुका आधारमा महाकाव्य रच्ने स्रष्टा देखिन्छन् । उनको **कुमारगौरव** (२०६२) गुरुभक्तिमा आधारित छ भने **गौरीवल्लभ** (२०६५) धार्मिक विषयवस्तुमा आधारित छ । त्यस्तैगरी समसामयिक विषयवस्तुमा आधारित महाकाव्य **रमेशचन्द्र** (२०६५) रचना गरेको पाइन्छ ।

महाकाव्यकार गौतमले विविध (शास्त्रीय छन्द, लोक छन्द) छन्द, लय, सामाजिक यथार्थता, युगीन परिवेश, सांस्कृतिक मूल्यमान्यता, निम्नवर्गीय जनताको उत्थान, वर्तमान विकृति, विसङ्गतिजस्ता जीवन मूल्यका सन्दर्भलाई आफ्ना महाकाव्यमा स्थान दिनु उनका महाकाव्यगत प्रवृत्ति तथा महाकाव्यकारिताका विशेषता बन्न पुगेका छन् ।

## ३.५ नेपाली काव्यपरम्परामा नारायणप्रसाद गौतमको आगमन र विधागत योगदान

### ३.५.१ नेपाली काव्यपरम्परामा नारायणप्रसाद गौतमको आगमन

कविता साहित्यको पुरानो विधा हो । मानव सभ्यताको विकाससँगै अत्यन्त क्रान्तिकारी घटना मानिने भाषाको सम्प्राप्तिदेखि यता प्राचीन लोकगीत, गाथा र गाथाचक्रका क्रमिक शृङ्खला हुँदै कविताको प्रारूप विकसित भयो ।[५७] लिपिको आविष्कारले कथ्य श्रव्य भाषिक कलास्वरूप गीतात्मक कवितालाई शिष्टलेख्य कविताका अनेक घुम्तीहरू पार गर्दै र विविध काँचुलीहरू फेर्दै आफ्ना कतिपय आधारभूत तत्त्वका आधारमा निरन्तर आज यहाँसम्म आइपुगेको छ । नेपाली साहित्यका क्षेत्रमा कविता विधामा कलम चलाएका गौतमले विद्यार्थीकालदेखि नै फुटकर कविताहरू लेखेको पाइन्छ । यसरी फुटकर कवितालाई निरन्तरता दिँदै जाँदा वि.सं. २०५४ सालमा फुटकर कविताहरूको सङ्ग्रह **आजको मान्छे भेडो** प्रथम प्रकाशित कवितासङ्ग्रह मानिन्छ । त्यस्तै वि.सं. २०६२ सालमा **कुमारगौरव** महाकाव्य लेखेर नेपाली महाकाव्यको इतिहासमा ईंटा थप्ने काम गरेको देखिन्छ । यसरी नेपाली साहित्यका कवि गौतमले नेपाली साहित्यका माध्यमबाट कविताकाव्य परम्परालाई अगाडि बढाएको देखिन्छ ।

---

५७ वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, **नेपाली कविता (भाग-४)**, (ललितपुर : साझा प्रकाशन, २०४६), पृ. ५८ ।

### ३.५.२ विधागत योगदान

नारायणप्रसाद गौतम मूलत: कवि व्यक्तित्व हुन् । उनका अधिकांश प्रकाशित कृतिहरू सबै कविता विधाअन्तर्गतकै काव्यहरू भएकाले उनलाई कविकै रूपमा चिन्न सकिन्छ । गौतमले नेपाली भाषाको लोकलयमा आधारित तथा शास्त्रीय छन्दमा कविता लेख्छन् । उनी सरल, सहज तथा लोकजीवनसँग सम्बन्धित विषयवस्तुलाई आफै मौलिक रूप दिएर व्यक्त गर्दछन् । सामाजिक जीवनका विकृति, विसङ्गतिप्रति चोटिलो प्रहार, नारी जीवनका व्यथा, देशको समसामयिक परिस्थितिको चित्रण, राष्ट्रियता आदि विषयमा आधारित कविता लेखेर हालसम्म कविता विधालाई नै निरन्तरता दिइरहेकाले नेपाली काव्यका क्षेत्रमा उनको विशेष रुचि रहेको छ ।

गौतम विद्यालयीय अवस्थादेखि नै कविता लेखनमा लागेको पाइन्छ । बाल्यकालदेखि नै सामान्य फुटकर कविताहरू लेखे पनि कृतिका रूपमा कुनै पुस्तकाकार कृति निस्किएको थिएन । सानै उमेरमा नै थुप्रै फुटकर कविताहरू लेखेको पाइन्छ । वि.सं. २०५४ सालमा **आजको मान्छे भेडा** कवितासङ्ग्रहको प्रकाशनपछि २०५५ सालमा **लयमा लोलिँदा** निबन्धसङ्ग्रह, २०६२ सालमा **कुमारगौरव** महाकाव्य, २०६५ सालमा **गौरीवल्लभ**, २०६६ सालमा **रमेशचन्द्र**, २०६८ सालमा **भवानी वैभव** महाकाव्य र २०६९ सालमा **विसङ्गति** खण्डकाव्यसहित चार महाकाव्य एक खण्डकाव्य, कृतिहरू प्रकाशित गरेर गौतम काव्य साहित्यको क्षेत्रमा अगाडि बढेको पाइन्छ ।

गौतमका कविताहरूमा प्राय: सामाजिक यथार्थता, स्वच्छन्दतावादी तथा प्रकृतिप्रेमजस्ता काव्यप्रवृत्ति उल्लेख गरेको पाइन्छ । हाल आएर वि.सं. २०६६ सालको देशको आन्दोलन र अराजकतावादी सोचका कारण उत्पन्न अशान्ति, हिंसा, विकृतिलाई आधार बनाएर **विसङ्गति** खण्डकाव्य प्रकाशित छ । यसरी विधागत दृष्टिले नेपाली साहित्यका साधक विभिन्न बिम्ब, अलङ्कार, उपमाको प्रयोग गरेर तत्कालनीन समयमा विद्यमान सामन्ती, शोषक वर्गद्वारा प्रताडित र स्वतन्त्रता अपहरित भएका नेपाली समाजका पीडा, नारी संवेदना, सामाजिक विकृति र विसङ्गतिप्रतिको तीखो कटाक्षजस्ता कुराहरूले नेपाली साहित्यको समसामयिक धारामा आधारित भएर काव्यक्षेत्रमा उनले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

## ३.६ नारायणप्रसाद गौतमको काव्ययात्रा र चरण विभाजन

### ३.६.१ नारायणप्रसाद गौतमको काव्ययात्रा

साहित्यकार नारायणप्रसाद गौतम एक बहुमुखी प्रतिभासम्पन्न व्यक्ति हुन्, उनको साहित्य साधना एक मात्र विधामा सीमित नरही अनेक विधामा विस्तारित छ । त्यसो त उनको कलमकविता, खण्डकाव्य, महाकाव्य, निबन्ध, समीक्षासमेत विस्तारित रहेको छ । अन्य विधामा भन्दा प्रखर पहिचान भने काव्यकारको रूपमा रहेको छ । विशेषत: पद्य विधामा बढी रुचि

राख्ने कवि गौतम स्वच्छन्दतावादी र सामाजिक यथार्थवादी कविका रूपमा चिनिन्छन् । कविता काव्यका क्षेत्रमा आँसुकविमा जुन क्षमता देखिन्छ, त्यही क्षमता कवि गौतममा रहेको छ । वि.सं. २०६२ सालमा **कुमारगौरव** महाकाव्य प्रकाशित भएपछि महाकाव्यकार बन्ने श्रेय उनलाई प्राप्त भएको छ ।

यसरी २०५४ सालमा कवितासङ्ग्रह प्रकाशनदेखि सुरु भएको उनको यात्राले झण्डै दुईदशक पूरा गरेको छ ।

### ३.६.१.१ **चरण विभाजन**

विद्यालय जीवनदेखि नै कलम चलाएका कवि गौतमले नेपाली साहित्यमा २०५४ सालदेखि हालसम्म झण्डै दुईदशकको साहित्य यात्रा पूरा गरिसकेका छन् । फुटकर कवितासङ्ग्रहबाट प्रारम्भ भएको उनको साहित्यिक यात्रामा आजसम्म निम्नानुसारका चरणहरू पार गरिसकेको देखिन्छ :

### ३.६.१.२ **पूर्वार्ध** (**प्रारम्भदेखि वि.सं. २०६२ सम्म**)

कवि ना.प्र. गौतमको काव्यक्षेत्रको यो कालखण्डलाई प्रारम्भिक वा आभ्यासिक कालको रूपमा मानिन्छ । उनको यस चरणमा फुटकर कविताबाट नै रचनाकार्य प्रारम्भ भएको पाइन्छ । यो समय उनका लागि निकै चुनौतीपूर्ण रहेको पाइन्छ । वि.सं. २०२८ सालबाट नै कवितालेखन कार्य आरम्भ गरेका गौतमले प्रकाशन भने गरेको देखिँदैन । २०४० सालभन्दा पूर्वका कविता पाण्डुलिपिका रूपमा पाइए तापनि २०४० सालपछिका कविता प्रकाशित भएका छन् । वि.सं. २०४० सालमा **बाँचेर के सार भो ?** फुटकर कवितासङ्ग्रह उनको पहिलो प्रकाशित कृति हो । यस अवधिमा उनले सामाजिक यथार्थ, आधुनिक मानवको स्वभाव, विसङ्गत जीवन आदिलाई प्रस्तुत गरेका छन् ।

यस अवधिमा गौतमले कविता काव्य सिर्जनाको अभ्यास र प्रकाशन गर्ने प्रयास गरेका छन् । यस अवधिमा उनका कविता, निबन्ध, प्रबन्ध समालोचनाजस्ता विविध साहित्यिक कृतिहरू प्रकाशित छन् । यस चरणमा कविले राष्ट्रियता, नेपालको राजनीतिक अस्थिरता, समाजले कविलाई हेर्ने दृष्टिकोणजस्ता विविध पक्षलाई कविता, काव्यमा उतारेका छन् । यस चरणमा वि.सं. २०५४ सालमा प्रकाशित **आजको मान्छे भेडो** कवितासङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ । यसका साथै यस चरणमा प्रकाशित काव्यकृति तथा लेखरचनाहरू निम्मानुसार छन् :

(क) **आजको मान्छे भेडो** (कवितासङ्ग्रह, २०५४)

(ख) **लयमा लोलिँदा** (निबन्धसङ्ग्रह, २०५५)

(ग) **पञ्चासेको परिचय** (प्रबन्ध, २०५८)

यसरी यस चरणमा देखिएका काव्य प्रवृत्तिहरूलाई केलाउँदा के भन्न सकिन्छ भने गौतमले सामाजिक यथार्थलाई वास्तविकताका साथ उद्घाटन गर्ने काव्यकार हुन् । त्यस्तै समाजमा व्याप्त विसङ्गतिका कारण उत्पन्न वर्गविभेद, धार्मिक मूल्यमान्यताप्रति सचेत, वर्तमान परिस्थितिप्रति तीखो व्यङ्ग्य प्रहार आदि भावभूमि नै उनका काव्यकृतिका विषयवस्तुका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ३.६.१.३ **उत्तरार्द्ध** (**वि.सं. २०६२ देखि हालसम्म**)

कवि गौतमको काव्ययात्राको यस चरणमा पूर्वार्द्धमा मौलाउन नसकेको साहित्यिक व्यक्तित्व अझ प्रखर रूपमा मौलाएको पाइन्छ । पुरानो परम्परामा बग्दै नयाँ परम्परा कायम गर्दै अवाध गति अघि सरेको उनको यात्रा कवितादेखि महाकाव्यसम्म मौलाएको छ । आधुनिक नेपाली कविता/काव्य धारामा समसामयिक कविका रूपमा गौतम देखापरेका छन् । परिष्कृति शैली र स्वच्छन्दभावधारामा कविता/काव्य लेख्ने गौतमको यस चरणको थालनी वि.सं. २०६२ सालमा **कुमारगौरव** महाकाव्य प्रकाशित भएपछि आरम्भ भएको हो । यस चरणमा कविताभन्दा बढी महाकाव्य लेखनतर्फ बढी आकृष्ट रहेका छन् उनको यस चरणमा वि.सं. २०६५ सालमा प्रकाशित दोस्रो महाकाव्य **गौरीवल्लभ** हो । उनको काव्यलेखन यस चरणमा अझ मौलाएको छ । हालसम्म यस चरणमा चारओटा महाकाव्य, एउटा खण्डकाव्य, महाकाव्य सिद्धान्तको विवेचना (समालोचना) जस्ता विविध कृतिहरू प्रकाशित गरिसकेका छन् । उनी वर्तमान युगको मानवीय जीवन, अभाव र समस्याका चुनौतीहरू आदिका बारेमा चिन्तित हुन्छन् । विशेषगरी उनी पूर्वीय आर्ष संस्कृति परम्परामा आधारित समसामयिक धाराका कवि हुन् । उनी भने आफू अध्यात्मवादी कवि, लेखकका रूपमा चिनाउन चाहन्छन् । पश्चिमी संस्कृतिको बढ्दो प्रभावले नेपाली समाजको रीतिरिवाज र संस्कृतिलाई नकारात्मक प्रभाव पार्दछ भन्ने उनको धारण छ । उनी राजनैतिक प्रभावबाट माथि उठेर साहित्य रचना गर्नुपर्दछ भन्दछन् । यस चरणमा प्रकाशित उनका कृतिहरू निम्नानुसार छन् :

(क) **कुमारगौरव** (महाकाव्य, २०६२)

(ख) **गौरीवल्लभ** (महाकाव्य, २०६५)

(ग) **रमेशचन्द्र** (महाकाव्य, २०६५)

(घ) **अत्रिवंश परम्परा र भवानी गौतम** (२०६७)

(ङ) **भवानी वैभव** (महाकाव्य, २०६८)

(च) **विसङ्गति** (खण्डकाव्य, २०६९)

(छ) **नेपाली महाकाव्य सिद्धान्त र विवेचना** (समालोचना, २०६३)

हालसम्म लेखन कार्यलाई निरन्तरता दिइरहेका गौतमले यस चरणमा महाकाव्य लेखन कार्यमा सशक्त ढङ्गले कलम चलाएको देखिन्छ । यसका अतिरिक्त कवि गौतमका प्रकाशोन्मुख कृतिहरू पनि निम्न छन् । **मनमालिनी** (खण्डकाव्य), **आनन्द र लय** (निबन्धसङ्ग्रह), **रागमञ्जरी** (निबन्धसङ्ग्रह), **किर्तेसही** (निबन्धसङ्ग्रह) आदि ।[५८]

यस चरणका उनका कृतिहरूमा स्थानीय सामाजिक जीवन, आर्थिक, राजनैतिक, धार्मिक चिन्तन, देशमा विद्यमान विकृति-विसङ्गतिप्रतिको व्यङ्ग्य प्रहार आदि पाइन्छन् । निचोडमा यस चरणका काव्य प्रवृत्तिहरूलाई तलका बुँदाहरूमा समेट्न सकिन्छ :

(क) सामाजिक यथार्थताको चित्रण

(ख) समसामयिकता

(ग) राष्ट्रियता, धार्मिक सहिष्णुताको चित्रण

## ३.७ निष्कर्ष

आधुनिक नेपाली महाकाव्यको विकासक्रममा पुरानो परम्पराका साथै नवीन शैली र नयाँ परम्परामा महाकाव्य लेख्ने काम निरन्तर रूपमा चलिनैरहेको छ । समय परिवर्तन र परिस्थिति अनुकूल विभिन्न मोडमा महाकाव्य रचना गर्ने काम अद्यापि भइनैरहेको छ ।

यसरी **पृथ्वीन्द्रोदय** (१८७० तिर) **शाकुन्तल** (२००२) हुँदै आधुनिक कालमा प्रवेश गरेको महाकाव्य लेखन परम्परामा प्राथमिक कालको पूर्वार्द्धमा (सुरुदेखि-१९४०) **पृथ्वीन्द्रोदय**, **रामायण** र **धीरादेश पातञ्जल तीर्थावली**जस्ता तीनवटा महाकाव्य देखापर्दछ । त्यसैगरी प्राथमिक कालीन उत्तरार्द्ध (१९४०-२००१) सम्ममा **कृष्णभक्ति**, **रामभक्ति**, **महाभारत** कथामा आधारित पद्याख्यानहरू रचना भएको पाइन्छ । यसका साथै शासक स्तुतिमा आधारित रचना पाइन्छन् । यसैगरी आधुनिक नेपाली महाकाव्यको पूर्वार्द्धमा (२००२-२०१६) स्वच्छन्दतावादी र परिष्कारवादी महाकाव्य रचना भएको पाइन्छ । महाकाव्यको उत्कर्षकालका रूपमा स्थापित यस अवधिका केन्द्रीय प्रतिभा देवकोटा मानिन्छन् । यसैगरी आधुनिक नेपाली महाकाव्यको उत्तरार्द्धमा (२०१७-हालसम्म) प्रगतिवादी, प्रयोगवादी र समसामयिक महाकाव्य धारामा महाकाव्य लेखनकार्य जारी नै रहेको छ ।

आधुनिक नेपाली महाकाव्य लेखनको समसामयिक धारामा देखापरेका नारायणप्रसाद गौतमका हालसम्म चारवटा महाकाव्य प्रकाशित छन् । भावधारामा स्वच्छन्द र शैलीमा परिष्कार अँगाल्ने गौतम आँसुलेखन गर्ने मानवतावादी स्वर, व्यक्तिआदर्श, ईश्वर र अध्यात्मबाट बढी प्रभावित देखिन्छन् । अतः आधुनिक नेपाली महाकाव्यको इतिहासमा गौतमले नयाँ आयाम ल्याएका छन् ।

---

५८ शोधनायकबाट प्राप्त जानकारी ।

# चौथो परिच्छेद
# 'कुमारगौरव' महाकाव्यको विश्लेषण

## ४.१ पृष्ठभूमि

महाकाव्यकार नारायणप्रसाद गौतमद्वारा लेखिएको **कुमारगौरव** महाकाव्य प्रा.डा. कुमारबहादुर जोशीको जीवनी र व्यक्तित्वकेन्द्री भएकाले यो व्यक्तित्वको परिचय वर्णन र विकासमा आधारित महाकाव्य हो । चौध सर्गमा संरचित यस महाकाव्यलाई संरचना, कथानक, चरित्रचित्रण, परिवेश, भाषाशैली, उद्देश्य, लयछन्द, रस, अलङ्कार आदि तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

## ४.२ संरचना

संरचनाका दृष्टिले **कुमारगौरव** मध्यम आकारको महाकाव्य देखिन्छ । १६२ पृष्ठ आकारको यस महाकाव्यमा १४ सर्ग र ९०५ श्लोक रहेका छन् । सर्गका विषय-प्रसङ्गहरूलाई विभिन्न उपशीर्षकहरू दिइएको छ । चौध सर्गमा रहेका उपशीर्षक यसप्रकार छन् –

प्रथम सर्गमा सरस्वती वन्दना एवम् पूर्वीय गुरुमहिमा, गुरु प्रशस्ति, द्वितीय सर्गमा कुमारवंश वर्णन, तृतीय सर्गमा कुमारजन्म वर्णन, कुमार गर्भावस्थामा, चतुर्थ सर्गमा कुमारलाई पितृशोक, कुमार आमालाई सम्झाउँदै, पञ्चम सर्गमा बालकमा अध्ययनको पाइला अगाडि बढाउँदै, कुमारलाई विदेश नजान आमा सम्झाउँछिन् । षष्ठ सर्गमा विवाह वर्णन, विवाहमा जोशी कुमारको प्रसन्नता, लक्ष्मीको प्रशंसा गर्दै, लक्ष्मीको प्रसन्नता, सप्तम् सर्गमा अध्ययन एवम् देशसेवा भ्रमण, पुत्रप्राप्ति, कर्णालीयात्रा, अष्टम् सर्गमा अध्ययन सिर्जना, समालोचना तथा अनुसन्धान प्रतिभा वर्णन रहेका छन् ।

त्यसैगरी नवम् सर्गमा महाकवि देवकोटा र देवकोटाविद् डा. जोशीको प्रतिभा वर्णन, दशम सर्गमा काशीमा अतिथि प्राध्यापक र काशी वर्णन, नदीका घाट-वर्णन, द्वादश सर्गमा पुनर्विवाह, कुमारले नवपत्नीप्रति उद्‌गार व्यक्त, सरस्वतीबाट पनि हर्षोद्‌गार व्यक्त, त्रयोदश सर्गमा प्रथमपटक मृगौला प्रत्यारोपण र जीवनसङ्घर्ष, मृत्युशैय्याबाट बिउँझेर जीवनसङ्घर्षमा पुनः प्रत्यावर्तन र चतुर्दश सर्गमा दोस्रो नवजीवन एवम् दोस्रो जीवनसङ्घर्ष गरी २६ उपशीर्षकहरूमा **कुमारगौरव** महाकाव्य अन्तर्विभाजित र विस्तारित छ ।

यस महाकाव्यका कुल श्लोक ९०५ मध्ये १०९ श्लोक छन्दमा संरचित छन् भने ७९६ श्लोक वर्णमात्रिक छन्दमा संरचित छन् । कुल पङ्क्तिसङ्ख्या ३६२० रहेको यस महाकाव्यमा सबैभन्दा बढी अनुष्टुप् छन्द प्रयोग भएको महाकाव्यको कुल श्लोकसङ्ख्यामा ४९२ श्लोक र कुल ३६२० पङ्क्तिमध्ये १९६८ पङ्क्ति अनुष्टुप् छन्दका छन् । स्रग्विणी छन्दको भने एक मात्र श्लोक रहेको छ ।

महाकाव्यको सर्गगत श्लोक (पङ्क्ति) सन्तुलनलाई हेर्दा सबैभन्दा कम श्लोक र पङ्क्ति रहेको द्वितीय सर्गमा जम्मा ४५ श्लोक र १८० पङ्क्ति छन् भने सबैभन्दा बढी श्लोक र पङक्ति रहेको दशम् सर्गमा दशम् सर्गमा ८० श्लोक र ३२० पङ्क्ति रहेका छन् । बाँकी सर्गमा भने समग्र रूपमा हेर्दा ५०-७० सम्मका बीचमा श्लोकहरू रहेको देखिन्छ । यसरी दोस्रो र दशम् सर्गका श्लोकलाई हेर्दा सर्गगत सन्तुलन त्यति राम्रो देखिँदैन । अर्थात् यसको सर्गगत प्रबन्ध विधान समानुपातिक किसिमको नभई स्वच्छन्द वा उन्मुक्त किसिमको देखिन्छ ।

## ४.३ कथासार

यस **कुमारगौरव** महाकाव्यका नायक कुमारको जीवनी र व्यक्तित्व वृत्तमा आधारित छ । यसैले यसमा उनका जीवनका हरेक पक्षहरू कथाक्रमका रूपमा आएका छन् । सरस्वती वन्दना अर्थात् मङ्गलाचरणबाट यो महाकाव्य सुरु भएको छ । द्वितीय सर्गबाट कथा आरम्भ भएको छ । कुमारका पूर्खाहरू भारतको अयोध्यापुरी हुँदै तलेजु भवानीलाई नेपाल भित्र्याउने क्रममा नेपालमा भित्रिई काठमाडौँको साँगा, भक्तपुर, चावहिल आदि स्थानमा बसोबास गर्न थालेका थिए । कुमारका पिता प्रेम चावहिलमा बस्न थालेका हुन् । केही समयपछि यही चावहिलमा कुमारको जन्म हुन्छ । वैद्य परिवारमा जन्मिएका कुमार शुल्कपक्षको चन्द्रमाझैँ हुर्कन थाल्छन् । कुमार आठ वर्षका हुँदा उनका पिता प्रेमको मस्तिष्क रोगका कारण असामयिक निधन हुन्छ अनि कुमार टुहुरा हुन पुग्छन् (सर्ग ....., श्लोक ६, पृ. ३४) ।

११-१२ वर्षको भएपछि कुमारले अध्ययन गर्ने क्रममा गुरुको घरमा नै संस्कृतमा आयुर्वेद पढ्न थाल्छन् । उनले अमरकोश रघुवंश, व्याकरण कौमुदीजस्ता विषय पढेपछि पूर्वमध्यमा र उत्तरमध्यमा पढ्न थाल्छन् । यही क्रममा उनको भेट लक्ष्मी प्रधानसँग हुन्छ (पञ्चम सर्ग, पृ. ४८, श्लोक ३६) ।

केहीसमय कुमार पढ्नुका साथै जागीर गर्न थाल्छन् त्यसबेला उनलाई कोलम्बो डाक्टरी पढ्न जाने अवसर प्राप्त हुन्छ । तर आमाले अनुमति नदिएपछि स्वदेशमा नै जागीरे बनेर बस्छन् । त्यसपछि उनी पुरानी सहपाटी लक्ष्मी प्रधानसँग वैवाहिक बन्धनमा बाँधिन पुग्छन् । अध्ययन र अध्यापन दुवैलाई निरन्तरता दिँदै कुमारले शास्त्री तह पास गरी सकेर नेपालकै पूर्व इलामदेखि पश्चिम कर्णाली मुगुसम्म अन्वेषक, संवाददाता, कर्मचारी बनेर जीवनयापन गर्न थाल्छन् । जीवन-सङ्गिनीको कुशल रेखदेखमा कुमारले साहित्य सिर्जना, अनुसन्धान, समालोचना आदि विविध क्षेत्रमा कलम चलाउन थाल्छन् । देवकोटाका काव्यधाराबाट प्रभावित कुमारले देवकोटाका काव्यमा शोध प्रबन्ध पूरा गरी विद्यावारिधि उपाधि हासिल गर्दछन् (नवम् सर्ग, श्लोक ६८, पृ. १००) । कहिले-कहिले नेपालको त्रिभुवन विश्वविद्यालय नेपाली विभाग कीर्तिपुर त कहिले भारतको काशी हिन्दू विश्वविद्यालय वनारसमा प्राध्यापक अतिथि प्राध्यापक बन्न पुगेका छन् ।

यसरी लक्ष्मीसँग आनन्दपूर्वक जीवनयापन गरिरहँदा अचानक लक्ष्मी बिरामी पर्छिन् र उनको मृत्यु हुन्छ । अनि कुमारलाई पत्नी वियोगको पीडा थपिन्छ । पत्नी वियोगलाई कम गर्न काशीमा अतिथि प्राध्यापक बनेर गए पनि वियोग भने कम हुँदैन । उता सन्तानहरू पनि लोकका लागि मात्र भएकाले भन्दै उनी सहारा खोज्न भन्दै पुनर्विवाह गर्न पुग्छन् र नवपत्नी सरस्वतीसँग आनन्दपूर्वक जीवनयापन गर्न थाल्छन् ।

यसरी आनन्दपूर्वक बाँचिरहेका कुमारलाई अचानक मृगौलाको रोग लाग्छ र भारतको मद्रासमा धेरै खर्चिलो भए पनि दुवै मृगौला प्रत्यारोपण गरेपछि पुनर्जीवन पाएको भन्दै दुवै दम्पत्ति हर्षका साथ जीवनयापन गरिरहेका छन् (चतुर्दश सर्ग, श्लोक ६८, पृ. १६२) ।

## ४.४ कथानक

### ४.४.१ आदिभाग (आरम्भ)

यस **कुमारगौरव** महाकाव्यको कथानकको आदिभाग (सर्ग-१) मङ्गलाचरणबाट सुरु भएको छ । यसमा पूर्वीय वैदिक पौराणिक सन्दर्भमा विस्तारमा गुरु महिमा र प्रशस्ति गाइएको छ । काव्यनायक कुमारलाई आदर्श गुरु मान्दै प्रच्छन्न रूपमा उनले यसमा गुरु महिमाका

यावत् पूर्वीय सन्दर्भहरूको चर्चा गरेका छन् । यसरी महाकाव्यको पहिलो सर्ग गुरु महिमा स्वरूप मङ्गलाचरणका रूपमा आएको छ । यसमा गुरु आदर्शका प्रतिरूप गुरु वृहस्पति, गुरु वशिष्ट, द्रोणाचार्य, कृपाचार्य, शुक्राचार्य, सान्दीपनी र व्यास आदिलाई सम्झेका छन् । यसरी महाकाव्यको आरम्भ मङ्गलाचरण खण्डका रूपमा आएको छ ।

### ४.४.२ सङ्घर्ष ⁄ विकास

महाकाव्यका नायक कुमारको जीवनी र व्यक्तित्व खण्डसित सम्बन्धित महाकाव्यको दोस्रो सर्गमा कुमारवंश वर्णनसित वंशगत रूपमा आरम्भिक पृष्ठभूमिको परिचय दिने क्रममा महाकाव्यको दोस्रो सर्गको आरम्भमा कुमार उल्लेखित छन् । यसरी २-५ सर्ग सम्ममा कुमार वंशवर्णन, कुमारको जन्म हुनु, कुमारलाई पितृशोक पर्नु, कुमारले आमालाई सम्झाउनु, बालक कुमार टुहुरो हुनु, १०-११ वर्षमा गुरुको घरमा गई संस्कृत पढ्न थाल्नु, कुशाग्र बुद्धिका धनी कुमार काव्य, व्याकरण आदिमा अग्र स्थानमा आउनु, कुमारलाई भाइ र आमाप्रति जिम्मेवारी बोध हुनुजस्ता घटनाक्रमबाट महाकाव्यको कथानक विकास भएको देखिन्छ ।

### ४.४.३ मध्यभाग

महाकाव्यका नायक कुमारको पूर्वमध्यमा अध्ययन गर्दा बटुटोल निवासी लक्ष्मी प्रधानसँग भेट हुनु, सहपाटी ती दुवै कव्य शास्त्रीय ज्ञानमा अग्रस्थानमा देखिनु, केही समयपछि कुमार जागीरे बन्नु, लक्ष्मीसँग परम्पराअनुरूप विवाह गर्नु, दुवैले आनन्दपूर्वक दाम्पत्य-जीवन बिताउनु, दुवै जागीरे भएर कहिले पूर्व इलाम कहिले पश्चिम कर्णाली पुग्न यसै क्रममा पुत्र जन्माउनु, महाकवि देवकोटाका काव्यकृतिमा विद्यावारिधि गर्नु, देवकोटाविद्को उपाधि हासिल गर्नु, अनुसन्धाता बनेर लोकसाहित्य सङ्ग्रह प्रकाशन गर्नु, समालोचनात्मक ग्रन्थ प्रकाशन गर्नु, त्रि.वि.का विशिष्ट प्राध्यापक बनेर स्वदेशको शिक्षाक्षेत्रमा योगदान पुऱ्याउनु, निरन्तर साहित्य सिर्जनामा लाग्नु आदि घटनाक्रम महाकाव्यको कथानकको मध्यभाग हो । अर्थात् ६-९ सर्गको बनौटद्वारा यस महाकाव्यले उत्कर्षता पाएको छ । त्यसैगरी लक्ष्मी बिरामी हुनु (सर्ग १०) निकै औषधी-उपचार गर्दा पनि निको नहुनु, अन्तत: लक्ष्मीको असामयिक निधन हुनु, कुमारलाई पत्नी वियोगको पीडा थपिनु, कुमार वियोगको पीडा कम गर्न वाराणसीमा अतिथि प्राध्यापक बनेर जानु, आफन्त (सन्तान) सबै उनीबाट टाढा हुनु, जीवनमा सहाराको खाँचो पर्नु, सरस्वतीसँग पुनर्विवाह गर्नुजस्ता घटनाक्रमहरू कथानकका चरमोत्कर्ष भाग हुन् ।

### ४.४.४ अन्त्यभाग

कुमार र सरस्वतीले आनन्दपूर्वक वैवाहिक जीवनयापन गर्नु, अचानक कुमार बिरामी पर्नु, नेपालमा उपचार नहुनु, भारतको मद्रासमा लैजानु, मृगौला प्रत्यारोपण गर्नुपर्ने देखिनु, कुमारको उपचारमा आर्थिक सङ्कट आउनु, विभिन्न सङ्घसंस्था, व्यक्ति आदिले चन्दा सङ्कलन गरी कुमारको मृगौला प्रत्यारोपण गराउनु, केही समय निको हुनु, फेरि पुरानो रोग बल्भिनु, अर्को मृगौला पनि प्रत्यारोपण गर्नुपर्ने देखिनु, फेरि आर्थिक अभाव हुनु, सरस्वतीले धैर्य गरी चन्दा सङ्कलन गर्नु, फेरि मृगौला प्रत्यारोपण गराउनु अन्ततः कुमारलाई निको हुनु, पुनर्जीवन पाएर कुमार दम्पत्ति आनन्दपूर्वक जीवनयापन गरिरहनुसम्मका घटनाक्रम (सर्ग १३-१४) मा महाकाव्य समापन भएको छ ।

## ४.५ वस्तु–विश्लेषण

यस **कुमारगौरव** महाकाव्यमा प्रयुक्त मुख्य वस्तुका आधारमा महाकाव्यको सारभूत अंश प्रस्तुत गरिएको छ । यस महाकाव्यमा केन्द्रित वस्तुसन्दर्भ र विषयहरूका आधारमा वस्तु-विश्लेषण गरिएको छ । गुरु-परम्पराप्रति मोह, आध्यात्मिक चेतना, सांस्कृतिक चेतना, विसङ्गतिबोध, मानवमूल्य, नारीचेतना आदिजस्ता सन्दर्भहरू मूल सन्दर्भका रूपमा रहेका छन् । यी मूल सन्दर्भअन्तर्गत अन्य वस्तुसन्दर्भहरू पनि समावेश भएका छन् । यसकारण यस महाकाव्यका वस्तुसन्दर्भका आधारमा वस्तु-विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.५.१ गुरु–परम्पराप्रतिको मोह

गुरु गौरवमा आधारित यस महाकाव्यमा काव्यका नायक कुमार लेखकका गुरु भएकाले पनि उनको गुरुप्रति ज्यादै मोह र श्रद्धा देखिन्छ । गुरुको महिमागान मङ्गलाचरणसँगै गरिएको छ । सरस्वती वन्दनासँगै गुरु महिमा व्यक्त गरिएको छ । प्रथम सर्गमा नै गुरु महिमा, गुरु प्रशस्ति गाइएको छ । यसमा आज गुरुको मान घट्दै जान थालेको प्रति पनि चिन्ता व्यक्त गरिएको छ । पूर्वीय वेदान्त दर्शन र आध्यात्मिक दर्शनबाट प्रभावित लेखकले यस महाकाव्यमा गुरुप्रतिको श्रद्धाभाव यसरी व्यक्त गरेका छन् ।

#### ४.५.१.१ गुरु प्रशस्ति

गुरुको कृपाले मैले नव सन्देश फैलाउन सकूँ भन्दै कविले गुरु स्रष्टा हुन्, द्रष्टा हुन्, गुरु ब्रह्मा हुन्, विष्णु हुन् भनेका छन् । कविले गुरुलाई ईश्वरको स्वरूप, काव्यका ज्ञाता र असल मार्गदर्शक हुन् भनेका छन् (१:१६) ।

त्यसैगरी उखु बाङ्गो भए पनि गुलियो भएजस्तै गुरुमा पनि मधुमाधुर्य ज्ञानको भाव हुन्छ, जसले आफू बिग्रिएर भए पनि अरूलाई सपार्दछ (१:१९) । यस्ता गुरुको ज्ञान हासिल गर्नसके विद्वान् बनी सर्वलोक पुजिन्छ । विद्या नै सबैभन्दा महत्त्वपूर्ण र ठूलो धन हो, जसको वशमा संसार चल्दछ । त्यसैले गुरुको शरणमा जाँदा सदा अनुशासनको बाटोमा चल्न सकिन्छ । त्यसैले लेखकले गुरुको महिमा र प्रतिभा गान गरेका छन् (१:३२) ।

### ४.५.१.२ पूर्वीय गुरु महिमाप्रतिको आस्था

कविले यस महाकाव्यको प्रथम सर्गमा गुरुको महिमा पूर्वीय दर्शनका आधारमा गरेका छन् । देवताका गुरु वृहस्पति सम्मानका पात्र हुन् । त्यसैगरी गुरु वशिष्ट जो वेदका ज्ञाता थिए, उनले श्रीरामलाई तत्त्वदर्शी ज्ञान दिएका थिए । गुरु द्रोणाचार्य जसले अस्त्रविद्या दिएर अर्जुनले सर्वश्रेष्ठ धनुरधर बन्ने मौका पाए । त्यस्तै गुरु कृपाचार्य शास्त्रीय ज्ञानका दाता, शुक्राचार्य दैत्यका गुरु, जसले मृतसञ्जीवनी विद्या दिने गर्दथे । गुरु चर्चाकै क्रममा काव्यमा कृष्ण र बलरामका गुर सान्दिपनी र व्यास जैमिनी आदि वैशम्पायनका गुरु आदिको चर्चा गरिएको छ । यसरी पूर्वीय सभ्यतामा हाम्रो गुरुको मानमर्यादा विशेष किसिमको छ । गुरु आदर्श हुन्, परमेश्वरको भन्दा गुरुको स्थान उच्च छ (१:५८) भन्दै कविले यहाँ पूर्वीय गुरु-परम्पराको विशेष चर्चा गरेका छन् ।

### ४.५.१.३ खस्किँदो गुरु महिमाप्रतिको चिन्ता

गरिमामय गुरु-परम्परा रहेको हाम्रो सनातन संस्कार आजभोलि खस्किएको छ । गुरुमा गुरुभाव छैन । त्यसैगरी शिष्यमा शिष्यको भाव पनि हराउँदै गएको छ (१:५९) । कतिपय गुरुमा नैतिक आचरण गुमिसकेको र जस्तोसुकै निच कार्य पनि गर्ने भएकाले शिक्षा क्षेत्रको गुणस्तर खस्केको छ । आजभोलि गुरु कर्तव्य नै छोडी राजनीतिक नेताको पछि लाग्नाले नैतिकता गुमेको छ । म नै सर्वज्ञ हुँ भनी हाँक दिने तर कर्म नगरी कुकर्मतिर लाग्ने केही गुरुहरूले गर्दा प्राज्ञिक व्यक्तिमा पनि मनोबल कम हुन थालेको छ । यसबाट गुणस्तर खस्किँदै जाँदा विद्यारूपी मन्दिर पनि सुनसान हुनसक्छ (१:७१) । त्यसैले शिक्षा क्षेत्रमा राजनीतिकरण त्यागी विसङ्गतिको अन्त्य गरिनुपर्दछ । नेताको बुई चढी धुरी टेक्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्दछ (१:७३) भन्दै कविले यहाँ गुरुको महिमा घट्दै गएको कुराप्रति चिन्ता व्यक्त गरेका छन् । शिक्षा क्षेत्रमा विकृति, विसङ्गति फैलिएको र पूर्वीय परम्पराअनुरूपको शिक्षण पद्धति हराउँदै पश्चिमाशैलीको प्रभाव बढ्दै गएको कुराप्रति पनि काव्यमा असन्तुष्टि व्यक्त गरिएको छ ।

## ४.५.२ आध्यात्मिक चिन्तन

यस महाकाव्यमा कविले पश्चिमी संस्कृतिले प्रभाव जमाइरहेको सन्दर्भमा अध्यात्मवाद उपेक्षा हुँदै आएको प्रति चिन्ता व्यक्त गरेका छन् । यसबाट परम्परागत मान्यतामा ठेस पुगेको छ । नेपालीहरू पश्चिमी संस्कृतिको नक्कल गर्दै नास्तिक बनेका छन् । गुरुलाई ईश्वरको रूप मान्ने हाम्रो संस्कृति, परम्परा बिस्तारै हराउँदै छ । धर्मप्रतिको आस्था कम हुँदै गएको छ । त्यसैले कविले यसमा आफ्नो रीतिरिवाजलाई छोड्न नहुने कुरा बताएका छन् (१:७४) । यसरी पूर्वीय सभ्यताअनुसार हिन्दू धर्मावलम्बीहरूमा रहेको आध्यात्मिक भाव हिजोआज गुरु-चेला दुवैमा कम हुँदै गएको छ । हामीमा रहेको सद्भावपूर्ण परम्परा दुर्भावमा परिणत भएको कुराप्रति काव्यमा चिन्ता व्यक्त गरिएको छ (१:६३) ।

## ४.५.३ धर्म–संस्कृतिप्रतिको मोह

यस काव्यका नायक कुमार, नायिका लक्ष्मी दुवै हिन्दू धर्म-संस्कृतिप्रति आस्थावान् देखिन्छन् । उनीहरूमा हिन्दू धर्मअनुसारको व्यवहार पाइन्छ । उनीहरूको विवाह नेवार संस्कृतिअनुरूप सम्पन्न भएको छ (६:१७) । त्यसैगरी कुमारका पिताको मृत्युपश्चात् बालक कुमारले हिन्दू धर्म-संस्कृतिअनुसार मुण्डन गर्नु, दागबत्ती दिनुजस्ता अन्त्येष्टिका कामहरू पनि गरिएका छन् (४:८) । नायिका लक्ष्मीले हिन्दू नारीले गर्नुपर्ने भूमिका निर्वाह गरी पतिलाई परमेश्वर मानेकी छिन् । नायक काशी अतिथि प्राध्यापक बनेर जाँदा उनले काशीको पवित्र गङ्गाको वर्णनमा हिन्दू धर्मको विशेष महत्त्व रहेको बताएका छन् । हिन्दू समाजमा काशी स्वर्गसमान छ, जहाँ भागीरथी गङ्गाको पवित्रता पाइन्छ । त्यसैगरी संस्कृति विद्याको केन्द्रसमेत मानिएको काशी ठूलो शास्त्रीय केन्द्र हो, जसलाई वाराणसी पनि भन्दछन् (११:८) । काव्यमा हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र मानिने काशी वर्णनले पनि धर्म-संस्कृतिप्रतिको मोह दर्शाएको छ ।

## ४.५.४ विसङ्गतिबोध

यस महाकाव्यमा पूर्वीय सभ्यताबाट विचलनका कारण जीवनमा देखिएको विसङ्गतिबोधबाट मानवीय अस्तित्वको खोजी गरिएको छ । यसमा निराशा, उदासीनता, कुण्ठित र वितृष्णाले ग्रसित वर्तमान मान्छेको जीवनमा देखिएको अन्योलता, दिशाहीनता र मूल्यहीनतालाई पनि प्रस्तुत गरिएको छ । आजको मान्छे स्वचेतना वा आत्मकेन्द्रित चेतनाका

कारण अत्यन्त वैयक्तिक भएको छ । मान्छेमा मानवता हराउँदै गएको र जीवन मूल्यहीन एवम् उपेक्षित बन्दै गएको कुरालाई पनि काव्यमा प्रस्तुत गरिएको छ (१३:६३) ।

### ४.५.४.१ सङ्कटग्रस्त अवस्था

यस काव्यका नायक कुमार आठ वर्षका हुँदा नै उनलाई पितृशोक पर्‍यो र उनको परिवारमा आमा र सानी बहिनी मात्र भए । बाबुको निधनपश्चात् उनीहरूको परिवारमा जीवन धान्ने आधार नै रहेन । सानैमा टुहुरा भएका कुमारलाई कसरी पालनपोषण गर्ने र शिक्षादीक्षा दिने भनेर आमा आँसु झार्दछिन् (४:२४) । सङ्कटग्रस्त आर्थिक दुरावस्थाको सोझो प्रभाव कुमारको परिवारमा परेको छ । कुमार परिवारले भोग्नुपरेको यो आर्थिक विपन्नता समाज यथार्थकै पनि प्रतिबिम्ब हो । महाकाव्यमा महँगी र अभावका कारण पनि कुमार परिवारलाई जीवन धान्न धौधौ परेको देखाइएको छ । काव्यमा नायक कुमारले शुद्ध शिक्षाको पेसामा घरवार चलाउँदा औषधि किन्नै नपुग्ने भनी आफू बिरामी पर्दा आर्थिक अभाव भएको जनाएका छन् (१४:१६) । त्यस्तै नायकको मृगौला प्रत्यारोपण गर्नुपर्ने अवस्था आइलागेको र त्यसमा चाहिने रकम आफूसँग नहुँदा कुमारलाई उपचारमा ठूलो सङ्कट परेको कुरा यहाँ उल्लेख गरिएको छ (१३:२६) । सामान्य परिवारका व्यक्तिलाई मृगौला प्रत्यारोपण जस्तो उपचार गर्नुपरेमा आर्थिक अभावका कारण उपचार गराउन नसक्नु, सहयोगको अपेक्षा गर्नु, चन्दा सङ्कलन गर्नुजस्ता बाध्यताबाट गुज्रनुपर्ने जस्ता कुरा काव्यमा व्यक्त गरिएको छ ।

### ४.५.४.२ बिरानोपन र सङ्कटापन्न अवस्थाको अभिव्यक्ति

सामान्य परिवारका नायक कुमार बिरामी पर्दा उपचारार्थ धेरै धनराशी आवश्यक देखिन आउँछ, जुन उनीसँग हुँदैन । त्यसबेला उनले आफ्नो अंशमा रहेको एउटा घर बेचेर उपचार गराउन चाहँदा परिवारका सदस्यहरूले नमानेपछि उनी छाँगाबाट खसेझैँ भए । उनलाई आफन्तबाट बिरानो भएको महसुस भयो (१३:२८) । उनलाई सन्तान भएर पनि आपत पर्दा साथ नदिएपछि भएको पनि केही सार भएन भन्ने लाग्छ । सन्तान त लोकका लागि मात्र जन्मने रहेछन् (१३:४३) । कमाइ र सम्पत्ति हुँदा सबैको हाइहाई हुने तर धनसम्पत्ति नहुँदा विपत्ति पर्दा घरपरिवार पनि आफूबाट टाढा बस्न थाले । आफूसित साथ दिने श्रीमतीबाहेक कोही रहेनन् भन्दै धनसम्पत्ति नहुँदा छोराछोरी पनि बिराना हुँदारहेछन् (१३:४४) । यस्तो वातावरणबाट कुमार नायक जिन्दगीदेखि निराश बनेका छन् ।

### ४.५.४.३ निराशा, उदासीनता र वितृष्णा

नायक कुमार र नायिका लक्ष्मीको सुखद मिलन अचानक दु:खमा परिणत भयो । नायिका लक्ष्मी अचानक बिरामी पर्दा नेपाल-भारत दुवै ठाउँमा उपचार गराएर केही समय निको भएको रोग फेरि बल्झियो र तीन वर्षपछि निको नहुने रोग लागेको थाहा भयो । यसरी लक्ष्मीको अचानक देहवसान भयो । उता कुमार लक्ष्मीबिना एक्लो भएर जीवनदेखि निराश र उदास भएर बाँच्न विवश बने । लक्ष्मीले छाडेर गएपछि कुमार मूर्च्छित अवस्थामा यसो भन्दछन् -

'सुधाजस्तो तिम्रो प्रणयरसमा चुम्बित थिएँ,

गयौ छोडी टाढा किन किन अहो ! घायल भएँ ।'

॥१०:५२॥

लक्ष्मीको मृत्युले विक्षिप्त बनेका कुमार सानैमा पिताले छोडेर बाल टुहुरो बनेको र अहिले अर्धाङ्गिनीले पनि छाडेर जाँदा आफू बगरको सुख्खा बालुवाजस्तो बनेको अनुभव गरेका छन् । जीवनभरि बिर्सन नसक्ने गहिरो चोट दिएर गएकी हुँदा उनले विधातालाई दोष दिएका छन् । यस्तो जोडी भुवनभरिमा छैन भन्दै लक्ष्मीलाई सम्झेर निराश र उदास बनेका कुमार पत्नी वियोगको चोट मनमा छुरासरी बिझ्दछ भन्दछन् (१०:७८) ।

## ४.५.५ नारी सहधर्मिताको अभिव्यक्ति

प्रस्तुत काव्यमा नायक कुमारले नारीलाई अग्रस्थान दिएका छन् । आफू आठ वर्षको हुँदा टुहुरो भएपछि आमा जुलुममायाले गरेको स्याहार र पढाइप्रति उनले देखाएको चासोबाट नारी सहन सक्ने धरतीजस्तै हुन्छिन् भन्ने कुमारलाई लागेको छ । आफू भोकभोकै रहेर भए पनि छोराछोरीका लागि समर्पित हुने आमा छोराछोरीका पढाइका लागि समेत चिन्तित बन्छिन् (५:७) ।

नायक कुमारले यस काव्यमा नायिका लक्ष्मीलाई आफ्नो जीवनको सम्पूर्ण अभिभारा बोक्नसक्ने अर्धाङ्गिनीका रूपमा हेर्दै उनी स्वच्छ चरित्र भएका बनेका छन् (६:३३) । धर्मपत्नीको अकाल मृत्युपश्चात् भावविह्वल बनेका कुमार पत्नीबिना संसार शून्य भएको ठान्छन् । जीवनमा नयाँ उमङ्ग ल्याउने नारी नहुँदा आफू एक्लो बेसहारा बनेको कुरा उनले यहाँ व्यक्त गरेका छन् (१०:६२) ।

उनले यसमा नारीबिनाको जीवन अपूर्ण हुने र घरवार चलाउन समेत कठिन पर्ने कुरा उल्लेख गरेका छन् (१२:३४) । प्रस्तुत काव्यमा नारी नै सिर्जनाका खानी हुन् भन्दै नारीको सम्मान गरिएको छ । काव्यका नायक कुमारले पहिलाको पत्नी लक्ष्मीको

असामयिक निधनपश्चात् ५२ वर्षको उमेरमा पुनः विवाह गर्नुले पनि नारीबिना जीवन रथका पाङ्ग्रा गुड्न नसक्ने हुँदा एकबिना अर्काको अस्तित्व असम्भव जस्तै ठानिएको छ (१२:२०) ।

### ४.५.६ सामूहिक सहयोगप्रति कृतज्ञताभाव

बाल्यकालमा टुहुरा बनेका कुमार आमा र आफन्तको हेरचाहमा हुर्किए । उनलाई मृगौलासम्बन्धी रोग लाग्दा घरपरिवार र आफन्तले साथ नदिएपछि सहयात्री, पत्रकार, राजनीतिज्ञ, विद्यार्थी र विभिन्न सङ्घसंस्थाले चन्दा सङ्कलन गरी उनको उपचारमा सहयोग गरेका थिए । यसरी जीवनमरणको दोसाँधमा उभिएका कुमार सहयोगीहरूको सामूहिक सहयोगबाट पुनर्जीवन पाउन सफल भएकोमा कृतज्ञ बनेको कुरा काव्यमा व्यक्त भएको छ (१३:३७) ।

### ४.५.७ मानवताबोध

यस काव्यका नायक कुमार देवकोटाविद् भएकाले देवकोटाको मानवतावादी दृष्टिकोणलाई उनले उच्च मूल्याङ्कन गरेका छन् । देवकोटा आफूलाई जस्तोसुकै अभाव र दुःखकष्ट गरे पनि परोपकारी र विश्व-मानवतावाद चर्चा गर्दथे । अरू स्वार्थी भए पनि निःस्वार्थभावले सहयोग र सेवा गर्दथे । नायक कुमारले देवकोटाका सन्दर्भमा भनेका छन् -

'घरको ख्याल क्यै छैन विश्व नै यिनको घर
भेदभाव कहीँ छैन न केही वर वा पर
मान्छेको दिलमा हुन्छ जगदीश्वरको घर
मान्छेकै गर हो पूजा, उही हो परमेश्वर ।'

॥९:४५॥

यसरी विश्व नै घर हो र यहाँ बसोबास गर्ने सम्पूर्ण बन्धुवान्धव हुन् भन्ने देवकोटाको विश्व-मानवतावादी भावलाई कुमारले यहाँ चर्चा गरेका छन् । प्रत्येक मान्छेको हृदयमा जगदीश्वरको बास हुन्छ । त्यसैले मान्छेको मुहार हँसाउनु ईश्वरलाई पूजा गर्नु हो भन्ने देवकोटाका विचारधाराबाट प्रभावित कुमारले पनि मानवतावादी धारणा व्यक्त गरेका छन् ।

## ४.५.८ पति-पत्नी प्रणयभाव

काव्यका नायक कुमार र नायिका लक्ष्मी विद्यार्थी-जीवनमा सँगै पढ्न जान्थे । सँगै पढ्दापढ्दै बिस्तारै यी दुवैमा प्रेम बढ्दै जान्छ र प्रेममा प्रभावित हुन्छन् ।

'युवकयुवती हाँस्दै पढ्दथे पाठशाला

रसिकजनहरूले बुन्दथे प्रेमजाल ।'

॥१६:९॥ दुईपाऊ

पाठशाला पढ्न जाने कतिपय युवायुवतीहरू पढ्नतिर भन्दा प्रेमजाल बुन्नमा व्यस्त हुन्थे । युवायुवती पढ्नभन्दा प्रेम गर्नमा बढी ध्यान दिन थाल्छन् तर यहाँ नायकनायिकाले भने पढाइका साथसाथै प्रेमभावलाई पनि अगाडि बढाएका छन् । अन्ततः पढाइ पूरा भइसकेपछि यी दुवै विवाह बन्धनमा बाँधिएका छन् । दुवै नेवार समुदायका हुनाले उनीहरूको विवाह नेवारी परम्पराअनुसार धुमधामका साथ सम्पन्न हुन्छ । आफूले मन पराएको व्यक्तिलाई नै जीवनसाथीको रूपमा पाउँदा हर्षविभोर हुँदै कुमार भन्दछन् - 'तिम्रो साथ पाएपछि पानी नखाए पनि प्यास मर्छ र भोकै बसे पनि भोक मर्छ, तसर्थ जिन्दगी अब स्वर्ग बन्छ (६:२८) ।' नायिका लक्ष्मीले पनि कुमारजस्ता विद्वान्लाई पतिको रूपमा पाउँदा आफू सौभाग्यशाली रहेछु भनी प्रसन्नता व्यक्त गर्दछिन् (६:६३) ।

काव्यमा नायकनायिकाको आत्मीय प्रेमभाव दर्शाइएको छ । यसका साथै जागीरे जीवनमा कुमार आफूबाट टाढा बस्दा लक्ष्मीले पतिलाई ज्यादै प्रेमभाव व्यक्त गरेकी छिन् । कुमार पनि पत्नीको वियोगमा दिन गनी-गनी बस्न बाध्य हुन्छन् (७:२८) । लक्ष्मीको माया पाएर नै कुमारले उन्नति गरेका छन् । लक्ष्मीको प्रेमबाट कुमार ज्यादै प्रभावित बनेका छन् (७:३) ।

नायक कुमार लक्ष्मीको निधनपश्चात् सरस्वतीसँग पुनर्विवाह गर्दछन् । लक्ष्मीकै स्मरण गर्दै सरस्वती उनकै अर्को रूप हो कि भन्दै प्रणयरसमा डुब्न थाल्दछन् । नारीबिना जीवन अपूर्ण हुन्छ भन्दै उनले सरस्वतीलाई पनि उस्तै प्रेम गरेका छन् (१२:३०) ।

यसप्रकार काव्यमा नायकनायिकाको प्रेमभावलाई पनि विषयवस्तु बनाइएको छ । नायिका लक्ष्मीलाई नायकले सतिसावित्री, पार्वती र सीताजस्ता आदर्श हिन्दू नारीहरूसँग तुलना गरिएको छ ।

## ४.५.९ प्राकृतिक चित्रण

यस काव्यका नायक कुमारले नायिका लक्ष्मीलाई बेली, चमेली, जुही, गुराँस, जाहीजस्ता विभिन्न प्रकारका फूलहरूसँग तुलना गरेका छन् (६:२९) ।

सुगन्धी कस्तूरीजस्तो मगमग बासना चल्ने तिम्रो बोली भनेर कस्तूरीको बासनाको वर्णन गरेका छन् (१०:६०) । दोस्रो विवाहपश्चात् नायक कुमारले नायिका सरस्वतीलाई तिमी लालीगुराँस हौ, उल्लास र उमङ्ग ल्याउने र सुवास छर्दै बाँझो धरामा फूल फुलाउन भनेका छन् (१२:३१) । यसमा प्राकृतिक रूप र सौन्दर्यसँग नायिकाको रूप र सुन्दरताको तुलना गरिएको छ ।

काशीमा अतिथि प्राध्यापक बनेर जाँदा नायकले काशीको प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ । प्राकृतिक स्वरूपको चर्चा गर्दै स्वर्गबाट बगेर आएको भागीरथी गङ्गा र गङ्गा प्रवाहको स्थल काशी प्राकृतिक स्वरूपले पनि दर्शनीय छ । त्यस्तै यसमा काशीमा पवित्र मानिने विभिन्न नदीका घाटहरूको प्राकृतिक सुन्दरताको पनि वर्णन गरिएको छ (११:१६) ।

## ४.५.१० लोकसाहित्यप्रति मोह

काव्यका नायक कुमार एक अनुसन्धाता पनि हुन् । उनले नेपालको विकट मानिने कर्णाली र त्यहाँको लोकजीवनलाई अध्ययन र अनुसन्धान गरेका छन् । कर्णाली तटको लोकजीवन र साहित्य विशाल छ भन्दै उनले प्राचीन कालका भेष र भाषा जीवनन्त रहेको कर्णालीमा अनेकौं लोकशैली छन् भनेका छन् । कर्णाली क्षेत्रका लोकगीत र गाथाहरूले दु:खी, गरिबको वियोग, गुजारा टार्न मुग्लान बस्नुपर्ने बाध्यता र वेदनाहरूलाई लोकलयमा पोखेका छन् । कर्णाली, जुम्ला, सिञ्जा, मुगु, डोल्पा, कालिकोट, हुम्लाका गाउँपाखाहरूमा पुगी कुमारले अन्वेषक भएर काम गरेका छन् । उनले लोकसाहित्यको सङ्ग्रह तयार पारी लोकसाहित्यमा ठूलो योगदान पुऱ्याएका छन् (७:३७) ।

यसप्रकार नायक कुमारले लोकसाहित्यप्रतिको मोहको कारण जुम्ला, सिञ्जाजस्ता लोकसाहित्यका उद्गम स्थलमा पुगेर लोकसाहित्य र लोकगाथाको सङ्कलन गरेका कुराहरू काव्यमा उल्लेखित छन् ।

## ४.५.११ जातीयताबोध

काव्यका नायक कुमार सानैदेखि प्रतिभाशाली र कुशाग्र बुद्धिका थिए । उनले संस्कृत पढ्नमा रुचि देखाउँदा नेवार समुदायका कुमारलाई संस्कृत पढ्न सक्दैन कि ? भन्ने प्रश्नले

मुटुमा बाण बिझ्दछ । आफूमा रुचि र लगनशीलता भएमा संस्कृत पढ्न सकिन्छ भन्ने विचारले उनले पढ्न थाल्दछन् । बाहुनले मात्र संस्कृत पढ्ने र पण्डित बन्ने जस्तो सङ्कीर्ण विचारधारा विपरीत कुमारले संस्कृत पढ्न थाल्दछन् । प्रतिभा नभएमा जातले मात्र उन्नति गर्न सक्दैन भन्दै जातीयताको साँघुरो सोचलाई त्यागी संस्कृत पढ्न थालेका थिए (५:३१) ।

यसरी मेधावी कुमार मध्यमा पढ्दा प्रथम स्थान हासिल गरी जातीय सोचभन्दा माथि उठेका छन् । प्रतिभावान् व्यक्तिले रुचिअनुसारको कुनै पनि विषयमा ज्ञान हासिल गर्न सक्दछन् भन्ने कुरा काव्यमा व्यक्त गरिएको छ ।

### ४.५.१२ भौगोलिक विकटताको चित्रण

यस काव्यमा नेपाल-भारतका विभिन्न स्थानहरूको चित्रण गरिएको छ । नेपाल भौगोलिक विकटता भएको देश हो । त्यहाँ गएर काम गर्नु निकै जोखिमपूर्ण छ भन्ने कुरालाई पनि यस काव्यमा देखाइएको छ । कर्णाली यात्रा उपशीर्षक राखेर काव्यमा भौगोलिक विकटताको चर्चा गरिएको छ । कर्णाली तटको बाटो साँघुरो र घुमाउरो छ, जहाँ पैदलयात्रीहरू डराएर कहालिने गर्दछन् । चिप्लियो भने कर्णाली नदीमा खस्ने र जीवन समाप्त हुने त्यो डरलाग्दो कर्णाली नदीको तटको वर्णन गरिएको छ । यस काव्यमा नेपालकै विकट मानिने कर्णाली क्षेत्रको चित्रण गरिएको छ (७:१९) ।

## ४.६ चरित्र चित्रण

प्रस्तुत महाकाव्यमा कुमार, लक्ष्मी र सरस्वती प्रमुख पात्रका रूपमा रहेका छन् । प्रेमबहादुर, जुलुममाया, कुलचन्द्र गौतम कविराज, नीर, वैकुण्ठ, माधव, गङ्गाधर, श्रीधर, श्याम, राम, कौशल, विश्व, डा. जर्जी, रविकुमार, रामप्रसाद आदि सहायक र गौण तथा साङ्केतिक पात्रका रूपमा देखिएका छन् ।

### ४.६.१ कुमार

कुमार **कुमारगौरव** महाकाव्यका नायक हुन् । यिनी पिता प्रेमबहादुर र माता जुलुममायाका दोस्रो सन्तानका रूपमा वि.सं. १९९८ मङसीर २३ गते काठमाडौँको चावहिलमा जन्मेका हुन् । वैद्यवंशमा जन्मेका कुमार पिता प्रेमबहादुरको असामयिक निधनपछि ८ वर्षमा नै टुहुरा हुन पुग्छन् । आफूहरूलाई दैवको कुदृष्टि परेछ भन्दै बालक कुमार सानै भएपछि सृष्टिको नियममा चल्नुपर्दछ भनेर सबैले पछि आफूले पनि आमा र भाइहरूलाई अवश्य

पाल्नेछु भनी दृढ निश्चय गर्दछन् । १०-११ वर्षको भएपछि मात्र आमाको सहारामा पढ्न थालेका कुमार सानैदेखि लगनशील मेधावी हुनाले सबैलाई उछिनेर अगाडि बढ्छन् । गुरुको उचित हौसला र मार्गदर्शन पाएर उनी संस्कृत काव्य पढ्न थाल्छन् । यसै क्रममा उनको लक्ष्मी प्रधानसँग भेट हुन्छ । पढ्नमा मेधावी लगनशील कुमार र लक्ष्मी दुवै सहपाटी अरूलाई उछिनेर मनपराउन थाल्छन् । केही समयपछि उनीहरूको नेवारी संस्कारअनुसार विवाह हुन्छ । त्यसपछि दुवैले आनन्दपूर्वक जीवनयापन गर्दै कहिले पूर्व इलाम त कहिले पश्चिम कर्णाली, दाङ मुगुमा जागीरे जीवन बिताइरहेका हुन्छन् । यसै क्रममा पत्नी लक्ष्मीबाट छोराको जन्म हुन्छ र छोराको नाम कौशल राखिन्छ ।

सुखपूर्वक जीवन बिताइरहेका पतिपत्नीमध्ये अचानक कुमार पत्नी लक्ष्मीको मृत्यु हुन्छ र कुमारलाई पत्नी-वियोगको पीडा थपिन्छ । यिनै दिनहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको काव्ययात्रामा विदावारिधि गरी त्रि.वि.मा प्राध्यापक हुन पुग्छन् । पछि अतिथि प्राध्यापकका रूपमा प्राध्यापन गर्न वाराणसीको काहिविमा पुग्छन् । उनका सन्तानहरू आ-आफ्नै पेसामा व्यस्त भएकाले आफूलाई बाँच्ने सहारा चाहियो भन्दै कुमार ५२ वर्षमा पुनर्विवाह गर्न पुग्छन् । विवाहपश्चात् जीवनसङ्गिनी सरस्वतीसँग आनन्दपूर्वक जीवनयापन गरिरहँदा अचानक कुमार बिरामी पर्दछन् । उच्च रक्तचाप र मधुमेहजस्तो दीर्घरोग लागेका कारण उनको मृगौला खराब हुन्छ । मृगौला प्रत्यारोपण गर्न धेरै खर्च लाग्ने भएपछि आर्थिक अभाव सिर्जना हुन्छ र आफन्तले साथ नदिए तापनि सङ्घसंस्था, व्यक्ति आदिबाट चन्दा-सहयोग सङ्कलन गरी उनको मृगौला प्रत्यारोपण हुन्छ । कुमारले नवजीवन प्राप्त गर्दछन् ।

यसप्रकार कुमार जस्तोसुकै परिस्थिति, आपतमा पनि धैर्यधारण गरी बाँच्न सक्ने परिस्थिति अनुकूल, धीर गतिशील सत्पात्रका रूपमा देखापर्दछन् । सन्तानले आफ्नो कर्तव्य पूरा नगरे तापनि सन्तानप्रतिको कर्तव्य निभाएका कुमार विश्वासी, परिश्रमी पनि छन् । त्रि.वि. र भारत काहिविमा वरिष्ट प्राध्यापक बनेर सदैव प्रज्ञाको मार्ग देखाउने यिनी आदर्श गुरु, कुशल समालोचक, अनुसन्धाता, देवकोटाविज्ञ, कुशल निर्देशकका रूपमा समेत चिनिन्छन् । यसैले काव्यका नायक यिनी सदगुणयुक्त सत्पात्र हुन् भन्ने देखिन्छ ।

## ४.६.२ **लक्ष्मी प्रधान** (**नायिका**)

लक्ष्मी **कुमारगौरव** महाकाव्यकी नायिका हुन् । उनी काठमाडौंको बटुटोल निवासी नेवार समुदायकी नारी पात्र हुन् । नायिका लक्ष्मी र कुमारको भेट कक्षा ११, १२ (संस्कृत मध्यमा) पढ्ने बेलामा हुन्छ । उनीहरूसँगै पढ्ने सहपाटी हुन्छन् । सँगै पढ्दा रहँदा उनीहरू एक-अर्काप्रति आकर्षित हुन्छन् र एकले अर्कालाई राम्ररी चिनेर प्रेम गर्दछन् । केही समयपछि

वैवाहिक जीवनमा बाँधिएका यी दुवै दम्पत्ति आनन्दपूर्वक जीवनयापन गर्न थाल्छन् (षष्ठ सर्ग, श्लोक १८, पृ. ५७) ।

केही समय कुमारको जीवनमा साक्षात् लक्ष्मी बनेर साथ दिएकी उनी अचानक बिरामी पर्छिन् र नेपाल-भारतका विभिन्न अस्पतालमा औषधी उपचार गराउँदा पनि लक्ष्मीको रोग निदान हुँदैन, अन्ततः उनको असामयिक निधन हुन्छ । यसरी महाकाव्यको मध्यभागतिर नै काव्यको नायिका लक्ष्मीको चरित्र समाप्त हुन्छ (दशम सर्ग, श्लोक ५१, पृ. ११०) ।

यसप्रकार लक्ष्मी हिन्दू धर्मअनुसार पतिव्रता नारीका रूपमा देखापरेकी परिस्थिति अनुकूल सत्पात्र हुन् । यिनी ईश्वरमा भक्ति-भरोसा र विश्वास गर्ने आस्तिक पनि देखिन्छिन् । साक्षात् लक्ष्मी मानेर कुमारले लक्ष्मीलाई नारी गुणकी धनी, ऐश्वर्यशाली र सौन्दर्यकी मूलरत्न हुन् भन्दै उनको चरित्रको बयान यसरी गरेका छन् ।

लक्ष्मी त नारी गुणकी धनी हुन्
ऐश्वर्यशाली नव जिन्दगी हुन् ।
सौन्दर्यताकी मूलरत्न नारी
सौभाग्य हो पाउनु यो पियारी ।

॥६:३१॥

यसरी कुमारको जीवनमा सच्चा अर्धाङ्गिनी बनेर घर, पति र परिवार सबैको भलो चाहने कुशल गृहिणी आदर्श हिन्दू नारी मात्र नभई **सात्तारा** साहित्यिक पुस्तकसमेत लेखेर नेपाली साहित्याकाशमा उदाएकी उनी स्वदेशका विभिन्न क्षेत्रमा सेवा गरिरहेकी राष्ट्रभक्त नारी पनि देखिन्छिन् । काव्यमा लक्ष्मी परिस्थिति अनुकूल गतिशील पात्र हुन् ।

## ४.६.३ सरस्वती (नायिका)

**कुमारगौरव** महाकाव्यकी अर्की नायिका सरस्वती हुन् । उनी पिता शङ्करध्वजकी चौथो सन्तानका रूपमा वि.सं. २००९ सालमा कपिलवस्तुको तौलिहवामा जन्मिएकी हुन् । उच्च कुलकी छोरी हुनाले यिनी विदुषी छिन् । एम.बी.ए. उत्तीर्ण गरी राष्ट्र बैङ्कमा जागीरे यिनी स्वाबलम्बी नारी चरित्र हुन् । आजीवन अविवाहित रहने भनेकी यिनी ४१ वर्षको उमेरमा कुमारसँग विवाह गरी घरजम गर्ने यिनी ब्रह्माचार्य बस्न खोजे पनि अन्ततः कुमारसँग विवाह गरी गृहस्थ जीवनमा नै रमाउँछिन् (द्वादश सर्ग, श्लोक १४, पृ. १२९) ।

भावुक स्वभावकी उनी कविता काव्य सिर्जनामा पनि रुचि राख्दथिन् । कुमारसँग विवाह गरेको केही समयमा नै पति बिरामी परी उपचारार्थ भारतका विभिन्न ठाउँमा लैजाने आर्थिक अवस्था कमजोर भएकाले चन्दा सङ्कलन गर्नेजस्ता कार्यहरू निर्भिक रूपमा सम्पन्न गर्ने यिनी कुमारलाई अद्यावधि साथ दिँदै आइरहेकी छिन् ।

यसप्रकार जस्तोसुकै अभावमा पनि विचलित नहुने, धैर्यवान्, सहनशील स्वाभावकी यिनी हिन्दू धर्मसंस्कृतिमा आस्था राख्ने र हरघडी ईश्वरलाई सम्झिने ईश्वरवादी चरित्र पनि हुन् । बुद्धिविवेकी, धनी सरस्वती हिन्दू धर्म-संस्कार अनुरूपकी पतिव्रता नारी पनि हुन् । कुमारलाई भारत लैजाने केही नभेटिँदा आफू एक्लैले लैजाने आँट गर्ने यिनी आँटिली हक्की नारी पनि हुन् । यसरी पतिको अर्धाङ्गिनी बनेर परिस्थिति अनुकूल आफूलाई चलाउने सरस्वती आदर्श अनुकरणीय गतिशील सत्पात्र वा असल चरित्रकी नारी पात्र हुन् ।

## ४.६.४ प्रेमबहादुर जोशी

काठमाडौँको चावहिल निवासी प्रेम **कुमारगौरव** महाकाव्यका सहायक पात्रका रूपमा देखापरेका छन् । पेसाले वैद्य भए पनि उनी ठूला विद्वान् पनि हुन् । यिनको कुल खान्दान मध्यमवर्गीय भए तापनि यिनीहरूले संस्कृतमा आयुर्वेद पढेका हुन्छन् । दरवाटी वैद्यका रूपमा काम गर्दै आएका यिनी काव्य नायक कुमारका पिता हुन् । आफ्ना सन्तानहरूलाई पढाइ-लेखाइ विद्वान् बनाउने उनको इच्छा पूरा हुन नपाउँदै मस्तिष्क रोग लागेर असामयिक निधन हुन्छ । यसरी आफ्नो धोको पूरा गर्न नपाउँदै परलोक भएका प्रेम यस काव्यमा सहायक पात्रका रूपमा देखापरेका छन् (तृतीय सर्ग, श्लोक ४१, पृ. ३०२) । सधैँ सकारात्मक विचार राख्ने, यिनी अनुकूल सत्पात्र मानिन्छन् ।

## ४.६.५ जुलुममाया

काठमाडौँ चावहिल निवासी जुलुममाया यस **कुमारगौरव** महाकाव्यकी सहायक पात्र हुन् । यिनी प्रेमकी पत्नी, काव्य-नायक कुमारकी आमाका रूपमा यस काव्यमा देखापरेकी छिन् । पतिप्रेमको असामयिक निधनपछि जुलुममाया आफ्ना सन्तानहरूको पालनपोषणमा निकै दु:खकष्ट सहन्छिन् । मध्यमवर्गीय परिवार हुनाले आफ्नो सन्तानलाई उचित स्याहारसुसार र शिक्षादीक्षा दिन यिनले निकै कष्ट सहेकिछिन् । जेठो सन्तान (वैकुण्ठ) को पहिला नै निधन भएकाले माइलो सन्तान कुमारलाई ज्यादै माया र हेरचाहका साथ हुर्काउँछिन् । कुमार पढ्ने उमेरका भएपछि आफैँले गुरुको घरमा पुऱ्याउन जाने यिनी विद्याको महत्त्वलाई बुझेकीजस्ती

देखिन्छिन् । तर अरू सन्तानलाई पढाउन पढाएको कुरा भने कतै भेटिँदैन । जे होस् जुलुममाया कुमारलाई औधी माया गरेको देखिन्छ । आफ्नो जीवनको अन्तिम घडीसम्म पनि कुमारको मुख हेरेर मर्न चाहने यिनी कुमारलाई असल मार्गदर्शन गर्ने असल आमाको रूपमा देखापरेकी छिन् (पञ्चम सर्ग, श्लोक ७, पृ. ४३) ।

यसप्रकार जुलुममाया पनि आदर्श पत्नी, असल आमा र धार्मिक आस्थावान् हिन्दू नारीका रूपमा देखापरेकी छिन् । उनी पनि यस काव्यकी सत्पात्र नै हुन् ।

## ४.६.६ कुलचन्द्र गौतम

यस महाकाव्यका सहायक पात्र गौतम काव्य नायकका आदर्श गुरुका रूपमा देखापर्दछन् । काशीमा उच्च शिक्षा पढाउन बसेका यिनी सेवा निवृत्त भई काठमाडौँको गैह्रीधारामा बस्दछन् । साहित्याचार्य गौतमको निवासमा पढ्न जाने कुमारले संस्कृत पढ्ने प्रेरणा उनैबाट पाए । असाधारण प्रतिभा भएका कुमारलाई देखेर यो अवश्य ठूलो विद्वान् बन्दछ भन्ने यिनले आफ्नो विद्धताले भ्याएसम्मको शास्त्रीय ज्ञान दिएको देखिन्छ । उमेर ढल्किसकेका गौतम गुरुले आफूले सिकाउन नभ्याएका कुराहरू उमानाथ गुरुका सँगमा गई पढ्नु भनी आफ्ना शिष्यहरूलाई मार्गनिर्देश गरेका छन् । आफूले जानेको विद्यादान दिन नहिच्किचाउने गौतम गुरुले कुमारलाई व्याकरण, कौमुदी, लघुसिद्धान्त अमरकोश, रघुवंशजस्ता विषयहरू पढाउँछन् ।

यसप्रकार काव्यका सहायक पात्र गौतम विद्वान् आदर्श गुरु, असल मार्गदर्शक र सत्पात्रको रूपमा देखापरेका छन् ।

## ४.६.७ गङ्गाधर पराजुली

काठमाडौँको धोबीचौर निवासी गङ्गाधर पराजुली यस **कुमारगौरव** महाकाव्यका सहायक पात्रका रूपमा देखापर्दछन् । शास्त्रीय दर्शनका गुरु पराजुलीसँग काव्य नायक कुमारले संस्कृतमा पूर्वमध्यमा पढ्छन् । पराजुलीसँग काव्य नायक कुमारले संस्कृतमा पूर्वमध्यमा पढ्छन् । धोबीचौर निवासमा नै पढ्न जाने कुमार पराजुलीले पढाएपछि प्रथम श्रेणीमा उत्तीर्ण हुन्छन् । यसरी कुमारका गुरु पराजुलीले आदर्श गुरुको भूमिका निर्वाह गर्दछन् (पञ्चम सर्ग, श्लोक ४०, पृ. ४८) ।

यसरी सकारात्मक भूमिका निर्वाह गर्ने पराजुली आदर्श गुरु र सत्पात्रको रूपमा देखिन्छन् । यसैगरी यस काव्यमा देखापरेका अन्य सहायक पात्रहरूमा डा. जर्जी, रविकुमार र

श्रीनिवास पनि हुन् जसले नायक कुमारको दुई पटकसम्म मृगौला सफल प्रत्यारोपण गरी पुनर्जीवन दिएका छन् । तसर्थ यी डा. त्रयहरूलाई पनि सत्पात्रका रूपमा लिइन्छ ।

यसरी **कुमारगौरव** महाकाव्यमा प्रमुख पात्र कुमार, लक्ष्मी र सरस्वती आदर्श गतिशील चरित्र हुन् भने सहायक पात्र प्रेम, जुलुममाया, गङ्गाधर पराजुली, कुलचन्द्र गौतम आदि हुन् । कुमारलाई साथ दिने यिनका मित्रहरू ऋषिकुमार, रामप्रसाद, जयदेव, रविसिंह, सुलोचना, प्रधुम्न जोशी, परशु प्रधान, रत्नकेशरी आदि गौण पात्रका रूपमा देखापरेका छन् । यसैगरी काव्यमा भूमिका नदेखिएका तर सङ्केत मात्र गरिएका साङ्केतिक पात्रहरूमा वैकुण्ठ, श्रीधर, माधव, सुरेश, राम, श्याम मेघराज, विश्व, कौशल कविराज नीर आदि देखापर्दछन् ।

## ४.७ देशकाल /परिवेश

महाकाव्यकार गौतमले **कुमारगौरव** महाकाव्यमा कालगत एवम् स्थलगत परिवेशको चित्रण गरेका छन् । कालगत परिवेशमा प्रातः सूर्योदय, सन्ध्या, रात-दिन आदि र स्थलगत परिवेशमा भौगोलिक परिवेशअन्तर्गत नेपाल र भारतका विभिन्न स्थानको चर्चा गरेका छन् । यसैगरी प्राकृतिक परिवेशमा नदीनाला, फूल, बगैँचा, ऋतु आदिको चर्चा गरेका छन् ।

यसरी स्थानगत परिवेशमा भारतको अयोध्यापुरीमा, सिम्रोनगढ, सरयुनदी, नेपालको विष्णुमती, पशुपतिनाथ, थाछैँ, साँगा, चावहिल, गैह्रीधारा, रानीपोखरी, पुतलीसडक, इलाम, कर्णाली, मुगु, कालिकोट, डोल्पा, जुम्ला, दाङ, त्रि-चन्द्र कलेज, त्रि.वि. कीर्तिपुर, दिल्ली, वाराणसी, नदीका घाटहरू - रामघाट, राजघाट, बालघाट इत्यादि, मानसरोवर, पञ्चगङ्गा, दार्जीलिङ, खरसाङ, कपिलवस्तु, भैरहवा, भद्रपुर, भारतको भेलोर, मद्रास, सिलिगढी आदिजस्ता विभिन्न स्थानहरूको चित्रण यस महाकाव्यमा गरिएको छ (द्वितीय सर्ग, एकादेश सर्ग) ।

यसैगरी **कुमारगौरव** महाकाव्यका नायक कुमारको जीवनवृत्तको सेरोफेरोमा यसको परिवेश अघि बढेको छ । उनको जन्म बाल्यकाल, अध्ययन, विवाह, प्राध्यापन, देश-विदेशको सेवा, खोज-अनुसन्धान, पुनर्विवाह, दुईपटकसम्म मृगौला प्रत्यारोपणपछि पनि बाँच्न सफल यिनको जीवनका अत्यन्त वैयक्तिकदेखि सामाजिक, धार्मिक परिवेशमा महाकाव्य अघि बढेको देखिन्छ । यस काव्यका नायक नेवार समुदायका भएको हुनाले नेवारी संस्कृति अनुरूप विवाह बन्धनको जन्मसंस्कारको परिवेशको देखापर्छ । त्यसैगरी हिन्दूधर्मअनुसार नै अन्त्येष्टि गरी काजक्रिया गरेको धार्मिक परिवेश पनि देखापरेको छ ।

आपत् परेको बेला साथ नदिएर अन्यत्र गई बसेको नातेदारहरू भने केही स्वार्थी नैतिकतालाई बिर्सिएका जस्ता देखिन्छन् । 'सम्पत्तिमा मात्र सबैको हाइहाई हुने विपत्तिमा कोही दाजुभाइ नहुने' स्थितिको पनि सिर्जना भएको छ (त्रयोदश सर्ग, श्लोक ६१, पृ. १४८ ।

यसप्रकार नायकको जीवन्तवृत्तको सम्पूर्ण सेरोफेरोमा काव्य अगाडि बढेको हुनाले विभिन्न परिवेशमा विभिन्न समयकालगत स्थानगत परिवेशमा घटनाक्रम अघि बढेको देखिन्छ ।

## ४.८ उद्देश्य

प्रस्तुत **कुमारगौरव** महाकाव्यको प्रमुख उद्देश्य गुरुभक्ति वा गुरु आदर्श नै रहेको देखिन्छ । यस महाकाव्यका नायक कुमार कविका आदर्श गुरु भएकाले अनुकरणीय व्यक्तित्वको अनुशरण सबैले गर्नसक्नु पर्दछ भन्दै गुरुगौरवको भाव व्यक्त गरेका छन् । गुरु-शिष्यको बिग्रँदो अवस्थालाई देखाउने प्रयास गर्दै मानवीय मूल्य र मान्यतातर्फ समाजलाई सोच्न बाध्य बनाएका छन् । समयानुकूल युगीन मानवसभ्यता र संस्कृति, धर्म, दर्शनप्रति चासो देखाउँदै हिन्दू अध्यात्म दर्शनलाई बिर्सन नहुने भन्दै धार्मिक महत्त्व देखाइएको छ । नेपालमा भित्रिएको पश्चिमी सभ्यतालाई भन्दा पूर्वीय हिन्दू दर्शनमा रहेर नै आफ्नो परिचय कायम राख्नसक्नु पर्दछ भन्ने कुरालाई पनि दर्शाइएको छ (प्रथम सर्ग, श्लोक ५८, पृ. १०) । गौतमले कुमारगौरव महाकाव्यमा सामाजिक, धार्मिक, जातीय एवम् राजनैतिक विकृति, विसङ्गति र विषमतालाई पनि देखाउने प्रयास गरेका छन् । यस काव्यमा समाजमा व्याप्त रहेका रोग, भोग, आर्थिक अभाव र राजनैतिक विकृति आदिले वर्तमान मानवमा अभाव सिर्जना गरी द्वन्द्व निम्त्याइरहेको छ जसको कारण पाश्चात्य सभ्यताको आडमा भित्रिएका विकृतिहरू हुन् र यसका जिम्मेवार पनि हामी स्वयम् हौं भनिएको छ । विशेषत: यो महाकाव्य गुरुभक्तिमा नै केन्द्रित भएर लेखिएको हुनाले हाम्रो गुरु-शिष्य परम्परा गौरवमय परम्परा हो । किनभने गिलो माटोजस्तो अबोध बालकको मनोजगत्लाई कुन रङले रङ्गाउने भन्ने कुरा गुरुमाथि नै निर्भर हुन्छ तर आज हाम्रो समाजमा पश्चिमी संस्कृतिको व्यापक प्रभाव परेकाले आदर्श गुरुको मान घट्दो छ । अर्थात् पश्चिमी सभ्यताका कारण पूर्वीय आदर्श गुरु-शिष्य परम्परा ओझेलमा परेको छ । यसैले आदर्श गुरुप्रति श्रद्धा जगाउने सन्देश दिन वा वर्तमानमा हामी आफ्नो संस्कृतिप्रति विचलित हुँदै गएकोमा झक्झक्याउने कार्य पनि यस काव्यमा भएको छ । यसैले कविले यसलाई गुरुदक्षिणा पनि भनेका छन् (लेखक आत्मनिवेदन, पृ. अं. कु.गौ.) ।

काव्यका नायक कुमार नेपालको विद्याकेन्द्र मानिने त्रि.वि. कीर्तिपुरमा प्राध्यापक अनि काशीको काहिविमा अतिथि प्राध्यापक बनेर निरन्तर प्रज्ञानको मार्ग देखाई हाल निवृत्त जीवनयापन गरिरहेका विशिष्ट श्रेणीका व्यक्तित्व हुन् । नेपाली साहित्यजगत्का यिनी कवि, समीक्षक, निर्देशक, सम्पादक र अन्वेषकजस्ता स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व हुन् । यसरी नेपालको

साहित्य र शिक्षा क्षेत्रमा निरन्तर सेवा गरिरहेका कुमार अनुकरणीय व्यक्तित्व हुन् । यसका साथै यिनले जीवनमा भोगेका विघ्न वाधाहरूलाई हेर्दा जीवन सङ्घर्षको पर्याय हो भन्ने देखिन्छ । त्यसैले यसमा जस्तोसुकै परिस्थितिमा पनि बाँच्न सिक्नुपर्ने अर्थात् जीवनका हरेक घटनाक्रममा सङ्घर्ष गरी बाँच्न सक्नुपर्ने कुरालाई पनि देखाइएको छ । यसरी जस्तोसुकै समस्याबाट पनि विचलित नहुनु नै महानता हो र सफलताको सिँढी पनि हो । त्यसैले जीवन सङ्घर्षबाट सफलताको मार्ग खुल्दछ भन्नु पनि यसको ध्येय देखिन्छ (त्रयोदश सर्ग, श्लोक ७२, पृ. १५०) ।

अत: समग्रमा भन्नुपर्दा **कुमारगौरव** महाकाव्यले आदर्श गुरुप्रति आस्था-भक्ति गर्नु, महिमा गुणगान गर्नुपर्ने अर्थात् आर्य सभ्यतामा स्थापित गुरु-शिष्य परम्परा अनुरूप गुमिसकेको नेपाली संस्कृतिलाई सचेततापूर्वक उजिल्याउने कार्य पनि यसको मुख्य आशय रहेको देखिन्छ । यसका साथै सबै परिस्थिति अनुकूल जीवन जिउनका निम्ति सङ्घर्ष गर्न सिक्नुपर्दछ भन्ने कुराहरू पनि व्यक्त वा अव्यक्त रूपमै भए पनि भन्न खोजिएको छ । यस काव्यको मुख्य उद्देश्य गुरु आदर्श र जीवन सङ्घर्ष गरी बाँच्न सक्नुपर्दछ भन्नु नै रहेको देखिन्छ ।

## ४.९ भाषाशैली

हालसम्म तीनवटा महाकाव्य लेखिसकेका कवि नारायणप्रसाद गौतमको **कुमारगौरव** पहिलो महाकाव्य हो । कविले विभिन्न स्थापित कविहरूको अनुकरण गर्दै विभिन्न छन्द/लयमा आफ्नो काव्य कौशल प्रस्तुत गरेका छन् । भाषाशैलीको अनुशासनमा नै रचना गरिएको **कुमारगौरव** महाकाव्य स्वच्छन्दतावादी भाव र परिष्कारवादी शैलीमा बगेको देखिन्छ ।

जीवनवृत्तमा घटित घटनाहरूको शृङ्खलालाई कविताको बान्की दिएर सरल र सरस शब्दावलीमा लेखिएको यस महाकाव्यमा शब्द प्रयोगका दृष्टिले तप्सम, तद्भव, आगन्तुक, ठेट शब्द र उखान टुक्काहरूको पनि प्रयोग गरेको पाइन्छ । यस काव्यमा प्रयोग गरिएका ती शब्दहरूका श्लोक यसप्रकार छन् –

**तत्सम शब्द**

काव्यमा गुरु स्रष्टा हुन् द्रष्टा हुन्
कविका गुरु
ज्ञानदाता तमोहर्ता देवर्षि जन
हुन् गुरु

(१:१६ दुई पाउँ)

यस उदाहरणमा काव्य गुरु, स्रष्टा, तमोहर्ता देवर्षि जस्ता तत्सम शब्दहरू परेका छन् । यसप्रकार काव्यमा तत्सम शब्दको प्रयोग भेटिन्छ ।

**तद्भव शब्द**

सबैका छोरा बाबाको हात समाइ
हिँड्दछन्
साँझ र बिहान बाबाकै साथ
बसेर पढ्दछन् ।

(४:१६)

यस उदाहरणमा साँझ, हात तद्भव शब्दहरू परेका छन् । यसप्रकार काव्यमा प्राय: तद्भव शब्दहरूको प्रयोग भएको छ ।

**आगन्तुक शब्द**

गरियो सब त्यो जाँच नेफ्रोलजी विभागमा
मृगौला अलि बिग्रेको देखियो रिपोटमा
गर्नु सुगर कन्ट्रोल बसी पथपरेजया
भन्दै औषधी दिन्छन् कयै खान
दिन र साँझमा

(१३:३)

यस पङ्क्तिमा परेका नेफ्रोलजी, रिपोट, सुगर कन्ट्रोल जस्ता शब्द आगन्तुक हुन् । यसप्रकार काव्यमा आगन्तुक शब्दको प्रयोग पनि भएको छ ।

**ठेट शब्द**

फुटु र फुटु हिँड्न थाले बालक कुमार
मिलेको गोल शरीर तिन्को
हँसिलो मुहार

(३:३९ दुई पाउँ)

यस पङ्क्तिमा प्रयुक्त फुटु र फुटु हिँड्नु, तिन्को, हँसिलो मुहार जस्ता ठेट नेपाली झर्रा शब्दहरूको प्रयोग भएको छ ।

**उखान**

सम्पत्ति हुँदा मानिस हुन्छ सबैको

हाइ हाई

विपत्ति पर्दा नहुँदा धन कवै छैन

दाजुभाइ

(१३:४४, दुई पाउँ)

माथिको पङ्क्तिमा 'सम्पत्तिमा सबैको हाइ हाइ, विपत्तिमा कोही छैनन् दाजुभाइ' जस्ता उखानको पनि प्रयोग गरिएको छ ।

**समस्त शब्द**

तेजस्वी गुणगान् वृहस्पतिसरी

सर्वज्ञ सर्वेश्वर

हाम्रा आदरका वशिष्ट गुरु हुन् आदर्श

ज्ञानेश्वर

(१:७४, दुई पाउँ)

माथिको पङ्क्तिमा सर्वज्ञ, सर्वेश्वर, ज्ञानेश्वर जस्ता समस्त शब्दहरू प्रयोग पनि गरिएको छ ।

यसैगरी यस महाकाव्यमा मिश्रित किसिमको कथनपद्धति देखापर्दछ । कतै कवि प्रौढोक्ति (कविकथन) र कतै कवि निबद्ध-वक्तृप्रौढोक्ति (कविकल्पित पात्रोक्ति) को प्रयोग भेटिन्छ । साथै कवि निबद्ध-वक्तृप्रौढोक्ति अन्तर्गत कहीँ म, हामी, तिमीजस्ता मिश्रित प्रौढोक्तिको प्रयोग भेटिन्छ । साथै नगण्य (न्यून) संवाद, अधिकतम मनोवाद एकालापको प्रयोग भेटिन्छ । जस्तै –

प्राणदाता विधाता हुन् मेरो निम्ति सधैँ सरू

नारीरत्न महामाया बयान कति नै गरूँ ।

शब्दमा यिनको व्याख्या गुणगान गराउन

सकिन्न दिल नै सक्छ गुणगान गराउन ।

(१४:९)

यसरी यस महाकाव्यमा मिश्रित किसिमको शैली र तद्भव स्रोतका शब्दहरूको प्रचुर प्रयोग भएको छ भने आगन्तुक स्रोतका शब्दको सीमित प्रयोग भेटिन्छ ।

## ४.१० छन्द/लय

कुमारगौरव महाकाव्य शास्त्रीय (वार्णिक) छन्द लोक (झ्याउरे) छन्दको प्रयोग गरी रचना गरिएको छ । यस महाकाव्यमा प्रयुक्त वार्णिक छन्दअन्तर्गत अनुष्टुप्, शार्दूलविक्रीडित, मालिनी, उपजाति, इन्द्रवज्रा, वसन्ततिलका, शशिवन्दना, वंशस्थ, शिखरिणी, गीति र स्रग्विणी छन्दको प्रयोग गरिएको छ भने लोकछन्दअन्तर्गत झ्याउरे छन्दको प्रयोग जम्मा १२ वटा छन्दमा लेखिएको यस महाकाव्यमा अनुष्टुप् छन्दको सफल प्रयोग भेटिन्छ । प्रयोगका हिसाबले अनुष्टुप् छन्दका ४९२ श्लोक र झ्याउरे छन्दका १०९ श्लोक रहेका छन् । अन्य छन्दका श्लोकहरूको भने कमै प्रयोग भएको भेटिन्छ ।

विशुद्ध शास्त्रीय छन्दको प्रयोग गरिएको यस महाकाव्यमा लेखकको छन्द प्रयोगको सफलता वा सिद्धिलाई निम्न लिखित श्लोकहरूमा यसरी हेर्न सकिन्छ –

### ४.१०.१ इन्द्रवज्रा छन्द

प्रेमी मिलेको, घर स्वर्ग हुन्छ
आएर हाँसी, ईश बास गर्छ ।
थोरै भए तापनि खान पुग्छ
रोगै भए तापनि स्वच्छ बन्छ ।

(६:२७)

यस उदाहरणमा प्रत्येक पाउमा ११-११ वर्ण भएका पङ्क्ति देखिन्छन् । पहिलो र दोस्रो पङ्क्तिमा पाँचौँ वर्ण र एघारौँ वर्णमा यति विधान देखिन्छ । तर तेस्रो र चौथो पङ्क्तिमा भने यति गति विधान थोरै मिलेको देखिँदैन । ‘तापनि’ लाई टुक्र्याएर विधान मिलाइएकोले अन्तरलयमा कमी आएको देखिन्छ ।

### ४.१०.२ मालिनी छन्द

युवक-युवती हाँस्दै, पढ्दैथे पाठशाला
रसिकजनहरूले, बुन्दथे प्रेमजाल

मन-मन सब हेर्थे, प्रेमको भाव धेर

मृदुकुसुम दिँदैथ्यो, भावना वारपार ।

(६:९)

प्रत्येक पाउमा १५-१५ वर्ण भएको यस छन्दमा पनि प्रत्येक पङ्क्तिको ८-८ वर्णमा यति र १५ औं वर्णमा यति विधान भएकाले मालिनी छन्दको अन्तरलय सिर्जना भएको देखिन्छ ।

### ४.१०.३ झ्याउरे छन्द

कुमारलक्ष्मी मिलेर दुवै जीवन चलाए

त्यो सुखदु:ख एकमा अर्को साथमा सुहाए

मिलेका दुवै प्रेमको साथ जीवन रमायो

देशको सेवा, गरने भाव मनमा उदायो

(६:६४)

माथिको उदाहरणमा प्रत्येक पाउमा १६-१६ वर्ण मिलेर सामान्यत: प्रत्येक पङ्क्तिका पाँचौं, दसौं र सोह्रौं वर्णमा यति विधान भएको देखिन्छ । यसरी अन्त्यानुप्रास र अन्तरअनुप्रासको उचित लय संयोजनबाट झ्याउरे लयको सिर्जना भएको देखिन्छ ।

### ४.१०.४ शार्दूलविक्रीडित छन्द

छाडी माइत देशको प्रिय कथा, सङ्कल्प मेरै लियौ

मेरो स्वागत्मा अहा ! सृजनको, यो जिन्दगानी दियौ

लक्ष्मी मौन भई गयौ अब कहाँ, खोज्नै म जाऊँ कहाँ

मै जस्तो विरही कतै जगत्मा, भेटिन्न भेटिन्नहा !

(१०:४५)

माथिको उदाहरणमा प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू भएको यस छन्दमा बाह्रौं र उन्नाइसौं वर्णमा यति विधान रहेको देखिन्छ । यसरी अन्तरलय र अन्त्यानुप्रासको उचित लय संयोजनले शार्दूलविक्रीडित छन्द/लयको सिर्जना भएको देखिन्छ ।

### ४.१०.५ शिखरिणी छन्द

भयो रित्ता कोठा, घर पनि सबै शून्य विजन
न बस्छ्यौ भान्सामा, अमृतमय खाना पनि दिन
अहो ! बत्ती बाल्ने, जन पनि कुनै छैन घरमा
भयो सन्ध्या खाली छन् तिमिरता सहरमा

(१०:६६)

माथिको उदाहरणमा प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू छन् । प्रत्येक पङ्क्तिका छैटौँ र सत्रौँ वर्णमा यति विधान भएको अन्तरअनुप्रास र अन्त्यानुप्रासयुक्त लयको कुशल संयोजन भएको देखिन्छ ।

### ४.१०.६ वंशस्थ छन्द

प्रफुल्ल तिम्रो, म त्यो सधैँ थियो
ममाथि माया, गहिरो थियो अहो !
दिएर माया रसिलो निषेचन
कहाँ छ ऐले, मनको सचेतन

(१०:३३)

माथिको उदाहरणमा प्रत्येक पाउमा १२-१२ वर्णका अक्षरहरू छन् । पाँचौं र बाह्रौं वर्णमा यति विधान रहेको अन्तरअनुप्रासयुक्त लयको कुशल संयोजनबाट वंशस्थ छन्दको लय सिर्जना भएको देखिन्छ ।

यसरी विराम, गति र यतिको उचित संयोजनका कारण लय विधान राम्रो हुन सकेको छ । एक/दुई ठाउँमा पङ्क्तिका अडानहरूमा उचित शब्द संयोजन हुन नसक्दा लय विधानमा सामान्य विचलन देखिन खोजेको भए पनि समग्रमा श्लोकका गति, यति र अन्तर तथा अन्त्यानुप्रास समान स्वर व्यञ्जनहरूको संयोजनले लय विधानमा प्रभावकारिता नै देखिन आएको छ ।

## ४.११ रस विधान

कुमारगौरव महाकाव्यमा विभिन्न रसहरूको प्रयोग गरी काव्यानन्द प्रदान गर्ने प्रयास गरिएको छ । यसमा करुण रसलाई अङ्गी रस र शान्त, शृङ्गार अद्भूत आदिलाई अङ्ग

रसको रूपमा प्रयोग गरिएको छ । यस काव्यमा प्रयुक्त रसका उदाहरण क्रमश: प्रस्तुत गरिएको छ ।

### ४.११.१ करुणरस

गयौ कान्ता लक्ष्मी म त विरहले मूर्च्छित भएँ
सधैँ तिम्रो माया मनमन बडो सम्झन गएँ
सुधाजस्तो तिम्रो प्रणय रसमा चुम्बित थिए
गयौ घोडी टाढा किनकिन अहो घायल भएँ ।

(१०:५२)

प्रस्तुत उदाहरणमा नायिकाको मृत्यु हुनु र नायक विरहले मूर्च्छित भई उनको पूर्व स्मृति गर्दै प्रणय रसमा चुम्बित हुनु वा घायल हुनु आदिले करुणरसको अथवा दु:ख वा करुणाको सिर्जना भएको छ । जसमा नायक-नायिका आलम्बन विभाव, प्रियको मृत्यु पूर्वस्मृति उद्दीपन विभाव हुन् भने घायल हुनु अनुभाव र मूर्च्छित हुनु व्यभिचारी भावहरूले करुणरसको सिर्जना भएको छ ।

### ४.११.२ संयोग शृङ्गार

वन-उपवनका ती पुष्पगुच्छा फुलेझैँ
स्मित मधुमय बढ्दै प्रेमको द्वार खुल्दै
मुख मुसुमुसु हाँस्छन् प्यारले ओठ खोली
नयन पलक खोल्दै हेर मीठो छ बोली ।

(६:२)

प्रस्तुत उदाहरणमा वन-उपवनका पुष्पगुच्छा फुलेझैँ नायक-नायिकाबीच प्रेमको मधुमय सम्बन्ध बढ्नु र मुसुमुसु हाँस्दै नयन पलक खोल्नु, प्यारले ओठ खोल्नु आदि विभावहरूले संयोग शृङ्गारको सिर्जना भएको छ । जसमा नायक-नायिका आलम्बन विभाव, एकान्त स्थल, उद्दीपन विभाव, मुसुमुसु हाँस्नु, ओठ खोल्नु, नयन खोल्नु, प्रेमले हेर्नु आदि अनुभाव हुन् भने स्मित, मीठो बोली आदि व्यभिचारी भाव हुन् ।

### ४.११.३ अद्भूत रस

नेपाली मातृभाषाको म हूँ शिक्षक केवल
काजमा खटिएको हुँ सामान्य जनकेवल ।
प्रतीक्षा चारघण्टाको गरी श्रद्धा अपार त्यो
आफैँ आश्चर्यमा पर्छु सम्मान यसरी भयो ।

(११:५४)

प्रस्तुत उदाहरणमा नायक काजमा खटिएको सामान्य शिक्षक हुनु तर चारघण्टाको प्रतीक्षा गरी अपार श्रद्धा र सम्मान गर्नुले मानवीय मनमा आश्चर्य उत्पन्न भई अद्भूत रस सिर्जना हुन पुगेको छ । जसमा नायक आलम्बन विभाव हुन् । श्रद्धा सम्मान उद्दीपन विभाव हुन् । त्यसैगरी आश्चर्यमा पर्नु अनुभाव हो र हर्ष, शङ्का, वितर्क आदि व्यभिचारी भाव हुन् ।

### ४.११.४ शान्त रस

जगत्का यी सारा विषयहरू नै चञ्चल कति ?
सबै कसले भोग्ने ? नियति विधिले लेख्दछ जति ।
नलेखेको सारा विविवश छ त्यो दुर्लभ अति
उसैले जे लेख्यो सहजसित नै मिल्दछ अति ।

(१०:६८)

प्रस्तुत उदाहरणमा जगत्का सारा विषय मञ्चन छन्, नियतिले दिएको जति मात्र भोग्न पाइन्छ र नियतिमा नलेखेको वस्तु अति दुर्लभ हुन्छन् भनी सांसारिक विषयवासनाबाट टाढा भई वैराग्य भाव सिर्जना गराई शान्त रसको अभिव्यक्ति भएको छ । जसमा नायक आलम्बन विभाव, जगत् सांसारिक विषयवस्तु उद्दीपन विभाव, विरक्तिनु, सांसारिक विषयको उपेक्षा गर्नु, चित्त स्थिर बनाउनु आदि अनुभाव हुन् भने स्मृति, मति आदि व्यभिचारी भाव हुन् ।

## ४.१२ अलङ्कार विधान

प्रस्तुत **कुमारगौरव** महाकाव्यमा काव्यको सौन्दर्य सिर्जनाका लागि विभिन्न अलङ्कारहरूको प्रयोग गरिएको छ । अलङ्कारयुक्त केही श्लोकहरू निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### ४.१२.१ उपमा अलङ्कार

गुरु खगोलझैँ ठूला भूगोलमयउर्वर
गुरु उषा गुरु-सन्ध्या दिनचर्या, निरन्तर
नियमापत्ति केही छैन आफ्नो कर्म छ सर्वदा
चन्द, सूर्य, धराझैँ छन् भनी स्वकर्ममा सदा ।

(१:२९)

प्रस्तुत उदाहरणमा गुरुलाई उर्वरभूमि उषा सन्ध्याजस्ता दिनचर्यासँग दाँजेर उपमान र उपमेयबीचका सादृश्य जनाउनेझैँले उपमा अलङ्कारको सिर्जना भएको देखिन्छ । गुरुलाई चन्द्र, सूर्य, धरासँग दाँजेर निरन्तर स्वकर्ममा लागिरहन्छन् भन्ने पङ्क्तिमा पनि उपमा अलङ्कार पर्न गएको छ ।

### ४.१२.२ रूपक अलङ्कार

नाशवान रहेको यो शरीर जान्छ नश्वर
आफन्त भोजमा मात्र दु:खमा हुन्छ ईश्वर

(१४:५२)

प्रस्तुत उदाहरणमा शरीर नाशवान हुनाले यो नाश हुन्छ र ईश्वरले दु:खमा साथ दिने हुनाले आफन्त भोजमा मात्र हुन्छन् भनेर नाशवान शरीरलाई ईश्वर र दु:खका उपमानका रूपमा कल्पना गरी अभेद सम्बन्ध स्पष्ट पारेकाले रूपक अलङ्कार पर्न गएको छ ।

### ४.१२.३ वृत्यानुप्रास अलङ्कार

पैले बसेको पनि प्रेम राम्रो
पैले बुझेको मनपेट रामो
पैले चिनेको कुलधर्म राम्रो
पैले सबै त्यो दिल स्वच्छ राम्रो

(६:२१)

प्रस्तुत उदाहरणमा प्रत्येक पङ्क्तिमा 'प' व्यञ्जन वर्णको र पहिलो र दोस्रो पङ्क्तिमा 'ब' व्यञ्जन वर्णको आवृत्ति भएको हुनाले यसमा वृत्यानुप्रास अलङ्कारको सिर्जना भएको देखिन्छ ।

## ४.१२.४ दृष्टान्त अलङ्कार

उखुभित्र गुलियो छ उखु बाङ्गो भए पनि
गुरुमा मधुमाधुर्य ज्ञानको भाव हुन्छ नि
गुरु पुष्प गुरु बाग गुरु मौरी गुरु मह
गुरु मणि, हिरा, रत्न अमूल्य गुरु पारस ।

(१:१९)

प्रस्तुत उदाहरणमा उखु बाङ्गो भए पनि गुलियो हुनु र गुरुमा मधुमाधुर्य हुनु त्यसैगरी पुष्प, वाग, मौरी-महजस्तै गुरुलाई मणि, हीराजस्ता अमूल्य रत्नसँग तुलना गरी पारस्परिक बिम्ब-प्रतिबिम्ब भाव दृष्टान्त अलङ्कार पर्न गएको देखिन्छ ।

## ४.१२.५ सन्देह अलङ्कार

सपना हो कि विपना हो कि तन्द्रामा रहेको
पिताको जस्तो स्वरूप आई अङ्कमाल गरेको ।
लैजान लाग्यो समातिकन जोडले चिच्याए
चिच्याइकन समात्ने हात जोडले छुटाए ।

(४:१३)

प्रस्तुत उदाहरणमा सपना विपना वा तन्द्रामा रहेको स्थितिको सादृश्यद्वारा पिताको जस्तो स्वरूप अथवा जोडले चिच्याएर हात छुट्टाउनुजस्ता संशयबाट सन्देह अलङ्कार पर्न गएको छ ।

## ४.१२.६ उत्प्रेक्षा अलङ्कार

आराध्य धनकी देवी स्वयम् लक्ष्मी घरै थिइन्
त्यसैले घरमा सारा धनधान्य सबै दिइन् ।
दोस्रो सन्तान यै बेला पुत्रीलाभ समेत भो
सम्पत्ति, सन्तति सारा पूर्ण भै मन हर्ष भो ।

प्रस्तुत उदाहरणमा आराध्य धनकी देवी लक्ष्मी घरमा भएकाले धनधान्य सबै मिलेको हो कि भन्ने सम्भावना सूचक पदले उत्प्रेक्षा अलङ्कार पर्न गएको छ ।

### ४.१२.७ अन्त्यानुप्रास अलङ्कार

यो जिन्दगीमा अब दिन्छु साथ
राखेर मीठो ममता छ माथ ।
ज्ञानी विवेकी पतिमा परेछु
सौभाग्यशाली अति नै रहेछु ।

(१२:४६)

प्रस्तुत उदाहरणमा पहिलो र दोस्रो पङ्क्तिमा 'थ' वर्ण र तेस्रो र चौथो पङ्क्तिमा छु । 'छु' जस्ता आएकाले यहाँ अन्त्यानुप्रास अलङ्कारको उपस्थिति देखिन्छ ।

### ४.१२.८ अतिशयोक्ति अलङ्कार

यो लोकदेखि पर लोकसम्म
मै भुक्तभोगी बनुँला अचम्म ।
पर्दा लगायौ किन दैव आज
मै माथि ठूलो किन बज्रपात ।

(४:२६)

प्रस्तुत उदाहरणमा यो लोक र परलोकको भोगी बन्न नसकिने भए पनि बन्ने र ईश्वरले पर्दा नलगाउने भए पनि पर्दा लगाउने जस्तो सम्बन्ध देखाएकोले यो अतिशयोक्ति अलङ्कार पर्न गएको देखिन्छ ।

यी र यस्ता विभिन्न अलङ्कार र रसहरूको उचित प्रयोग गरी कविले आफ्नो अलङ्कार र रस प्रयोगको सिद्धिलाई पनि देखाएका छन् । यसरी विविध छन्द लय र अलङ्कारको उचित संयोजनबाट यस महाकाव्यमा सौन्दर्य बढेको छ ।

## ४.१३ निष्कर्ष

कुमारगौरव नारायणप्रसाद गौतमद्वारा आफ्ना आदर्श गुरु कुमारको जीवनी, व्यक्तित्वलाई आधार बनाएर लेखिएको महाकाव्य हो । जसमा कुमारका कुल वर्णन, जन्म,

बाल्यकाल, पितृशोक, अध्ययन, विवाह, प्राध्यापन, विद्यावारिधि, पत्नीवियोग, पुनर्विवाह, अतिथि प्राध्यापक, मृगौला प्रत्यारोपण र पुनर्जीवन प्राप्तिसम्मका घटनाहरूको संयोजनबाट महाकाव्यले पूर्णता पाएको छ । १६२ पृष्ठ र १४ सर्गमा संरचित यस महाकाव्यमा ९०५ श्लोक छन् । वार्णिक छन्द र लोकछन्दको कुशल प्रयोग गरी लेखिएको यस महाकाव्यमा नेपाल-भारतका विभिन्न स्थलगत परिवेशहरूको चर्चा गरिएको छ भने प्रातः सन्ध्या, सूर्योदय, दिन-रात आदि कालगत परिवेश र नदीनाला घाट, बगैँचा, ऋतु आदि प्राकृतिक परिवेशको पनि चर्चा गरिएको छ ।

कुमारलाई नायक र लक्ष्मी तथा सरस्वती द्वयलाई नायिका बनाइएको यस महाकाव्यमा नायक र नायिका गतिशील सत्पात्रका रूपमा देखापरेका छन् । यसमा अन्य सहायक पात्र र साङ्केतिक पात्रहरू पनि प्रासङ्गिक रूपमा आएका छन् ।

यस महाकाव्यमा बद्धलयको कुशल संयोजन गरिएको छ । अनुष्टुप् छन्दको सफल प्रयोग पाइने यस काव्यमा झ्याउरे, इन्द्रवज्रा, मालिनी, गीति, वंशस्थ आदिजस्ता विविध छन्दको प्रयोग गरिएको छ ।

यस महाकाव्यमा कविप्रोढोक्ति र कवि-निबद्धवक्तृप्रोढोक्ति दुवै किसिमको कथनपद्धति प्रयोग गरिएको छ । यसमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, अनुप्रास आदि अलङ्कारहरूको कुशल संयोजन छ । करुणरसलाई अङ्गी रस र शान्त, शृङ्गार आदि रसलाई अङ्ग रसका रूपमा संयोजन गरिएको छ ।

यस महाकाव्यमा तत्सम, तद्भव शब्दका साथै आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । कतै समस्त शब्द कतै उखानटुक्काको प्रयोगले पनि मौलिकता प्रदान गरेको पाइन्छ ।

यसप्रकार आफ्ना गुरुलाई आदर्श नायक बनाएर लेखिएको यस महाकाव्यमा गुरु-शिष्य परम्परालाई बिर्सन नहुने भन्दै गुरुदक्षिणाको रूपमा यो महाकाव्य लेखिएको छ । पूर्वीय अध्यात्म-दर्शनबाट प्रभावित कविले यस महाकाव्यमा वैदिक कालदेखि चलिआएको गुरु-शिष्य परम्परा हिजोआज पश्चिमी सभ्यताको बढ्दो प्रभावका कारण ओझेलमा परेको भन्दै आफ्नो परम्परा जोगाउन लागी पर्नुपर्ने बताएका छन् ।

यसरी कविले आफ्ना आदर्श गुरु कुमारलाई नायक बनाएर उनको जीवनवृत्तको सेरोफेरोमा यो महाकाव्य रचना गरेका छन् । जुन गुरुआदर्श वा गुरुगौरवका रूपमा देखापरेको छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

## ५.१ सारसङ्क्षेप

यो शोधपत्र पाँच परिच्छेदमा विभाजित छ । **प्रथम परिच्छेद शोध परिचय**सित सम्बन्धित छ । यसमा शोधशीर्षक, शोधसमस्या, शोधको उद्देश्य, पूवकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमाङ्कन, सामग्रीसङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद महाकाव्यको सैद्धान्तिक स्वरूप**सित सम्बन्धित छ । कविताको वृहत् रूप महाकाव्य हो । जेठो विधा मानिने महाकाव्यको पूर्वमा वाल्मीकिको **रामायण** र व्यासको **महाभारत** तथा पश्चिममा होमरका **इलियड** र **ओडेसी** विश्व साहित्यकै प्राचीनतम महान् कृति मानिन्छन् । भामहदेखि विश्वनाथ सम्मको महाकाव्यसम्बन्धी चिन्तनमा प्रसिद्ध कथानकलाई लिएर छन्दोबद्ध आलङ्कारिक रूपमा लेखिएको कुलीन नायक तथा प्रतिनायक भएको वस्तुनिर्देशमूलक आरम्भसमेत भएको कविताको वृहत् रूप नै महाकाव्य हो भन्ने भनाइमा पूर्वमा सबैले सहमति जनाएका छन् ।

पूर्व र पश्चिमका महाकाव्यसम्बन्धी मान्यतामा कथानक र नायकमा प्राय: समानता रहेको भेटिन्छ तर पनि पूर्वमा विश्वनाथको जस्तो महाकाव्यसम्बन्धी विस्तृत सैद्धान्तिक चिन्तन पश्चिममा पाइँदैन । तथापि उदान्त कथानक बोकेको महान् चरित्र भएको आलङ्कारिक शैलीयुक्त रचना महाकाव्य हो भन्ने कुरामा पूर्व र पश्चिम दुवैतर्फका महाकाव्य चिन्तकहरूमा मतैक्य छ । अर्थात् विशिष्ट प्रतिभाबाट महान् विषयलाई वा मानवजीवनलाई ज्यादै गम्भीर तथा व्यापक रूपमा प्रभाव पार्न सक्ने विषयलाई विशिष्ट शैलीद्वारा अभिव्यक्ति दिने सन्दर्भमा जीवनजगत्को पूर्णतालाई लयात्मक भाषाबाट प्रस्तुत गरिने महाकाव्यमा अपेक्षाकृत महान् चरित्र तथा प्रेरणाप्रद उद्देश्य रहनु आवश्यक देखिन्छ ।

**तेस्रो परिच्छेद नेपाली महाकाव्यको विकासक्रम र महाकाव्यकार नारायणप्रसाद गौतम**सित सम्बन्धित छ । यसमा नेपाली महाकाव्य लेखनको इतिहास वि.सं. १८७० तिर

रचना गरिएको उदयानन्द अर्यालको **पृथ्वीन्द्रोदय**बाट सुरु भएको मानिन्छ । तर यो अपूर्ण र अप्रकाशित छ । नेपालीको प्रथम प्रकाशित महाकाव्य भानुभक्तको **रामायण** (रचना वि.सं. १८९८-१९१०, प्रकाशन १९४४) हो । लक्ष्मीप्रसाद देवकोटाद्वारा **शाकुन्तल** (२००२) नेपालीको पहिलो पूर्ण मौलिक आधुनिक महाकाव्य हो । वि.सं. २००२ लाई सीमारेखा मानेर सुरुदेखि वि.सं. २००१ सम्मको अवधिलाई नेपाली महाकाव्यको विकासक्रमको पूर्वार्द्ध र २००२ पछिको अवधिलाई उत्तरार्द्ध गरी पूर्वार्द्ध-पूर्वआधुनिक र उत्तरार्द्ध-आधुनिक युग गरी नेपाली महाकाव्यको विकासक्रमलाई प्रमुख दुईखण्ड वा चरणमा विभाजन गर्न उपयुक्त देखिन्छ ।

नेपाली महाकाव्यको पूर्वार्द्ध अर्थात् पूर्व-आधुनिक युगमा प्राथमिक कालीन र माध्यमिक कालीन अवधिमा विभिन्न प्रकृतिका महाकाव्यहरू रचिएका छन् । यस अवधिमा विशेषत: पौराणिक विषयवस्तुमा आधारित **रामायण**, **कृष्णचरित्र**, **महाभारत**का पद्याख्यानहरूको अनुवाद, भावानुवाद, यात्रावर्णन, शासकस्तुति आदि ढाँचा र प्रकृतिका महाकाव्यहरू लेखिएका छन् । नेपाली महाकाव्यको विकासक्रमको उत्तरार्द्ध अर्थात् आधुनिक युगलाई पनि पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्दा प्रथम चरण (२००२-२०१६) मा दुईवटा प्रमुख उपधाराहरू देखापर्छन् । स्वच्छन्दतावादी महाकाव्य धारा (२००२) र परिष्कारवादी महाकाव्य धारा (२००५) । स्वच्छन्दतावादी महाकाव्य धाराका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् । उनका विविध प्रकृतिका आधादर्जन महाकाव्य प्रकाशित छन् । परिष्कारवादी महाकाव्य धाराका केन्द्रीय प्रतिभाहरू - सोमनाथ सिग्देल, लेखनाथ पौड्याल र बालकृष्ण सम हुन् । आधुनिक नेपाली महाकाव्यको प्रथम चरणका उल्लेख्य महाकाव्य कृतिहरू हुन् - **शाकुन्तल** (२००२), **सुलोचना** (२००३), **वनकुसुम** (२००२-२०२५), **महाराणा प्रताप** (२००३-२०२४), **पृथ्वीराज चौहान** (२००३-२०४५), **आदर्शराघव** (२००५), **प्रमिथस** (२००७-२०२८), **तरुण-तपसी** (२०१०), **चिसो चुल्हो** (२०१५) । यिनै विशेष उल्लेख्य महाकाव्य कृतिहरूका कारण आधुनिक नेपाली महाकाव्यको पूर्वार्द्ध अर्थात् प्रथम चरणको अवधिलाई नेपाली महाकाव्यको स्वर्णयुग मानिन्छ । यस प्रथम चरणका केन्द्रीय प्रतिभा महाकवि देवकोटा हुन् ।

आधुनिक नेपाली महाकाव्यको उत्तरार्द्ध अर्थात् दोस्रो चरण (२०१७ देखि हालसम्म) मा तीनवटा मुख्य धाराहरू देखापर्दछन् । प्रगतिवादी महाकाव्य धारा, प्रयोगवादी महाकाव्य धारा र समसामयिक महाकाव्य धारा । प्रगतिवादी महाकाव्य धाराको पृष्ठभूमि **प्रमिथस** (२००७) बाट तयार भएको देखिए पनि यस धाराको खास थालनी मोदनाथ प्रश्रितद्वारा लिखित **मानव** (२०२३) बाट भएको हो । प्रश्रितकै अर्को महाकाव्य **देवासुर सङ्ग्राम** (२०३०) हो । प्रश्रित प्रगतिवादी धाराका केन्द्रीय प्रतिभा हुन् ।

जगदीश शमशेर राणाद्वारा लिखित **नरसिंह अवतार** (२०३७) बाट आधुनिक नेपाली महाकाव्यमा प्रयोगवादी धाराको आरम्भ हुन्छ । यस धाराका अर्का उल्लेख्य महाकाव्यकारका रूपमा मोहन कोइराला देखापर्दछन् । उनका **नीलो मह** (२०४१) र **गजपथ** (२०५९) महाकाव्यहरू देखापर्दछन् । जगदीश शमशेर राणा यस धाराका केन्द्रीय प्रतिभा हुन् । त्यसपछि वि.सं. २०४६ यताको समयलाई समसामयिक महाकाव्य धारा भनिन्छ । यस अवधिमा गोपाल पराजुलीका ६ वटा उत्कृष्ट महाकाव्यहरू देखापरेका छन् । **पृथ्वीमाथि आलेख** (२०४६), हिमालमाथि आलेख (२०५३), **देशमाथि आलेख** (२०५५), **शब्दशताब्दी** (२०५७), **समयको प्रस्थान** (२०५८) र **नयाँ ईश्वरको घोषणा** (२०६०) गोपाल पराजुली यस धाराका केन्द्रीय प्रतिभा हुन् ।

समसामयिक धारामा कलम चलाउँदै आएका नारायणप्रसाद गौतम स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैली-शिल्पगत विशेषताका देखापरेका छन् । यस अवधिमा यिनका चारवटा महाकाव्यहरू प्रकाशित भइसकेका छन् । **कुमारगौरव** (२०६२), **रमेशचन्द्र** (२०६५), **गौरीबल्लभ** (२०६६) र **भवानीवैभव** (२०६८) ।

देवकोटाको अवसानपछि हालसम्म थुप्रै महाकाव्यहरू रचना भइरहेका छन् । जसमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी र समसामयिक आदि विविध धारा वा सिद्धान्तमा आधारित महाकाव्य रचना भइरहेका छन् ।

आधुनिककालीन महाकाव्यमा मानवतावादी स्वर र प्रकृतिचित्रण, काल्पनिकता, भावुकता, अमूर्तलेखन, विकृति-विसङ्गति, मानवीय मूल्य, यथार्थवादी, व्यङ्ग्यात्मकता, बद्धमुक्त छन्द, नारीवादी स्वर, सामाजिक विभेद आदिजस्ता विभिन्न विषयमा थुप्रै महाकाव्य लेखनकार्य भइसकेको र भइरहेको छ ।

यसरी आधुनिक नेपाली महाकाव्यको पूर्वार्द्ध प्रथमचरण स्वच्छन्दतावादी, परिष्कारवादी महाकाव्य धारा र उत्तरार्द्ध दोस्रो चरण समसामयिक धाराका समस्त महाकाव्यहरूमा यिनै माथि उल्लेखित विशेषताहरू पाइन्छन् ।

**परिच्छेद चार कुमारगौरव महाकाव्यको विश्लेषण**सँग सम्बन्धित छ । यसमा महाकाव्यका विविध तत्त्वहरूका आधारमा **कुमारगौरव** महाकाव्यको विश्लेषण गरिएको छ । वि.सं. २०६२ साल अर्थात् समसामयिक धारामा देखापरेको यस कुमारगौरव महाकाव्यमा कवि गौतमले आफ्ना आदर्श गुरु कुमारलाई नायक बनाएर यिनकै जीवनी व्यक्तित्वमा केन्द्रित भई कथावस्तु अगाडि बढाएका छन् । १६२ पृ. र १४ सर्गमा संरचित यस महाकाव्यमा ९०५ श्लोक छन् । कुमारको कुलवर्णन, जन्म, विवाह, अध्ययन, प्राध्यापन, पत्नीवियोग, पुनर्विवाह, मृगौला प्रत्यारोपण आदिजस्ता विविध घटनाक्रममा महाकाव्यले पूर्णता पाएको छ । वार्णिक

छन्द र लोक (झ्याउरे) छन्दको प्रयोग गरी लेखिएको यस महाकाव्यमा नेपाल-भारतका विभिन्न भौगोलिक स्थलगत परिवेश, त्यसैगरी रात-दिन, सूर्योदय, सन्ध्याकालगत परिवेश र नदीनाला, ऋतु, बगैँचा आदि प्राकृतिक परिवेशको पनि चित्रण गरिएको छ ।

कुमारलाई नायक र यिनका पत्नीद्वय लक्ष्मी र सरस्वतीलाई नायिका बनाएर लेखिएको यस महाकाव्यमा यथार्थ जीवनसँग सम्बन्धित चरित्रकेन्द्री विषयवस्तु अँगालेका छन् । गतिशील पात्रका रूपमा देखापरेका यी प्रमुख पात्रहरूबाहेक सहायक र साङ्केतिक पात्रहरू पनि प्रयोग गरिएका छन् । छन्दोबद्ध लयको कुशल संयोजन भएको यस महाकाव्यमा अनुष्टुप् छन्दको सफल प्रयोग भएको छ । झ्याउरे, वंशस्थ, शिखरिणी, मालिनी, इन्द्रवज्रा आदिजस्ता ११२ वटा छन्दको प्रयोग भएको छ ।

कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति जस्ता मिश्रित किसिमको कथनपद्धति पाइने यस महाकाव्यमा उपमा, रूपक, उत्प्रेक्षा, अनुप्रास आदि अलङ्कारहरूको राम्रो संयोजन गरिएको छ । यसमा करुण रस, अङ्गी रस र शान्त, शृङ्गार आदि रस अङ्ग रसका रूपमा अभिव्यक्त भएका छन् ।

यसरी स्वच्छन्दतावादी भाव र शैलीशिल्पमा परिष्कारका साथ **कुमारगौरव** महाकाव्य रचना गरिएको छ । मानवतावादी दृष्टिकोण राख्ने गौतमले यस महाकाव्यमा पश्चिमी सभ्यताले गाँज्दै आएको नेपाली समाजमा पूर्वीय संस्कृतिको अस्तित्व खोजी गर्नु अर्थात् वैदिक परम्परालाई बिर्सन नहुने मान्यता अघि सारेका छन् । यसमा उनले पौराणिक कालदेखि चलिआएको गुरु-शिष्य परम्परालाई बिर्सेर पश्चिमी संस्कारलाई अँगाल्नु किमार्थ राम्रो होइन भन्ने आदर्शको स्थापना गर्न खोजेका छन् ।

प्रस्तुत महाकाव्यमा नायक कुमारका माध्यमबाट नेपाली समाजमा साहित्य रचना गर्ने अथवा शिक्षण पेसामा लाग्नेहरूको आर्थिक अवस्थाका बारेमा चर्चा गर्दै सामान्य परिवारमा जन्मेका नेपाली जसले शुद्ध शिक्षण पेसा अँगालेका छन् उनीहरूको आर्थिक विपन्नतालाई देखाउन खोजिएको छ ।

प्रस्तुत महाकाव्यमा प्रयुक्त विषयवस्तुका आधारमा महाकाव्यको वस्तु-विश्लेषण गरी सार अंश प्रस्तुत गरिएको छ । यस काव्यमा केन्द्रित वस्तुसन्दर्भ र विषयहरूका आधारमा गुरु-परम्पराप्रति मोह, आध्यात्मिक चेतना, विसङ्गतिबोध, मानवतावाद, नारीधर्मिताजस्ता वस्तुसन्दर्भहरूको पनि विश्लेषण गरिएको छ । **कुमारगौरव** महाकाव्य पूर्वीय दर्शन, अध्यात्म चेतनाबाट प्रभावित भएको स्वच्छ रचना हो । यसमा गुरुको महिमागान पनि गरिएको छ ।

नायक कुमारको जीवनवृत्तमा घटित घटनाहरूको शृङ्खलामा संरचित हुनाले प्रस्तुत महाकाव्यमा कुमार र पत्नीद्वय लक्ष्मी र सरस्वतीको जीवनका विभिन्न उतारचढावहरूलाई चित्रण गरिएको छ ।

**परिच्छेद पाँच उपसंहार**सित सम्बन्धित छ । यसमा प्रस्तुत शोधका अध्यायगत सारसङ्क्षेप प्रस्तुत गरिएको छ । प्रथम परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा महाकाव्यको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा महाकाव्यको विकासक्रम, महाकाव्यकार नारायणप्रसाद गौतम र चौथो परिच्छेदमा **कुमारगौरव** महाकाव्यको विश्लेषणको क्रमश: सारसङ्क्षेप दिइएको छ । अन्तमा, समग्र मूल्याङ्कन प्रस्तुत गरिएको छ ।

## ५.२ समग्र मूल्याङ्कन र निष्कर्ष

कविता काव्य सिर्जनामा निरन्तर सक्रिय कवि नारायणप्रसाद गौतमको प्रस्तुत **कुमारगौरव** महाकाव्य नेपाली महाकाव्य परम्परामा गुरुगौरव महाकाव्यका रूपमा देखापरेको छ । यस महाकाव्यमा वैद्धिक मान्यता र स्वसंस्कृतिप्रति आध्यात्मिक चेतना र मोह झल्किएको पाइन्छ । यस महाकाव्यको विषयवस्तुलाई कविले आफ्नो बौद्धिक चिन्तन र अन्तर्निहित सीपले सिँगारेर प्रस्तुत गरेका छन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवर्तन सँगसँगै परिवर्तित आजको नेपाली पुस्ता राष्ट्रिय स्वार्थमा भन्दा व्यक्तिगत स्वार्थमा बढी तल्लीन भएको छ । फलत: स्वसंस्कृतिलाई बिर्सिएर पश्चिमी शैली र संस्कारको नक्कल गर्ने प्रवृत्ति बढ्दो छ ।

यसैगरी राष्ट्रमा विद्यमान आर्थिक असमानताका कारण गरिबवर्गहरू यसको प्रत्यक्ष चोट खप्नबाध्य छ भन्ने सन्देश पनि महाकाव्यले दिन खोजेको छ ।

आधुनिक नेपाली महाकाव्यको समसामयिक धारामा देखापरेको यस कुमारगौरव महाकाव्यमा स्वच्छन्दभाव र परिष्कृत शैलीमा लेखिएको छ । कविका आदर्श गुरु कुमारको जीवनवृत्तमा आधारित यस महाकाव्यमा कविको आफ्नो काल्पनिक भावपक्ष र प्रतिभाका कारण उत्कृष्ट रचना बन्न पुगेको छ ।

गौतमको काव्यकारिताको मूल्याङ्कन गर्दा प्रारम्भमा फुटकर कविता लेखनबाट यात्रा आरम्भ गरी २०५४ सालपछि मात्र उनी काव्यकारका रूपमा चिनिएका छन् । उनका काव्यकृतिहरूमा धार्मिक सहिष्णुता, प्रेमप्रतिको रागात्मकता, प्राकृतिक प्रेम, नारी संवेदना एवम् सामाजिक कुरीति-कुसंस्कारका कुराहरूलाई सहज र स्वत: स्फूर्त रूपमा प्रस्तुत गरी काव्यात्मक क्षेत्रमा उनी स्थापित भएका छन् ।

कवि गौतम युगीन सन्दर्भलाई उजागर गरी काव्यात्मक रूप दिने सफल कवि हुन् । उनका काव्यकृतिहरूमा परिवर्तनका स्वरहरू तथा राष्ट्रप्रेम, नारी संवेदनाजस्ता विषयमा भावुक स्वर दिएको पाइन्छ । समसामयिकतालाई अनुशरण गर्दै सामाजिकता, आञ्चलिकता, स्थानीयता, प्रकृतिप्रेम र रतिरागात्मक देशभक्ति भावना र आधुनिकता उनका काव्यगत प्रवृत्ति हुन् ।

**कुमारगौरव** सम्बर्द्ध रचना हो । यसको आरम्भ वस्तु निर्देशात्मक मङ्गलाचरणको रूपबाट भएको छ । यसको आख्यान कविका गुरुको कथावस्तुमा आधारित छ । अर्थात् लखेकले आफ्ना आदर्श गुरुलाई काव्य-महाकाव्यका नायक बनाएका छन् । जो शास्त्रीय लक्षणअनुसार धीरोदत्त छन् । करुणरस, अङ्गीरस र अन्य रसहरू अङ्गरसका रूपमा अभिव्यक्त भएका छन् । चार पङ्क्तीय श्लोक भएको उक्त महाकाव्यमा १४ सर्ग छन् । एक सर्गमा एकभन्दा बढी छन्द प्रयोग भएको छ । सर्गान्तमा छन्द परिवर्तन र भावी कथानकको सङ्केत पाइन्छ । यसैगरी सूर्योदय, प्रभात, गाउँ, नगर, प्रेम, विवाह, प्रकृति, सौन्दर्य आदि परिवेशहरूको आलङ्कारिक वर्णन पाइन्छ । नायकको नामबाट नामकरण गरिएको यस महाकाव्य सुखान्त छ ।

यसमा सत्पात्रका रूपमा आएका नायक कुमारको प्रसिद्ध कथानकमा आधारित कविकल्पित विषयवस्तु पाइन्छ । छन्दोबद्ध अन्तरलयको कुशल संयोजनका कारण कवित्वले आख्यानलाई सूत्रबद्ध रूपमा समेटेको छ ।

**कुमारगौरव** महाकाव्यले नेपाली महाकाव्यको समसामयिक धारामा एउटा ईंटा थपेको छ । अर्थात् पश्चिमी सभ्यतातिर ढल्किएको नेपाली संस्कृतिप्रति चासो देखाउँदै गुरु-शिष्य परम्पराको पूर्वीय मान्यतालाई पुनः स्थापित गर्नुपर्ने धारणा अघि सारेका छन् । गुरुलाई ईश्वरको प्रतीक मानिने हाम्रो वैदिक परम्परालाई स्मरण गर्दै आजभोलिको गुरु-शिष्य परम्पराप्रति खेद व्यक्त गरेका छन् । भावुक स्वभावका कवि गौतमले स्वच्छन्द धारामा व्यक्त गरेको उक्त महाकाव्यको आशय नेपाली महाकाव्यको इतिहासमा नौलो आयाम हुनसक्छ ।

गौतम नेपाली साहित्यका एक स्तरीय कवि तथा काव्यकार हुन् । उनले गद्य र पद्य दुवै विधामा कलम चलाएका छन् । उनको बढी झुकाव भने पद्य विधामा नै देखिन्छ । कवि व्यक्तित्व, महाकाव्यकार व्यक्तित्व, समालोचक, निबन्धकार व्यक्तित्वका रूपमा समेत परिचित गौतमका काव्यकृतिहरू पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजित छन् । पूर्वार्द्ध चरण आभ्यासिक रूपमा देखिए पनि उत्तरार्द्ध चरणमा अपेक्षाकृत परिमार्जित देखिन्छन् ।

नेपाली साहित्यका कविता, निबन्ध, प्रबन्ध, खण्डकाव्य, महाकाव्य आदि विधामा कलम चलाउने गौतम कविताकाव्यमा आफूलाई बढी चिनाएका छन् । सामाजिकता, स्थानीयता, प्रकृतिप्रेम, देशप्रेम, नारी संवेदनाप्रति सहानुभूति, रतिरागात्मकता जस्ता विविध काव्यका

विषयवस्तु उठान गरेर काव्यकृतिहरू लेखेका छन् । स्वच्छन्दतावाद, अध्यात्मवाद, मानवतावाद, सामाजिक यथार्थवाद, विसङ्गतिवाद आदि उनका महाकाव्यगत प्रवृत्तिहरू हुन् ।

सरल र सुवोध्य भाषाशैलीको प्रयोग गरेर उनले लोकजीवनको यथार्थ कुराहरूलाई, मानवीय चाहना र भावनाहरूलाई यथार्थपरक रूपबाट प्रस्तुति दिएको पाइन्छ । नेपाली काव्य साहित्यको इतिहासमा **कुमारगौरव** (२०६२) महाकाव्य गुरु गौरवगानसहितको महाकाव्य हो । गुरुको महिमागानमा आधारित यस महाकाव्य समसामयिक धारमा थप आयाम हो ।

कुमारगौरव महाकाव्यमा गुरुभक्तिको श्रद्धाभाव व्यक्त भएको छ । कविले यस महाकाव्यमा तत्सम, तद्भव र झर्रो नेपाली भाषाको प्रयोग गरेका छन् । गुरु गरिमालाई काव्यको विषय बनाइएको महाकाव्यगत प्राप्तिका रूपमा यो नेपालीमा एउटा मौलिक र नवीन महाकाव्यका रूपमा स्थापित हुनेछ ।

# सन्दर्भसूची

## पुस्तकसूची


अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., कमल पोखरी, २०५० ।

अवस्थी, महादेव, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्च्युअल्स बुक प्यालेस, २०६४ ।

आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य**, काठमाडौँ : टि.यु. बुक सेन्टर, २०६४ ।

गैरे, ईश्वरीपप्रसाद, **नेपाली कविता काव्य र समालोचना**, काठमाडौँ : सुजाता प्रकाशन, २०६३ ।

____________, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठामाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज, २०६२ ।

गौतम, नारायणप्रसाद, **कुमारगौरव महाकाव्य**, तनहुँ : .............................., २०६२ ।

____________, **नेपाली महाकाव्य : सिद्धान्त र विवेचना**, काठमाठौँ : दीक्षान्त प्रकाशन, २०६६ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

____________, **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन, २०६६ ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद, **नेपाली कविता र काव्य**, काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी, २०६२ ।

देवकोटा, लक्ष्मीप्रसाद, **सुलोचना**, आठौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०६४ ।

**नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौ : ने.रा.प्र.प्र., २०६० ।

शर्मा, ताना, **नेपाली महाकाव्यको सङ्क्षिप्त इतिहास**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

शर्मा, विनयकुमार, **नेपाली महाकवि र महाकाव्य**, काठमाडौँ : भाभा पुस्तक भण्डार, २०५८ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यतावाद र प्रणाली**, काठमाडौँ : साझा प्रकाशन, २०५१ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा-सृष्टि, द्रष्टा-दृष्टि**, काठमाडौँ : साझा प्रकाशन, २०४३ ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग १**, चौथो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०५० ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता, भाग ४**, दोस्रो.संस्क., काठमाडौँ : साझा प्रकाशन, २०५३ ।

## शोधपत्रसूची

खनाल, गोविन्दराम, **चिसोचुल्हो महाकाव्यको सङ्क्षिप्त अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा, केन्द्रीय विभाग, काठमाडौँ, २०५४ ।

खरेल, उमा, **शाकुन्तल महाकाव्यको समाज शास्त्रीय अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., पद्मकन्या क्याम्पस, नेपाली भाषा शिक्षा, केन्द्रीय विभाग, २०५२ ।

पाण्डे, लक्ष्मी, **कवि खेचरनाथ नेपालको नल दमयन्ती खण्डकाव्यको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा, केन्द्रीय विभाग, भरतपुर, २०६६ ।

लुइटेल, उमानाथ, **मानव महाकाव्यको कृतिपरक अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा, केन्द्रीय विभाग, कीर्तिपुर, २०६१ ।

सापकोटा, रमा, **नारायणप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली भाषा शिक्षा, केन्द्रीय विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६५ ।

## पत्रपत्रिका सूची

**मधुपर्क**, वर्ष ३९, अङ्क २, गोरखापत्र संस्थान, काठमाडौँ : २०६३ ।